
रोहिणी गाउँपालिका १ र २ नं. वडा भएर बग्ने रोहिणी नदीको विभिन्न बगर खण्डबाट वातावरणमैत्री रूपमा ढुङ्गा, मिस्कट, बालुवा, माटो र भस्कट (नदीजन्य पदार्थ) सङ्कलन तथा उत्खनन् कार्यका लागि तयार गरिएको

# प्रारम्भिक वातावरणीय परीक्षण अन्तिम प्रतिवेदन




पेश गरिएको

**रोहिणी गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**रुपन्देही, लुम्बिनी प्रदेश, नेपाल**

प्रस्तावक

**रोहिणी गाउँपालिका**
**रुपन्देही, लुम्बिनी प्रदेश, नेपाल**

**माघ, २०८२**

# प्रस्तावकको घोषणापत्र

**प्रतिवेदनको शीर्षक :** रोहिणी गाउँपालिका १ र २ नं. वडा भएर बग्ने रोहिणी नदीको विभिन्न बगर खण्डबाट वातावरणमैत्री रूपमा ढुङ्गा, मिस्कट, बालुवा, माटो र भस्कट (नदीजन्य पदार्थ) सङ्कलन तथा उत्खनन् कार्यका लागि तयार गरिएको **प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन (IEE) ।**

**प्रस्तावको नाम र ठेगाना :** रोहिणी गाउँपालिका, रुपन्देही, लुम्बिनी प्रदेश, नेपाल ।

**परामर्शदाताको नाम र ठेगाना :** चन्द्रा रिसर्च कन्सल्टेन्सी प्रा.लि.,पाणिनि ६, अर्घाखाँची ।

चन्द्रा रिसर्च कन्सल्टेन्सी प्रा.लिलाई रोहिणी गाउँपालिकाले प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन तयार गर्ने जिम्मेवारी उपलब्ध गराएको छ । परामर्श संस्थाले प्रस्तावित रोहिणी गाउँपालिका १ र २ नं. वडा भएर बग्ने रोहिणी नदीको विभिन्न वगरखण्डको प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन तयार गरेको छ । पेश गरिएको प्रतिवेदन उपर प्रस्तावकको तर्फबाट निम्न घोषणा गर्दछु ।

१. हामीले अध्ययन टोलीलाई सही, सान्दर्भिक सूचना र जानकारी उपलब्ध गराएका छौँ ।

२. हामीले परामर्श संस्थालाई व्यवसायिक र स्वतन्त्रतापूर्वक अध्ययन गर्न अनुमति उपलब्ध गराएका छौं ।

३. हामीले प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन अध्ययन गरेका छौ र समाविष्ट विषवस्तुसँग जानकार छौँ ।

४. यस प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदनको **वातावरणीय व्यवस्थापन योजनामा** प्रस्तुत भएका कार्यहरूको परिपालना गर्ने र भविष्यमा देखा पर्नसक्ने अन्य प्रभावको न्यूनीकरण गर्ने छौँ ।

५. स्वीकृत प्रतिवेदन अनुसार प्रस्ताव कार्यान्वयन गर्न प्रतिबद्धता जाहेर गर्दछौँ ।

**हस्ताक्षर :**

**पद :** प्रमुख प्रसासकीय अधिकृत

ठेगाना : रोहिणी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, रुपन्देही, लुम्बिनी प्रदेश, नेपाल ।

**मिति : २०८२/१०/**

**आधिकारिक छाप :**

# परामर्श संस्थाकोघोषणापत्र

**प्रतिवेदनको शीर्षक :** रोहिणी गाउँपालिका १ र २ नं. वडा भएर बग्ने रोहिणी नदीको विभिन्न वगर खण्डबाट वातावरणमैत्री रूपमा ढुङ्गा, मिस्कट, बालुवा, माटो र भस्कट (नदीजन्य पदार्थ) सङ्कलन तथा उत्खनन् कार्यका लागि तयार गरिएको **प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन (IEE) ।**

**प्रस्तावको नाम र ठेगाना :** रोहिणी गाउँपालिका, रुपन्देही, लुम्बिनी प्रदेश, नेपाल ।

**परामर्शदाताको नाम र ठेगाना :** चन्द्रा रिसर्च कन्सल्टेन्सी प्रा.लि, पाणिनि -६, अर्घाखाँची ।

रोहिणी गाउँपालिकाद्वारा चन्द्रा रिसर्च कन्सल्टेन्सी प्रा.लिले प्रस्तावित रोहिणी गाउँपालिका १ र २ नं. वडा भएर बग्ने रोहिणी नदीको विभिन्न वगर खण्डको प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन तयार गरेको छ । पेश गरिएको प्रतिवेदन उपर परामर्श संस्थाको तर्फबाट निम्न घोषणा गर्दछु :

१. प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदनमा हामी अध्ययन टोली सदस्यको रुपमा सङ्लग्न छौं ।
२. हामी सम्मिलित अध्ययन टोलीले यो अध्ययन व्यवसायिक र स्वतन्त्रतापूर्वक, उचित अध्ययन विधिको प्रयोग गरि प्रतिवेदन तयार गरिएको छ ।
३. अध्ययनले पत्ता लगाएका विषयवस्तुहरु हाम्रा ज्ञान/जानकारी अनुसार सही/साँचो हुन्, यसमा प्रयोग गरिएका तथ्याङ्क तथा जानकारी नियतवस तोडमोड गरिएको छैन ।
४. प्रतिवेदनमा समावेश भएको कार्यक्षेत्र भित्रको कुनै पनि तथ्याङ्क तथा जानकारीमा तोडमोड भेटिएमा जिम्मेवार हुनेछौं ।
५. हामीले प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन अध्ययन गरेका छौं ।

हस्ताक्षर :
परामर्श संस्थाको तर्फबाट कार्यकारी निर्देशक : इन्द्रमणि पौडेल
परामर्श संस्था : चन्द्रा रिसर्च कन्सल्टेन्सी प्रा.लि, पाणिनि ६, अर्घाखाँची
मिति : २०८२/१०/२१
**परामर्श संस्थाको छाप :**

# कार्यकारी सारांश

## १. पृष्ठभूमि

लुम्बिनी प्रदेश, रुपन्देही जिल्ला, रोहिणी गाउँपालिकाको तर्फबाट चन्द्रा रिसर्च कन्सल्टेन्सी प्रा.लिले प्रारम्भिक वातावरणीय परीक्षण (प्रावाप) प्रतिवेदन तयार गरिएको छ। रोहिणी गाउँपालिका क्षेत्रभित्र पर्ने रोहिणी नदीको विभिन्न वगर खण्डबाट वातावरणमैत्री रूपमा ढुङ्गा, मिस्कट, बालुवा, माटो र भस्कट (नदीजन्य पदार्थ) सङ्कलन तथा उत्खनन् कार्यका लागि रहेको छ । प्रस्तावित रोहिणी नदीबाट ढुङ्गा, मिस्कट र बालुवालाई वातावरणमैत्री रूपमा सङ्कलनर उत्खनन् गर्ने तयार गरिएको प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन रहेको छ। अध्ययनको मुख्य उद्देश्य रोहिणी नदीको विभिन्न वगर खण्डबाट ढुङ्गा, मिस्कट र बालुवा सङ्कलन गर्दा भौतिक, जैविक, सामाजिक-आर्थिक र साँस्कृतिक वातावरणका क्षेत्रमा पर्न सक्ने सकारात्मक तथा नकारात्मक असरको पहिचान तथा मूल्याङ्कन गर्नु रहेको छ । सकारात्मक प्रभावहरूलाई अभिवृद्धि तथा नकारात्मक प्रभावहरूलाई न्यूनीकरण गर्नको लागि सम्भावित असरको आँकलन गर्नु रहेको छ । यसको रोकथामको लागि वैकल्पिक उपायको खोजी गर्नु र आगामी समयमा हुन सक्ने सम्भावित नकारात्मक प्रभावलाई रोक्नु वा कम गर्नु रहेको छ। वातावरण संरक्षण नियमावली २०७७ को अनुसूची ११ नियम ७ को उपनियम (५) को खण्ड (ख) सँग सम्बन्धित, सङ्घीय मामिला तथा सामान्य प्रसासन मन्त्रालयले तयार गरेको वातावरणीय परीक्षण स्रोत पुस्तिका २०७०, रोहिणी गाउँपालिकाको संक्षिप्त वातावरणीय अध्ययन तथा प्रारम्भिक वातावरणीय परीक्षण कार्यविधि, २०७८ र रोहिणी गाउँपालिकाले बनाएको कार्यसूचीका आधारमा प्रतिवेदन तयार गरिएको छ।

प्रारम्भिक वातावरणीय परीक्षण (प्रावाप) तयार गर्दाको अवधिमा प्रकाशित एवम् अप्रकाशित प्रतिवेदनहरू, स्थलगत अध्ययन तथा नक्साहरूको माध्यमद्वारा सूचना सङ्कलन गरिनुका साथै प्रस्तावित क्षेत्रमा प्रश्नावली, सामूहिक छलफल तथा अन्तरक्रिया गरी प्राथमिक तहका सूचना सामग्री सङ्कलन गरीएको छ । उपयुक्त विधिको प्रयोग गरी प्राथमिक तथा द्वितीय सूचनाको विश्लेषणसमेत गरिएको छ। विज्ञहरूको अनुभव, नक्साङ्कन जस्ता विधिको प्रयोग गरी अनुकूल तथा प्रतिकूल प्रभावहरूको पहिचान तथा आङ्कलन गरीएको छ । प्रभावको उल्लेखनीय मूल्याङ्कन कार्यका लागि छलफल, विज्ञहरूसँग परामर्श, राष्ट्रिय नीति, कानूनको समीक्षा तथा स्थानीय संस्कृतिलाई समेत अध्ययन गर्दै प्रभावहरूको मूल्याङ्कन गरिएको छ।

## २.संविधान, नीति, ऐन, नियमावली, निर्देशिका, कार्यविधि र दिग्दर्शन, अन्तर्राष्ट्रिय सन्धि/महासन्धी, मापदण्ड, गुरूयोजना, रणनीति, आदेश, आवधिक योजना

प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन तयार गर्दा विद्यमान ऐन, नियमहरूको विस्तृत अध्ययन गरिएको छ । नेपालको संविधान २०७२ को धारा ३० को उपधारा (१) मा "प्रत्येक नागकिलाई स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने हक हुने छ"भन्ने मौलिक हकको व्यवस्था रहेको छ । धारा ५१ (छ) मा रहेको राज्यका निर्देशक नीतिहरूमा देशमा उपलब्ध प्राकृतिक स्रोत साधनको संरक्षण, सम्बर्दन र वातावरण अनुकूल दिगो रूपमा उपयोग गर्ने, औद्योगिक एवम् भौतिक विकासबाट वातावरणमा पर्न सक्ने जोखिमलाई न्यूनीकरण गर्दै वन, वन्यजन्तु, वनस्पति तथा जैविक विविधताको संरक्षण, सम्वर्द्धन र दिगो उपयोग गर्ने जस्ता विषय उल्लेख रहेको छ ।

त्यस्तै गरी **नीतिहरू**को अध्ययन गरिएको छ । राष्ट्रिय वातावरण नीति २०७६, राष्ट्रिय जलवायु परिवर्तन नीति २०७६, भू-उपयोग नीति २०७२, राष्ट्रिय शहरी नीति २०६४, विपद् जोखिम न्यूनीकरण राष्ट्रिय नीति २०७५ र राष्ट्रिय स्वास्थ्य नीति २०७६को अध्ययन गरिएको छ ।

**ऐनहरूको अध्ययन गरिएको छ ।** वातावरण संरक्षण ऐन २०७६, लुम्बिनी प्रदेश वातावरण संरक्षण ऐन २०७७, रोहिणी गाउँकार्यपालिकाको वातावरण तथा प्राकृतिक स्रोत संरक्षण ऐन, २०७७, वन ऐन २०७६, निकासी पैठारी (नियन्त्रण) ऐन २०१३, खानी ऐन २०४२, (संसोधन २०५०), सङ्कटापन्न वन्यजन्तु तथा वनस्पतिको अन्तर्राष्ट्रिय व्यापार नियन्त्रण ऐन २०७३ औद्योगिक व्यवसायिक ऐन २०७६ (सङ्घीय), भूमि सम्बन्धी ऐन २०२१, भू-उपयोग ऐन २०७६, खाद्य अधिकार तथा खाद्य सम्प्रभुता सम्बन्धी ऐन २०७५, उपभोक्ता हित संरक्षण ऐन २०७५, जनस्वास्थ्य सेवा ऐन २०७५, विद्युत् ऐन २०४९, सङ्क्रामक रोग ऐन २०२०, स्थानीय सरकार सञ्चालन ऐन २०७४, फोहोरमैला व्यवस्थापन ऐन २०६८, जलचर संरक्षण ऐन २०१७, नगर विकास ऐन २०४५, विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन २०७४, बाल श्रम (निषेध र नियमित गर्ने) ऐन २०५६, सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ (पहिलो संसोधन २०५०) बालबालिका सम्बन्धी ऐन २०७५, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन २०२९,भू तथा जलाधार संरक्षण ऐन २०३९,पर्यटन ऐन २०३५ (दोस्रो संसोधन), २०५३ दुर्लभ बन्यजन्तुको संरक्षण गर्न राष्ट्रिय निकुञ्ज तथा बन्यजन्तु संरक्षण ऐन २०४९, जलस्रोत ऐन २०४९ र विरूवा संरक्षण ऐन २०६४ सम्बन्धी अध्ययन गरिएको छ ।

**नियमावलीहरू:** जलचर (ठेक) नियम २०१९, वातावरण संरक्षण नियमावली २०७७, लुम्बिनी प्रदेश वातावरण संरक्षण नियमावली २०७७, औद्योगिक व्यवसाय नियमावली २०७६,जलस्रोत नियमावली २०५०, सिँचाइ नियमावली २०५६, विद्युत् नियमावली २०५०, भूमि सम्बन्धी नियमहरू २०२१, भू-उपयोग नियमावली २०७९, फोहोरमैला व्यवस्थापन नियमावली २०७०,

बिपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन नियमावली २०७६, श्रम नियमावली २०७५, बालश्रम (निषेध र नियमित गर्ने) नियमावली २०६२, जनस्वास्थ्य सेवा नियमावली २०७७, खानी तथा खनिज पदार्थ नियमावली २०५६ र पशु स्वास्थ्य तथा पशु सेवा नियमावली २०५६ (तेस्रो संसोधन) २०७० सम्बन्धी नियमावलीहरूको अध्ययन गरिएको छ ।

**निर्देशिका, कार्यविधिर दिग्दर्शन :** राष्ट्रिय वातावरणीय प्रभाव मूल्याङ्कन निर्देशिका २०५०, वन क्षेत्रको लागि वातावरणीय प्रभाव मूल्याङ्कन निर्देशिका २०५२, रोहिणी गाउँपालिकाको संक्षिप्त वातावरणीय अध्ययन तथा प्रारम्भिक वातावरणीय परीक्षण कार्यविधि, २०७८, EIA Guidelines for industry sector 1995, सामुदायिक वनको निर्देशिका २०५२, वातावरण निर्देशीका २०५७, वन क्षेत्रको लागि प्रारम्भिक वातावरणीय परीक्षणको कार्यसूची तथा प्रतिवेदनको दिग्दर्शन २०६१, लुम्बिनी प्रदेशको नदीजन्य पदार्थ व्यवस्थापन कार्यविधि २०७५, वन पैदावार सङ्कलन तथा विक्री वितरण निर्देशिका २०७३, घरेलु तथा साना उद्योग विभाग कार्यविधि दिग्दर्शन २०७२, को अध्ययन गरिएको छ ।

**अन्तर्राष्ट्रिय सन्धि/महासन्धी :** जैविक विविधता महासन्धि १९९२, बाल अधिकार महासन्धि १९९०, Convention concerning forced or compulsory labor, 1930 (ilo convention no. 29) र बहुपक्षीय वातावरणीय सम्झौताहरूको अध्ययन गरिएको छ ।

**मापदण्ड :** ढुङ्गा, गिटी, बालुवा उत्खनन् बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड २०७७, (पहिलो संसोधन, २०७९) वायुको गुणस्तर सम्बन्धी राष्ट्रिय मापदण्ड २०६९, ध्वनीको गुणस्तर सम्बन्धी राष्ट्रिय मापदण्ड २०६९, नेपाल सवारी प्रदुषण मापदण्ड २०६९ को अध्ययन गरिएको छ ।

**गुरूयोजना, दिगो विकास लक्ष्य र आदेश :** नेपाल सरकार, चुरे-तराई मधेश संरक्षण तथा व्यवस्थापन गुरूयोजना २०७४, दिगो विकास लक्ष्य सन् २०१६ देखि सन् २०३० २०६७/४/२१ गतेको सर्वोच्च अदालतको आदेश र सोह्रौंयोजना (२०८१/०८२ -२०८५/०८६) अध्ययन गरिएको छ ।

## ३.अध्ययन क्षेत्रको विद्यमान वातावरणीय अवस्था

प्रस्तावित क्षेत्रको जीवननिर्वाह गर्ने मुख्य आधार कृषि तथा पशुपंक्षींपालन व्यवसाय, ब्यापार र बैदेशिक रोजगार रहेका छन् । अध्ययन क्षेत्रभित्र राष्ट्रिय निकुञ्ज, संरक्षित क्षेत्र वा धार्मिक, साँस्कृतिक र ऐतिहासिक महत्त्वका क्षेत्र रहेका छैनन् । भौगोलिक दृष्टिकोणले प्रस्तावित क्षेत्र तराई मधेशमा पर्दछ । प्रस्ताव क्षेत्रको भू-वनावट तराई, समथर र साना बगर रहेका छन् । उत्तरी क्षेत्रबाट बगेर आउने ढुङ्गा, मिस्कट र बालुवाजस्ता नदीजन्य पदार्थ रोहिणी नदीले बगर क्षेत्रमा थुपारेको छ । प्रस्तावित क्षेत्रमा बलौटे, चिम्टाइलो, पाँगो र कालो माटो रहेको छ । यस

क्षेत्रमा ध्वनी र जल प्रदुषणको न्यून प्रभाव देखिन्छ । बढ्दो मानवीय क्रियाकलापहरू, नदीजन्य पदार्थ सङ्कलन/उत्खनन्का कारणले यहाँको भू-उपयोगमा परिवर्तन हुदै आएको पाइन्छ ।

विभिन्न किसिमका वनस्पतिहरू : सिसौ, खयर, सिमल, आँप, पिपल, वर, जामुन आदि प्रमुख वनस्पतिहरू पाइन्छन् । त्यस्तै घाँसे तथा बुट्यान बनस्पतिहरूमा काँस, खर, बाँस, निगालो, भोगटे र वयर पाइन्छ । औषधीजन्य बनस्पतिहरूमा दतिवन, असुरो, तितेपाती पाईन्छ । जङ्गली जनावरहरूमा चितुवा, स्याल मुख्य मांसहारी पाइन्छन् । अन्यमा नीलगाई, खरायो, बँदेल र बाँदर पाइन्छन् । घस्रने जातहरूमा छेपारो र सर्प सबैभन्दा बढी पाइने गर्दछ । उभयचरमा भ्यागुता पाइन्छ । पक्षींहरूमा : ढुकुर, काग, चिल, भँगेरा, कोइली, तित्रा, जुरेली, फिस्टा, चिबे, लामपुछ्रे, राजहँस र बकुल्ला आदि पाइन्छन् । जलचरहरूमा रोहु, मन्सार, मोही, हुन्डा, चेपुवा, टेंगना, असला, बाम, झिँगे, सिद्रा, मंगुर, गिराई, माहुर, अन्धाई, भुर, घोगी, कछुवार गङ्गटाहरू पाइन्छन् । जसमा कछुवा र गङ्गटा लोप हुन थालेका छन् ।

## ४.वातावरणीय प्रभाव र न्यूनीकरण

### ४.१ सकारात्मक प्रभाव

रोहिणी नदीको प्रस्तावित बगर क्षेत्रबाट नदीजन्य सामग्रीहरू सङ्कलन/उत्खनन् गर्दा भौतिक, जैविक, सामाजिक-आर्थिक तथा साँस्कृतिक वातावरणलाई असर पार्ने भएकोले प्रस्तावित क्षेत्रको प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदनमा प्रभावलाई निराकरण तथा न्यूनीकरण गर्ने उपायहरू प्राथमिकताका साथ पहिल्याईएको छ । प्रस्ताव कार्यान्वयनबाट रोहिणी नदीमा अनावश्यक रूपमा थुप्रिने गरेका नदीजन्य पदार्थ सही सदुपयोग हुनेछ । सम्भावित बाढी तथा नदी कटान जस्ता कार्यबाट वैरिहवा र सेमरपानी गाँउ बस्ती, स्थानीय विद्यालय, झोलुङ्गे पुल, कृषिभूमि, उत्तर पश्चिममा रहेको सामान्य वनजङ्गल, स्थानीय सडक र व्यवसायहरू सुरक्षित हुनेछन् । स्थानीयवासीको आयअर्जनमा वृद्धि हुनेछ । दक्ष र अर्धदक्ष कामदारलाई रोजगारीको सृजना भई जीवनस्तरमा सुधार आउँनेछ । गाउँपालिकाको राजश्वमा वृद्धि हुनेछ ।

### ४.२ नकारात्मक प्रभाव

प्रस्तावित कार्यबाट भौतिक, जैविक, सामाजिक-आर्थिक र साँस्कृतिक वातावरणमा प्रतिकूल प्रभाव पार्दछ । प्रस्तावित कार्यबाट वन तथा वनस्पतिलाई प्रत्यक्ष रूपमा नकारात्मक प्रभाव पर्दछ । नदीजन्य सामग्रीहरूको सङ्कलन/उत्खनन् र निकासीको समयमा उत्पन्न हुने धुलो पातमा बसिदिनाले रूखविरूवाको विकासमा बाँधा पुग्नेछ । उत्पादकत्त्वमा ह्रास आउन सक्दछ । मानिस तथा ट्रक, टिपर र ट्याक्टरको आवतजावत र त्यसबाट निस्कने ध्वनीबाट जीवजन्तु तथा तिनका बासस्थान, बसाइसराइ र चरन क्षेत्रमा प्रभाव पर्न सक्दछ । त्यस्तो प्रभाव स्थानीय छोटो तथा कम अवधीको हुनेछ । कहिलेकाँही देखिने तथा लोपोन्मुख जीवजन्तुमा कुनै प्रभाव पर्ने

देखिंदैन । ढुङ्गा, मिस्कट र बालुवा निकाल्ने कार्यबाट कामदारको सङख्या धेरै हुन गई जलचरमा प्रत्यक्ष असर पर्दछ ।

स्थानीय तथा क्षेत्रगत रूपमा स-साना समस्या देखिनेछ । ट्रक, टिपर र ट्याक्टरहरूको आवतजावत हुनाले स्थानीय सडकमा असर पर्ने देखिन्छ । ट्रक, टिपर र ट्याक्टरहरूबाट निस्कने धुँवा, धुलो र ध्वनीका कारण प्रदूषण हुनेछ । यद्यपी यस्तो प्रभाव स्थानीय रूपमा र मौसमी मात्रको हुने गर्दछ । सङ्कलन ⁄ उत्खनन् र सोसँग सम्बन्धित क्रियाकलापको कारणबाट नदीको पानी प्रदुषित हुनजान्छ । यो असर स्थानीय र छोटो अवधिको लागि मात्र हुन्छ । तथापि त्यसको लागि पूर्वसावधानी अपनाईने छ । उत्खनन् ⁄ सङ्कलन कार्यबाट स्थानीय मानिस, वस्तु तथा सेवालाई प्रत्यक्ष प्रभाव पर्दछ ।स्थानीय सामाजिक तथा साँस्कृतिक मूल्य र मान्यतामा पनि परिवर्तन हुन जान्छ । यो कार्य तुलनात्मक रूपमा सानो तथा मौसमी भएका कारणले त्यसको असर निकै सानो स्थानीय र अस्थायी प्रकृतिको हुने अनुमान गरिएको छ । कामदारहरूमा विभिन्न किसिमका जोखिम र स्वास्थ्यमा प्रतिकूल प्रभाव पर्न सक्नेछ । धुँवा र धुलोले श्वासप्रश्वास प्रक्रिया र आँखामा समस्या आउने गर्दछ । सङ्कलन ⁄ उत्खनन् र निकासी कार्यको समयमा चोटपटक लाग्ने र ट्रक, टिपर र ट्याक्टरहरूको आवतजावतका कारण सडक दुर्घटनाको सम्भावना बढ्नेछ । प्रदूषित पानी र सरसफाईको कमीले पानीजन्य रोग निम्त्याउन सक्ने देखिन्छ ।

## ४.३ असर न्यूनीकरणका उपाय

प्रस्तावित प्रभावित स्थान अल्पकालीन प्रकृतिका हुने भएकोले क्षती न्यूनीकरणका उपाय अवलम्बन गरेर प्रस्तावको कार्यान्वयन गरिने छ । वन्यजन्तुको सुरक्षाका लागि ट्रक, टिपर र ट्याक्टरहरू दिनमा मात्र चलाउने ब्यवस्था गरिनेछ । सङ्कलन ⁄ उत्खनन् र निकासी कार्य **सूर्योदयदेखि सूर्यास्तसम्म** मात्र गरिने छ । प्रत्यक्ष प्रभावित स्थानीय र सीमान्तकृत वर्गलाई नदीजन्य पदार्थ सहुलियत दरमा उपलब्ध गराउने व्यवस्था गरिनेछ । चोरी शिकारी नियन्त्रणका लागि कामदारको गतिविधि स्थानीय वासिन्दाको समन्वयमा अनुगमन गरिने छ । जलचरको वासस्थानको सुरक्षाको लागि पानी बग्ने क्षेत्र भन्दा वाहिरबाट तोकिएको ठाँउबाट मात्र सङ्कलन गरिनेछ । सुख्खा मौसममा खासगरी फागुन र चैत्र तिर धूलो उड्ने भएकोले आवश्यक स्थानमा पानी छर्किइने व्यवस्था गरिनेछ । नदीको पानी प्राकृतिक धारमा परिवर्तन हुनेगरी प्रस्तावित क्रियाकलाप गरिने छैन । सङ्कलन तथा उत्खनन् कार्य पानी बग्ने क्षेत्र भन्दा **५ मि बाहिरबाट** गरिने छ । पानीको बहावमा अवरोध हुने किसिमको कुनै पनि कार्य गरिने छैन । बाढी तथा कटानको सम्भावित प्रकोपलाई न्यूनीकरण तथा नियन्त्रण गर्नको लागि नदी किनारा वाहिर कुनैपनि प्रस्तावित क्रियाकलाप गरिने छैन । उत्खनन् तथा सङ्कलन कार्यमा ठूलाठूला ट्रक,

टिपर वा स्काभेटर जस्ता मेसिनरी औजारको प्रयोग गरिने छैन । मेसिनरी औजार प्रयोग गर्नु परेमा गाउँ कार्यपालिकाले निर्णय गरे बमोजिम आवश्यकत्तानुसार निश्चित समय, दिन र महिनाको जेसिबी प्लान बनाई गरिनेछ । नदीको पश्चिम दक्षिण तर्फ कटान र सिंचाइको मर्मत सम्भारका लागि सम्बन्धित निकायसँगको समन्वयमा बायोइन्जिनियरिङ्ग, तटबन्ध, ग्याविनवाल, बाँध, पर्खाल र छेकबार आदिको व्यवस्था गरिने छ । ट्रक, टिपरको परिवाहन भार क्षमता भन्दा बढी भार बोकेर सवारी चलाउने प्रवृतिलाई निरूत्साहित गरिने छ ।

## ५.वातावरणीय अनुगमन

वातावरणमैत्री रूपमा सङ्कलन⁄उत्खनन् कार्य गर्नका लागि अनुगमनलाई विशेष ध्यान दिइने छ । यस अन्तर्गत : आधाररेखा, नियमपालन र प्रभावको अनुगमनलाई जोड दिइने छ ।

### ५.१ आधाररेखा अनुगमन : यस अर्न्तगत निम्न पक्षको अनुगमन गरिने छ :

१. वर्षादको समयमा बाढी आउँदा नदी बग्ने सतहको अवस्था पहिचान गरिने छ ।
२. बाढी आउन सक्ने क्षेत्र तथा किनार कटानको पहिचान गरिने छ ।
३. वरपरको जङ्गल तथा वन्यजन्तुको चहलपहल र अवस्था अध्ययन गरिने छ ।
४. स्थानीय बस्ती, जनसङ्ख्यामा हुने परिवर्तन, व्यवसाय तथा आर्थिक गतिविधिको अध्ययन गरिने छ ।

### ५.२ नियमपालन अनुगमन

१.प्रारम्भिक वातावरणीय परीक्षणको सुझाव कार्यान्वयन भएको छ कि छैन भनी हेरिनेछ ।
२.ठेक्का र बोलपत्रका कागजात कार्यान्वयन प्रक्रियामा प्रारम्भिक वातावरणीय परीक्षणको न्यूनीकरणका उपायहरू उल्लेख गरिएको छ वा छैन ।
३. सङ्कलन तथा उत्खनन् कार्य प्रतिवेदनअनुसार भएको छ वा छैन ।

### ५.३ प्रभाव अनुगमन

१. नदी बग्ने सतह, नदिको गहिराई र तटीय किनाराको जिल्ला अनुगमन समिति र गा.पा. मार्फत नियमित अनुगमन,
२.वन, जङ्गलको अवस्था तथा पैदावार तथा वन्यजन्तुको चोरी शिकारी सम्वन्धी अनुगमन,
३.जलचरको विविधता तथा उपलब्धताको अनुगमन,
४.सङ्कलन⁄उत्खनन् क्षेत्रमा स्वास्थ्य तथा सरसफाई अवस्थाको अनुगमन,
५.वडा, निर्माण व्यवसायी र क्रसर उद्योगसँगको समन्वयमा सामाजिक अपराधको अनुगमन,
६.वायु, जल, धुलो र ध्वनी प्रदूषणको अवस्था ।

## ६. सारांश तथा सुझाव

रोहिणी गाउँपालिकाको समृद्धि उपलब्ध प्राकृतिक स्रोत, साधनहरूको सन्तुलित र दिगो प्रयोगद्धारा हुन सक्दछ । भौतिक विकासका क्रियाकलापहरू सञ्चालन गरी तिब्र आर्थिक वृद्धिदर हासिल भएमा मात्र समृद्धि सम्भव हुन सक्छ । रोहिणी नदीको विभिन्न स्थानहरूमा भएका उपलब्ध ढुङ्गा, मिस्कट तथा बालुवा महत्त्वपूर्ण प्राकृतिक स्रोत मात्र नभै विकास निर्माणका लागि अनिवार्य सामग्री रहेका छन् । यसलाई पर्यावरणीय रूपमा सुरक्षित गरी दिगो रूपमा सङ्कलन, उत्खनन् भएमा मात्र वातावरणको संरक्षण हुन्छ । हाम्रो जस्तो विकासोन्मुख मुलुकमा विकास र वातावरण बिचको सन्तुलन कायम गर्दै भौतिक विकासका क्रियाकलाप सञ्चालन गर्न अनिवार्य हुन्छ । नदीजन्य पदार्थ सङ्कलन तथा उत्खनन् कार्यबाट भौतिक, जैविक, सामाजिक-आर्थिक र साँस्कृतिक वातावरणमा पर्ने नकारात्मक प्रभाव भने स्थानीय प्रकृतिको तथा छोटो अवधिको मात्र हुनेछ। प्रतिकूल प्रभावलाई उचित तरिकाबाट घटाउन तथा सामाधान गर्न सकिनेछ। अनुमती दिइएको भन्दा बढी सङ्कलन/उत्खनन् कार्य गर्नेलाई कानूनको मातहातमा ल्याइने छ। प्रस्ताव कार्यान्वयनबाट स्थानीय बासिन्दालाई रोजगारीको अवसर सृजना हुनेछ। थुप्रिएर रहेको नदीजन्य पदार्थ झिक्दा नदीको पश्चिम पट्टीको क्षेत्रमा बाढीको खतरा कम हुनेछ। राजश्व सङ्कलनमा योगदान पुग्ने छ। प्रारम्भिक वातावरणीय परीक्षण अध्ययनले स्थानीय वातावरणमा पर्ने प्रभावलाई सम्बोधन गरेको छ । प्रभाव न्यूनीकरण तथा अनुगमन कार्यलाई प्रभावकारी रूपमा कार्यान्वयन गरिने छ ।

वातावरणीय प्रभाव न्यूनीकरणका उपायहरू, नदीजन्य पदार्थको उपयोग एवम् वातावरण सम्बन्धी विद्यमान नीति तथा कानूनको अध्ययन गरिएको छ । प्रतिवेदनमा उल्लेखित वातावरणीय व्यवस्थापन योजना पूर्णरूपमा कार्यान्वयन गरिनेछ । संविधान, नीति, ऐन, नियम, कार्यविधि, सङ्घीय, प्रदेश सरकार, सम्मानित सर्वोच्च अदालतले गरेको निर्णय, गाउँ कार्यपालिकाको निर्णय र प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदनको अधिनमा रही नदीजन्य पदार्थ सङ्कलन/उत्खनन् कार्यलाई कार्यान्वयन गरिनेछ । वर्तमानमा पहिचान वा आँकलन गर्न नसकिएका तर नदीजन्य पदार्थ सङ्कलन तथा उत्खनन् कार्यको समयमा देखा पर्न सक्ने सम्भावित वातावरणीय प्रभावहरूलाई गाउँपालिकाले आफ्नै स्रोतमा हटाउने वा घटाउने कार्य समेत गरिनेछ । प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदनमा उल्लेख भएका वातावरणीय व्यवस्थापन योजनाहरू साथै प्रभाव न्यूनीकरणका उपायहरूलाई अवलम्बन गर्दै नदीजन्य पदार्थ सङ्कलन/उत्खनन् कार्य गरिनेछ ।

# सङ्क्षेपीकरणकोसूची

| | | |
|---|---|---|
| आ.व. | : | आर्थिक वर्ष |
| औं. | : | औषत |
| क्र.सं. | : | क्रम सङ्ख्या |
| कि.मि. | : | किलोमिटर |
| क्यू फि | : | क्यूविक फिट |
| क्यू मि | : | क्यूविक मिटर |
| गा.पा. | : | गाउँपालिका |
| गैसस | : | गैर सरकारी संस्था |
| घ.मि. | : | घन मिटर |
| जि.अ.स. | : | जिल्ला अनुगमन समिति |
| जि.प्र.का. | : | जिल्ला प्रसासन कार्यालय |
| जि.स.स. | : | जिल्ला समन्वय समिति |
| टो.वि.स. | : | टोल विकास समिति |
| डि.व.का. | : | डिभिजन वन कार्यालय |
| न. | : | नम्बर |
| न.पा. | : | नगरपालिका |
| प्रा.लि. | : | प्राइभेट लिमिटेड |
| प्रावाप. | : | प्रारम्भिक वातावरणीय परीक्षण |
| फो.नं. | : | फोन नम्वर |
| रोगा | : | रोहिणी गाउँपालिका |
| वि.सं. | : | विक्रम सम्बत् |
| मापसे | : | मादक पदार्थ सेवन |
| मि. | : | मिटर |
| मो.नं. | : | मोवाइल नम्वर |
| ब.सु.प. | : | बर्दघाट रोहिणी पश्चिम |
| सानिसा | : | सार्वजनिक निजि साझेदारी |
| सावउस | : | सामुदायिक वन उपभोक्ता समिति |
| CITES | : | Convention on International Trade in Endangered Species |
| db | : | Decibel |
| E | : | East Longitude |

| | | |
|---|---|---|
| EIA | : | Environmental Impact Assessment |
| GPS | : | Global Positioning System |
| GIS | : | Geographic Information System |
| IEE | : | Initial Environmental Examination |
| LRMP | : | Land Resource Mapping Project |
| N | : | Northern Latitude |
| ToR | : | Terms of Reference |

# अध्याय एक : परिचय

## १.१ प्रस्तावक परिचय

रोहिणी गाउँपालिका रूपन्देही जिल्लाको पूर्वी दक्षिण भागमा अवस्थित छ । साबिकका ६ गाउँ बिकास समितिहरू (धकधई, बगाहा, पजरकट्टी, पोखरभिण्डी, छिपागढ र बोदबार) लाई मिलाएर बनाईएको छ । गाउँपालिका पूर्वीपश्चिम हुलाकि सडक अन्तर्गत भैरहवा धकधई खण्डको उत्तरदक्षिण, ८३.५४९७४२ पूर्वी देशान्तर र २७.५१२१३० उत्तर अक्षांशसम्म अवस्थित यो गाउँपालिका समून्द्र सतहदेखि करिब ९२.१ मिटरको उचाइमा छ । कुल क्षेत्रफल ६४.६२ बर्ग किलोमिटर रहेको गाउँपालिको पूर्वमा नवलपरासी जिल्लाको सीमाना पश्चिममा सिद्धार्थनगर नगरपालिका उत्तरमा ओमसतिया गाउँपालिका र दक्षिणमा छिमेकि राष्ट्र भारत अवस्थित छन् । उत्तरबाट बग्ने रोहिणी नदीसँग प्राकृतिक, भौगोलिक, साँस्कृतिक, मनोरमताले गाउँपालिका सिँगारिएको छ । ७५२६ घरपरिवार बसोबास गर्ने यस गाउँपालिको कुल जनसङ्ख्या ४३,३२७ रहेको छ ।

## १.२ प्रस्तावकको नाम र ठेगाना

रोहिणी गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

रुपन्देही, लुम्बिनी प्रदेश, नेपाल

इमेलrohinigaunpalika@gmail.com;info@rohinimun.gov.np

फोन: ०७७ -४२०६५७, ४२०३२०, मो.नं. : ९८५७०६१४४१/९८५७०६३६३३

वेभसाइट : rohinimun.gov.np

## १.३ प्रस्तावको नाम

रुपन्देही जिल्ला रोहिणी गाउँपालिका १ र २ नं. वडा भएर बग्ने रोहिणी नदीको विभिन्न वगर खण्डबाट वातावरणमैत्री रूपमा ढुङ्गा, मिस्कट र बालुवा (नदीजन्य पदार्थ) सङ्कलन तथा उत्खनन् कार्यका लागि तयार गरिएको **प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन (IEE)**

## १.४ प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन तयार पार्ने संस्था

परामर्श संस्था : चन्द्रा रिसर्च कन्सल्टेन्सी प्रा.लि.

ठेगाना : पाणिनि, ६, अर्घाखाँची,

मो.नं. : ९८५७०६१४४१

फो.नं. : ०७७-४२०३२०

इमेल : indramanipaudel@gmail.com

## १.५ अध्ययन टोली

वातावरणीय अध्ययन एक बहुआयामिक विषयभएको हुँदा परामर्श संस्था चन्द्रा रिसर्च कन्सल्टेन्सी प्रा.लि मार्फत वातावरण संरक्षण नियमावली २०७७ को (नियम ७ को उपनियम (६) सँग सम्बन्धित) अनुसूची १३ बमोजिम वातावरणीय अध्ययन प्रतिवेदन विभिन्न विज्ञहरूको सङ्लग्नतामा प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदनतयार गरिएको छ ।

## १.६ प्रस्तावको पृष्ठभूमि

विश्वमानचित्रका अनुसार जलस्रोतमा विश्वको दोस्रो ठूलो देश नेपाल पर्दछ । नेपाल खोलानालाले भरिएको छ । नेपालमा झण्डै ६ हजार नदीनालाहरू रहेका छन् । कुनै ठूला रहेका छन्, भने कुनै साना रहेका छन् । नेपालका नदीलाई मुख्य गरी तिन भागमा विभाजन गरिएको छ । ठूला, मध्यम र साना नदी रहेका छन् । यि मध्ये मुख्य नदीहरू तिब्बतबाट उत्पति भएर नेपाल आउने गर्दछन् । पहाडी भू-भाग तथा पर्वतीय क्षेत्र भएको नेपालमा उत्तरी हिमाली, महाभारत र चुरे पर्वतीय क्षेत्रबाट उत्पत्ति भएर दक्षिण तर्फ बग्ने गर्दछन् । नदी छेउमा नै मानव सभ्यता उत्पति भएको मानिएको छ । नदी तथा खोलाहरूले बगाएर ल्याएका नदीजन्य पदार्थहरू ढुङ्गा, मिस्कट र बालुवालाई किनारी भाग वा समथर क्षेत्रमा थुपार्ने प्रक्रिया निरन्तर रूपमा चलिरहेको छ । यसबाट नदीको बगर क्षेत्रमा प्रशस्त मात्रामा नदीजन्य पदार्थ उपलब्ध रहेको छ । नदीजन्य पदार्थ बगरमा जम्मा हुँदा नदीको बहाव परिवर्तन तथा विपद् जोखिम निम्तिने सम्भावना हुनेछ । नदीजन्य सामग्री उपयोगबाट जल उत्पन्न र विपद् समेत न्यूनीकरण हुदै आएको छ । प्रस्तावित रोहिणी गाउँपालिका १ र २ नं. वडा भएर बग्ने रोहिणी नदीको विभिन्न वगर खण्डबाट वातावरणमैत्री रूपमा ढुङ्गा, मिस्कट र बालुवा (नदीजन्य पदार्थ) सङ्कलन तथा उत्खनन् कार्यका लागि अध्ययन प्रतिवेदन तयार गरिएको छ । प्रस्तावबाट वातावरणमा सकारात्मक र नकारात्मक दुवै प्रभाव पर्न जाने देखिन्छ । जसका लागि सकारात्मक प्रभावलाई बढोत्तरीकरण गर्ने र नकारात्मक प्रभावलाई न्यूनीकरण गर्न वातावरणीय व्यवस्थापन योजनालाई प्रभावकारी रूपमा कार्यान्वयन गरिने छ ।

## १.७ प्रस्तावको कानूनी औचित्य

नेपालमा प्रारम्भिक वातावरणीय परीक्षणको शुरूवात वि.सं. २०४७ पश्चात प्रारम्भिक वातावरणीय परीक्षण तथा वातावरणीय प्रभाव मूल्याङ्कन गर्नका लागि सर्वप्रथम राष्ट्रिय वातावरणीय प्रभाव मूल्याङ्कन निर्देशिका, २०५० जारी भएको थियो । त्यस पछि वन क्षेत्रको वातावरणीय प्रभाव मूल्याङ्कन निर्देशिका २०५२, उद्योग क्षेत्रको वातावरणीय प्रभाव मूल्याङ्कन निर्देशिका २०५२, वातावरण संरक्षण ऐन २०५३ र वातावरण संरक्षण नियमावली, २०५४ निर्माण भएपछि अनिवार्य IEE/EIA गर्ने कार्यका लागि कानूनी व्यवस्था भएको थियो ।उक्त

कार्यवातावरण संरक्षण ऐन २०७६ (दोस्रो संसोधन) को नियम ३ र ६, वातावरण संरक्षण नियमावली २०७७ (दोस्रो संसोधन) को नियम ३ सँग सम्बन्धित रहेको छ। सोही नियमकै अनुसूची २ (ग) खानी क्षेत्र (७) अन्तर्गत नदी सतहबाट दैनिक **१०० देखि ३०० घनमिटर सम्म ढुङ्गा, मिस्कट** र बालुवा आदि निकाल्ने व्यवस्था रहेको छ । रोहिणी गाउँपालिकाको संक्षिप्त वातावरणीय अध्ययन तथा प्रारम्भिक वातावरणीय परीक्षण कार्यविधि, २०७८ कानूनी प्रावधान रहेको छ। गाउँपालिका स्थापना पछि निरन्तर रूपमा गाउँपालिका क्षेत्रका नदी तथा खोलाबाट नदीजन्य पदार्थ सङ्कलन/उत्खनन् कार्यको लागि प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन तयार गर्दै आइरहेको छ। प्राकृतिक स्रोतहरूको उपयोग गर्दा वातावरणमा पर्न सक्ने सकारात्मक प्रभावलाई बढोत्तरीकरण गर्न तथा प्रतिकूल प्रभावलाई निरोधात्मक, उपचारात्मक प्रभाव न्यूनीकरणका विधि अपनाएर हटाउन वा न्यून गर्न, उक्त कार्यको वातावरणीय अनुगमन गर्न, प्रस्तावको कार्यान्वयन चरणलाई व्यवस्थित गर्न, र वातावरणीय व्यवस्थापन योजना तयार गरी कार्यान्वयन गर्नको लागि प्रस्तावको प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन तयार गरिएको छ।

## १.८ प्रारम्भिक वातावरणीय परीक्षणको मुख्य उद्देश्य

वातावरण संरक्षण ऐन २०७६ र वातावरण संरक्षण नियमावली २०७७ को आधारमा प्रारम्भिक वातावरणीय परीक्षण वा वातावरणीय प्रभाव मूल्याङ्कन गर्न सुरू गरे पश्चात परीक्षण तथा मूल्याङ्कन प्रतिवेदन तयार पार्न शुरू गरिएको पाइन्छ। गाउँपालिकाले गाउँपालिका क्षेत्रभित्रको १ र २ नं. वडा  भएर बग्ने  रोहिणी नदीको बगर खण्डबाट वातावरणमैत्री रूपमा ढुङ्गा, मिस्कट र बालुवा (नदीजन्य पदार्थ) सङ्कलन तथा उत्खनन् कार्यका लागि प्रा.वा.प. तयार गरिएको छ । प्रस्तावको कार्यबाट स्थानीय वातावरणमा भौतिक, जैविक, सामाजिक-आर्थिक र साँस्कृतिक क्षेत्रमा पर्न सक्ने सकारात्मक तथा नकारात्मक पक्षहरूको लेखाजोखा गरी रायसुझाव तयार पारिएको छ।

### १.८.१ प्रारम्भिक वातावरणीय परीक्षण गर्नुपर्ने मुख्य उद्देश्य

१. विद्यमान प्रस्तावित सङ्कलन/उत्खनन्  क्षेत्रको अभिलेखीकरण गर्नु,
२.  प्रस्तावित कार्यबाट भौतिक, सामाजिक-आर्थिक, जैविक र साँस्कृतिक वातावरणमा पर्न सक्ने प्रभाव तथा असरको पहिचान गर्नु,
३. वातावरणमा पर्ने नकारात्मक प्रभावको न्यूनीकरणका उपाय अवलम्बन गर्नु र सकारात्मक प्रभाव बढाउने उपाय बारेमा रायसुझाव दिनुका साथै वातावरणीय व्यवस्थापन योजना बनाई कार्यान्वयन गर्नु,

४. वातावरणमैत्री रूपले सङ्कलन/उत्खनन् हुन सक्ने नदीजन्य पदार्थको परिमाण एकीन गर्नु,

५. प्रस्तावित प्रस्तावनाको लागि प्रारम्भिक वातावरणीय परीक्षण (IEE) गरे पुग्छ वा वातावरणीय प्रभाव मूल्याङ्कन (EIA) गर्नुपर्छ भन्ने कुराको एकिन गर्नु वा रायसुझाव दिनु,

**द्रष्टब्य**

१. प्रारम्भिक वातावरणीय परीक्षण भन्नाले कुनै प्रस्ताव कार्यान्वयन गर्दा सो प्रस्तावले वातावरणमा उल्लेखनीय प्रतिकूल प्रभाव पार्ने वा नपार्ने, त्यस्तो प्रभावलाई कुनै उपायद्धारा) हटाउन वा कम गर्न सकिने वा नसकिने सम्बन्धमा यकिन गर्न तयार गरिने विश्लेषणात्मक अध्ययन तथा मूल्याङ्कन सम्बन्धी प्रतिवेदन तयार गर्ने कार्य ।

२. देसान्तर (Longitude): पृथ्वीको मानचित्रमा उत्तरी ध्रुवदेखी दक्षिणी ध्रुव सम्म तानिएको सर्वमान्य मध्यरेखा देखी पूर्व वा पश्चिमको दुरी वा उत्तर ।

३. अक्षांश (Latitude) : पृथ्वीको अक्ष र भूमध्यरेखाको समानान्तरमा कोरिन सक्ने कल्पित रेखा मध्ये कुनै एक ।

# अध्याय दुई : प्रस्तावको सामान्य परिचय  उ

## २.१ प्रस्तावको प्रकार

यो प्रस्ताव रुपन्देही जिल्ला रोहिणी गाउँपालिका १ र २ नं. वडा  भएर बग्ने  रोहिणी नदीको विभिन्न वगर खण्डबाट वातावरणमैत्री रूपमा ढुङ्गा, मिस्कट र बालुवा (नदीजन्य पदार्थ) सङ्कलन तथा उत्खनन् कार्यका लागि तयार गरिएको छ ।

## २.२ प्रस्तावका प्रमुख विशेषता

| | | | |
|---|---|---|---|
| १ | **प्रस्तावको नाम** | रुपन्देही जिल्ला, रोहिणी गाउँपालिका १ र २ नं. वडा  भएर बग्ने  रोहिणी नदीको विभिन्न वगर खण्डबाट वातावरणमैत्री रूपमा ढुङ्गा, मिस्कट र बालुवा (नदीजन्य पदार्थ) सङ्कलन तथा उत्खनन् कार्यका लागि तयार गरिएको **प्रारम्भिक वातावरणीय परीक्षण अन्तिम प्रतिवेदन ।** | |
| २ | **प्रस्तावको अवस्थिति** | | |
| | प्रदेश | लुम्बिनी | |
| | जिल्ला | रुपन्देही | |
| | गाउँपालिका | रोहिणी गाउँपालिका | |
| ३ | **भौगोलिक/हावापानी प्रकृति एवम् विवरण** | | |
| | नदी/खोलाको नाम र प्रकार | रोहिणी नदी, स्थायी प्रकृतिको बाह्रैमास बहने | |
| | भू-वनोट | मैदान तथा समथर भू-भाग तराइ क्षेत्र | |
| | माटो | पागो, दोमट बालुवा र खेतीयोग्य उर्बर | |
| | उचाई | ७२ मिटरदेखि ८५ मिटर सम्म | |
| | हावापानी | उष्ण | |
| | भू-उपभोग | नदी, बगर, नदी उकास, कृषि योग्य जमिन, ढुङ्गा, मिस्कट र बालुवा उपलब्ध । | |
| ४ | **सङ्कलन/उत्खनन् कार्य, स्थल र प्रक्रिया** | | |
| | सङ्कलन/उत्खनन् क्षेत्र | उत्तर कुस्मीघाट देखि दक्षिण सेमरीघाट सम्मको रोहिणी नदी बिचको बगरक्षेत्र । | |
| | सीमाङ्कन क्षेत्र | रोहिणी गाउँपालिका १ र २ नं. वडा  भएर बग्ने  रोहिणी नदीको विभिन्न वगर खण्ड । | |
| | (१)<br>कुस्मीघाट क्षेत्र<br>१ नं. वडा | पश्चिम तर्फ ओमसतीया गाउँपालिकाको सीमाना<br>२७ २९ ५९.४ | कुस्मीघाटको तल्लो दक्षिण तर्फको पश्चिम पट्टीको बगर क्षेत्रको अन्तिम बिन्दु<br>२७ २९ ५९.६<br>०८३ ३० ४५.२ |

| | | | |
|---|---|---|---|
| | | ०८३ ३० २१.६<br>**मध्य खण्ड**<br>२७ ३० ०१.२<br>०८३ ३० ३०.७<br>२७ ३० ०२.८<br>०८३ ३० ३४.० | २७ ३० ०३.१<br>०८३ ३० ३८.५ |
| | (२)<br>वैरिहवा पहिलो घाट क्षेत्र नदीको पूर्व पट्टीको बगर वैरिहवा गाउँ<br>२ नं. वडा | वैरिहवा घाट उत्तर तर्फ सुरु विन्दु<br>२७ २९ ३८.८<br>०८३ ३० २३.५<br>**मध्य खण्ड**<br>२७ २९ ३३.९<br>०८३ ३० २०.८ | दक्षिण तर्फ अन्तिम विन्दु<br>२७ २९ २९.५<br>०८३ ३० २१.१ |
| | (३)<br>वैरिहवा दोस्रो घाट क्षेत्र<br>२ नं. वडा | उत्तरमा सुरुविन्दु<br>वैरिहवा झोपु देखि दक्षिण ३०० मि छाडेर<br>२७ २९ १७.०<br>०८३ ३० १२.०<br>**वैरिहवा गाउँको मध्य खण्ड**<br>२७ २९ १२.८<br>०८३ ३० ०५.१ | २७ २९ ०४.६<br>०८३ ३० ००.४<br>सेरपानी झोपु देखि उत्तर तर्फ ३०० मि को भाग छाडेर<br>२७ २९ ००.४<br>०८३ २९ ५९.५ |
| | प्रस्तावित क्षेत्रमा जाने निकाशी मार्ग | बैकुण्ठपुर चोक खुरुरिया हुँदै हुलाकी मार्ग, वैरिहवा गाउँ हुँदै मैनिहवा सडक, वैरिहवा गाउँको पश्चिम पट्टी कटान गरेको छ । | |
| | सङ्कलन/उत्खनन् विधि | ढुङ्गा, मिस्कट र बालुवा नदी किनारको बगर क्षेत्रवाट जम्मा गर्ने : हातले टिपेर/हाते औजारहरूको प्रयोग (श्रममा आधारीत हाते औजार प्रयोग गरेर) कामदार वा ठुलो बगर क्षेत्र भएको भूगोल तथा जमिनको बनावटमा कुनै असर पर्ने नदेखिएकोले एउटा खण्डमा एउटा सम्म एक्साभेटर (२२० क्षमताको) प्रयोग गर्न सकिने छ । | |
| | सङ्कलन/उत्खनन् कार्यमा प्रयोग हुने सामग्री वा मेसिनरी | सावेल, बेल्चा, घन, डोको, हातले टिपेर, चाल्नी, सामान्य कुटो, कोदालो, गैंची, टयाक्टर, टिप्पर, एक्साभेटर आदि ।स्थानीय दक्ष र अदक्ष श्रमिकहरुलाई रोजगारीको अवसर प्रदान गर्दछ । अनुसूचीमा मेसिन प्रयोगको योजना (नमूना) प्रस्ताव गरिएको छ । | |

| | | |
|---|---|---|
| | सङ्कलन/उत्खनन् गरिने अवधि | प्रत्येक वर्ष आश्विन १ देखि जेष्ठ मसान्त सम्म सङ्कलन/उत्खनन् कार्य गर्न पाइने छ । बाँकि अवधि आषाढ, श्रावण र भदौ (वर्षायाम) महिनामा सङ्कलन/उत्खनन् कार्य बन्द रहने छ । |
| | सङ्कलन/उत्खनन् गरिने उपलब्ध सामग्री | मिस्कट र बालुवा रहेको छ ।<br>३ वटा बगर क्षेत्र |
| | प्रस्तावित क्षेत्र अन्तर्गतका मुख्य कार्यहरू | ढुङ्गा, मिस्कट र बालुवासङ्कलन/उत्खनन्, ढुवानी र बिक्रीवितरण,<br>राजस्व अभिवृद्धि गर्ने उपाय,<br>सकारात्मक प्रभाव बढोत्तरी गर्ने उपाय,<br>नकारात्मक प्रभाव न्यूनीकरण गर्ने उपाय,<br>बैकल्पिक विकल्पको विश्लेषण,<br>वातावरणीय व्यवस्थापन योजना कार्यान्वयन,<br>भौतिक, जैविक, सामाजिक-आर्थिक र साँस्कृतिक क्षेत्रमा अनुकूल प्रभाव वृद्धि र प्रतिकूल प्रभाव न्यूनीकरण गर्ने उपाय रसङ्कलन, उत्खनन् कार्यको अनुगमन र मूल्याङ्कन । |
| | (IEE) प्रतिवेदनको वैधानिकता | प्रत्येक वर्ष आश्विन १ देखि जेष्ठ मसान्त सम्म सङ्कलन/उत्खनन् कार्य गर्न पाइने छ । |

## २.३ प्रस्तावको विवरण

### २.३.१ प्रस्तावको उद्देश्य

प्रस्तावको मुख्य उद्देश्य रोहिणी गाउँपालिका १ र २ नं. वडा भएर बग्ने रोहिणी नदीको विभिन्न वगर खण्डबाट ढुङ्गा, मिस्कट र बालुवा सङ्कलन, उत्खनन् र निकासी गर्नु रहेको छ । स्थानीय वातावरणमा भौतिक, जैविक, सामाजिक-आर्थिक र साँस्कृतिक क्षेत्रमा पर्ने सम्भाव्य असरको पहिचान गरी नकारात्मक असरलाई न्यूनीकरण गर्नु रहेको छ ।


१. प्रस्तावित कार्यबाट स्थानीय क्षेत्रमा पर्न जाने भौतिक, जैविक, सामाजिक-आर्थिक र साँस्कृतिक प्रभाव पहिचान गर्नु,
२. बगर क्षेत्रबाट कति परिमाणमा ढुङ्गा, मिस्कट र बालुवा निकाल्न सकिन्छ त्यसको मात्रात्मक लेखाजोखा गर्नु,
३. ढुङ्गा, मिस्कट र बालुवा सङ्कलन/उत्खनन् कार्यबाट देखापर्न सक्ने नकारात्मक प्रभाव न्यूनीकरण गर्ने उपाय तथा वातावरणीय व्यवस्थापन योजना तयार गर्नु,
४. ढुङ्गा, मिस्कट र बालुवाको दिगो एवम् वातावरणमैत्री सङ्कलन/उत्खनन् कार्यबाट गाउपालिकाको आन्तरिक राजश्वमा वृद्धि गर्नु र


५. आयआर्जनमा वृद्धि  र स्थानीयमा वैकल्पिक रोजगारीको सृजना गर्नु,

## २.३.२ प्रस्ताव क्षेत्रको अवस्थिति

प्रस्ताव गरिएको क्षेत्र रोहिणी गाउँपालिकाको कार्यालयबाट पूर्व दक्षिण दिसामा पर्दछ । रोहिणी गाउँपालिका १ र २ नं. वडामा पर्दछ ।

**नक्सा नं. १: प्रस्ताव क्षेत्रको अवस्थिति**




श्रीराम जानकी
शक्तिपीठ आश्रम...
27° 29' 17.0 083° 30' 12.0
वैरिहवा दोस्रो घाट क्षेत्र
27° 29' 12.8 083° 30' 05.1
27° 29' 04.6 083° 30' 00.4
27° 29' 00.4 083° 29' 59.5

**नक्सा नं. २ :**


Community Forest,
Rohini Gaupalika- 2...
कुस्मीघाट क्षेत्र
27° 30' 03.1 083° 30' 38.5
27° 30' 01.2 083° 30' 30.7
27° 30' 02.8 083° 30' 34.0
27° 29' 59.6 083° 30' 45.2
27° 29' 59.4 083° 30' 21.6

**नक्सा नं. ३ :**



Rohini-2 Green
Bairihawa
27° 29' 38.8   083° 30' 23.5
वैरिहवा पहिलो घाट क्षेत्र
27° 29' 29.5   083° 30' 21.1
27° 29' 33.9   083° 30' 20.8
श्रीराम जानकी
शक्तिपीठ आश्रम...

### २.३.३ प्रस्तावित क्षेत्रमा यातायातको निकासी मार्ग

रोहिणी गाउँपालिका स्थित १ र २ नं. वडा भएर बग्ने रोहिणी नदीको प्रस्तावित सङ्कलन तथा उत्खनन् क्षेत्र सम्म यातायातको सहज सुविधा रहेको छ । तसर्थः निकासी मार्ग निर्माणका लागि रूख काट्नु पर्ने, निजी जग्गा अधिग्रहण गर्नुपर्ने वा नयाँ सडक निर्माण गर्नुपर्ने देखिदैन ।

### २.३.४ प्रस्तावित कार्यको क्षेत्र निर्धारण

गाउँपालिकाबाट प्रस्ताव कार्यान्वयन गर्नका लागि रोहिणी गाउँपालिका १ र २ नं. वडा भएर बग्ने रोहिणी नदीको विभिन्न वगर क्षेत्र तोकि विभाजन गरिएको छ । ढुङ्गा, मिस्कट र बालुवा दिगो रूपमा सङ्कलन तथा उत्खनन् प्रयोजनको लागि यस रोहिणी नदी वरिपरिको ५०० मिटर क्षेत्रलाई मुख्य प्रभावित क्षेत्रको रूपमा लिइएको छ । यसका अतिरिक्त रोहिणी नदीको पश्चिम पट्टी रहेका बस्ती, कृषिभूमी, वनक्षेत्र, सडक, पुलपुलेसा र अन्य भौतिक संरचनाहरूमा समेत न्यून प्रभाव पर्न सक्दछ । जलाधार क्षेत्रमा पर्ने बस्ती, भौतिक सम्पत्ति तथा अन्य मानवीय संसाधनको दृष्टिले प्रस्तावित उत्खनन् कार्यबाट प्रत्यक्ष प्रभावित वडा तालिका नं. १ मा उल्लेख गरिएको छ ।

**तालिका नं. १ : प्रस्ताव कार्यको अवस्थितितथा क्षेत्र**

| नदी/खोला | अवस्थिति | प्रभाब आँकलन क्षेत्र |
|---|---|---|
| रोहिणी नदी | रोहिणी गाउँपालिका १ र २ नं. वडा भएर बग्ने रोहिणी नदीको वगर खण्ड | रोहिणी गाउँपालिका १ र २ नं. वडाका बस्तीहरू |

### २.३.५.प्रस्तावित क्षेत्रमा ढुङ्गा, मिस्कट र बालुवाको सङ्कलन/उत्खनन र निकासी कार्य र विधि

रोहिणी नदीबाट ढुङ्गा, मिस्कट र बालुवा सङ्कलन/उत्खनन् गर्दा तोकिएको स्थान बाहेक अन्य स्थानमा गर्न पाइने छैन । यसरी सङ्कलन/उत्खनन् गर्न प्रस्तावको क्षेत्र निर्धारण सम्बन्धी उल्लेख गरिएका निर्देशनहरूलाई आधारमानी सङ्कलन/उत्खनन् कार्य गरिनेछ । खाल्डाहरू खनेर ढुङ्गा, मिस्कट र बालुवा सङ्कलन नदी किनारको जमिनबाट जम्मा गर्ने र नदीको पानी भित्रबाट झिक्ने कार्यलाई निरूत्साहित गर्ने । स्थानीय श्रमिकहरू कुटो, कोदालो, गैती, बेल्चा, हतौडा र साना ट्रक, टिप्पर प्रयोग गर्न सकिने छ । ठुलो बगर क्षेत्र भएको भूगोल तथा जमिनको बनावटमा कुनै असर पर्ने नदेखिएकोले एउटा खण्डमा एउटा सम्म एक्साभेटर (२२० क्षमताको) प्रयोग गर्न सकिने छ ।

**तालिका नं. २ : प्रस्ताव गरिएको प्रचलन/क्षेत्र**

## २.३.६. स्रोत सर्वेक्षण

प्रस्ताव कार्यान्वयन क्षेत्रमा प्रत्यक्ष अवलोकन, भेटघाट तथा छलफलबाट प्राप्त जानकारीलाई मापदण्ड अनुसार निम्न विधि प्रयोग गरी स्रोत सर्वेक्षण गरिएको छ ।

| | प्रस्ताव गरिएको प्रचलन/क्षेत्र |
|---|---|
| सङ्कलन/ उत्खनन् तरिका | हातले सङ्कलन गर्ने : हाते औजार : सावेल, डोको, कुटो, कोदालो, गैती, बेल्चा, हतौडा प्रयोग, टिप्पर, ट्रक र साना ट्याक्टर, एक्साभेटर प्रयोग |

१. प्रस्ताव कार्यान्वयन क्षेत्रको जिपिएस लोकेशनबाट स्रोतको सङ्कलन गर्न सकिने क्षेत्रको पहिचान गरिएको छ ।

२. प्रत्येक स्थानको उत्खनन्/सङ्कलन गर्न सकिने परिमाणको लागि लम्बाई, चौडाई र गहिराईको मापन गरी उत्खनन् गर्न मिल्ने र नमिल्ने स्थानको अध्ययन गरिएको छ । सेक्सनल प्रोफाइलको अध्ययन गरी सञ्चितीबारे बस्तुगत स्थिति पत्ता लगाइएको छ। उत्खनन्/सङ्कलन गर्न सकिने परिमाण निकाल्नको लागि सुत्रको प्रयोग गरी जम्मा भएको पदार्थ र उत्खनन् गर्न मिल्ने पदार्थको मात्रा अनुमान गरिएकोछ ।

**Q = L x W x D**

जहाँ, Q = पदार्थ सञ्चितीको मात्रा (Quantity of Sediment deposit) ($m^3$)

L = सङ्कलन/उत्खनन् क्षेत्रको लम्बाई (Length of the extraction site) (m)

W =सङ्कलन/उत्खनन् क्षेत्रको चौडाई(Effective average width of the extraction site used for extraction) (m)

D =सङ्कलन/उत्खनन् क्षेत्रको गहिराई (Replenishable depth of the sediment deposition) (m)

उत्खनन् क्षेत्रको गहिराइको अनुमान गर्न विभिन्न ठाउमा flood plain/sediment level को मात्राको पनि मापन गरिएको छ, भने जिपिएसद्वारा सर्भे गरी विभिन्न क्षेत्रको अध्ययन गरी गुगल नक्साको माध्यमबाट पनि सङ्कलन/उत्खनन् गर्न सकिने क्षेत्र, परिणाम र जम्मा रहेको पदार्थको अनुमान गरिएकोछ ।

## २.४ प्रस्तावित क्षेत्रबाट ढुङ्गा, मिस्कट र बालुवाको वातावरणमैत्री सङ्कलन/उत्खनन्

### २.४.१ सङ्कलन/उत्खनन् गर्न सकिने परिमाणको आँकलन

१. रोहिणी गाउँपालिका १ र २ नं. वडा भएर बग्ने रोहिणी नदीको वगर खण्ड क्षेत्रमा स्थलगत अध्ययन, अवलोकन गर्दा सङ्कलन तथा उत्खनन् कार्य बाट भौतिक समाजिक वातावरणमा पर्न सक्ने असरको लेखाजोखा गरिएको छ।

२. प्रचलित मापदण्ड बमोजिम सङ्कलन/उत्खनन् गर्न सकिने नदीजन्य पदार्थको मात्रा र पहिचान गरिएको छ।

३. वातावरणीय व्यवस्थापन योजना तयार गरिएको छ।

४. प्रस्तावित क्षेत्रको स्थलगत अध्ययन गर्दा बगरक्षेत्रमा नदीजन्य पदार्थ सङ्कलन तथा उत्खनन् गर्न मिल्ने नमिल्ने पहिचान गरिएको छ।

५. जिपिएस (GPS) विवरण लिइएको छ।

६. प्रस्तावित क्षेत्रको लम्बाई, चौडाई र गहिराईको नाप लिइएको छ।

७. प्रस्तावित क्षेत्रको परिमाण र राजश्वको अनुमान गरिएको छ।

**तालिका नं. ३ : रोहिणी गाउँपालिका १ र २ नं. वडा भएर बग्ने रोहिणी नदीको बगर क्षेत्रमा उपलब्ध ढुङ्गा, मिस्कट र बालुवाको मौज्दात परिमाण उत्खनन्, सङ्कलन गर्न सकिने परिमाणको अनुमानित सङ्कलन हुने राजस्व**

| साइट नं. | प्रस्तावित उत्खनन् एवम् सङ्कलन स्थान | लम्बाई (मि.) | औषत चौडाई (मि.) | औषत गहिराई (मि.) | वार्षिक उत्खनन् एवम् सङ्कलन सामाग्री (घ.मि.) | वार्षिक निकाल्न मिल्ने सिफारिस गरिएको परिमाण (घ.मि.) ७० प्रतिशत कूल परिणामको) | वार्षिक उत्खनन् गर्न सिफारिस परिमाण (घन फिट) | वार्षिक सङ्कलन हुने राजस्व (रु. ८ प्रति क्युफिट मूल्यदर अनुसार) |
|---|---|---|---|---|---|---|---|---|
| १ | कुस्मीघाट क्षेत्र १ नं. वडा | ३५० | १५ | ०.७ | ३६७५ | २५७२.५ | ९०८३४.९७ | ७२६६७९.८ |
| २ | वैरिहवा पहिलो घाट क्षेत्र नदीको पूर्व पट्टीको बगर वैरिहवा गाउँ २ नं. वडा | ७०० | १४ | ०.८ | ७८४० | ५४८८ | १९३७८१.२८ | १५५०२५०.२४ |
| ३ | वैरिहवा दोस्रो घाट क्षेत्र २ नं. वडा | ७४० | १६ | ०.९ | १०६५६ | ७४५९.२ | २६३३८४.३५ | २१०७०७४.८१ |
| **जम्मा** | | **१७९०** | **४५** | **२.४** | **२२१७१** | **१५५१९.७** | **९५४०६६२.६३** | **४३८४००४.८५** |

**स्रोत : स्थलगत सर्भेक्षण २०८२**

**द्रष्टब्य :**

१. १ घनमिटर/क्यू मि. बराबर ३५.३१ घन फिट/क्यु फिट

२. रू. ८ प्रति क्यूफिट मूल्यदर लुम्बिनी प्रदेश सरकार अनुसार

# अध्याय तीन : अध्ययन विधि

## ३.१ प्रतिवेदन तयार गर्दा अपनाइएको विधि

प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन तयार गर्दा गाउँपालिकाले विगतका वर्षमा तयार गरेको प्रतिवेदन, कार्यसूची, पाश्र्वचित्र, डिभिजन वन, सिचाई डिभिजन, जल उत्पन्न प्रकोप नियन्त्रण, कृषि ज्ञान केन्द्र र गाउँपालिकाबाट प्राप्त सूचना तथा वार्षिक पुस्तिकाको अध्ययन गरिएको छ। प्रस्तावित क्षेत्रको अध्ययन गर्दा वातावरण संरक्षण ऐन २०७६, नियमावली २०७७, रोहिणी गाउँपालिकाको संक्षिप्त वातावरणीय अध्ययन तथा प्रारम्भिक वातावरणीय परीक्षण कार्यविधि, २०७८ र कार्यसूचीमा भएका प्रावधान अनुसरण गरिएको छ । प्रस्तावित क्षेत्रमा गई स्थानीय बासिन्दा, वुद्धिजिवि, जनप्रतिनिधिसँग ढुङ्गा, मिस्कट, र बालुवा (नदीजन्य पदार्थ) सङ्कलन गर्दा वातावरणमा पर्नजाने प्रभाव र असरवारे छलफल साथै अर्न्तक्रिया गरिएको छ। लुम्बिनी दैनिक दैनिक पत्रिकामा ७ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ। प्रस्ताव कार्यान्वयन हुँदा स्थानीय वातावरणमा पर्नसक्ने प्रभावका बारेमा लिखित रायसुझाव दिन अनुरोध गरिएको छ। प्राथमिक, द्धितिय सूचना, स्थलगत सर्वेक्षण, जीपीएस सर्वे, नक्साङ्कन, नीति, ऐन, नियम र सन्दर्भ सामग्रीहरूको अध्ययन गरिएको छ।

### ३.१.१ प्रस्तावको प्रभाव क्षेत्र निर्धारण (प्रत्यक्ष र अप्रत्यक्ष)

प्रस्तावित रोहिणी नदी वरिपरिको पाँचसय मि. क्षेत्रलाई मुख्य प्रभावित क्षेत्रको रूपमा लिइएको छ। नदी क्षेत्रको वरपर पर्न सक्ने सम्भावित वातावरणीय प्रभाव र असरको आधारमा प्रभाव क्षेत्र निर्धारण गरिएको छ । सङ्कलनका क्रियाकलापबाट पर्न सक्ने असरको परिणाम र अवधिको आधारमा प्रभाव क्षेत्रलाई आधार मानिएको छ।

#### ३.१.१.१ प्रत्यक्ष प्रभाव क्षेत्र

प्रत्यक्ष प्रभाव क्षेत्र भन्नाले नदीजन्य पदार्थ उत्खनन् र सङ्कलन क्रियाकलापहरूद्वारा प्रत्यक्ष प्रभावित हुने वरपरका क्षेत्रहरू बुझिन्छ । **रोहिणी** नदीबाट पाँचसय मिटर दूरीसम्मका क्षेत्रलाई प्रत्यक्ष प्रभावित क्षेत्र निर्धारण गरेको छ। नदीजन्य पदार्थ कार्यान्वयनबाट यस क्षेत्रमा सबैभन्दा कम असर गर्नेछ। नदीको प्रत्यक्ष प्रभावित १ र २ नं. वडासँग जोडिएको नदीको भू-भाग पर्दछ।

#### ३.१.१.२ अप्रत्यक्ष प्रभाव क्षेत्र

अप्रत्यक्ष प्रभाव क्षेत्र भन्नाले नदीजन्य पदार्थ सङ्कलन हुने स्थल भन्दा वाहिर अप्रत्यक्ष प्रभावित हुने क्षेत्रलाई बुझाउने छ। प्रस्तावित क्षेत्रबाट पाँचसय मिटर बाहिर देखि वडाको सीमासम्मको क्षेत्रलाई अप्रत्यक्ष प्रभावित क्षेत्र निर्धारण गरेको छ । नदीजन्य पदार्थ सङ्कलन तथा उत्खनन् कार्यान्वयनबाट यस क्षेत्रमा प्रत्यक्ष प्रभावित क्षेत्रमा भन्दा कम असर पर्नेछ । रोहिणी नदीको अप्रत्यक्ष प्रभावित क्षेत्र १ र २ नं. वडाको सीमाना सम्म पर्दछ।

**तालिका नं. ४ : प्रभाव क्षेत्रको विवरण**

| प्रभावको वर्गीकरण | प्रत्यक्ष प्रभावित क्षेत्र | अप्रत्यक्ष प्रभावित क्षेत्र | प्रभावित क्षेत्र |
|---|---|---|---|
| प्रभाव निर्धारण | भवन तथा भौतिक संरचनाहरू र नदीवाट पाँचसय मिटरको दूरीसम्मको क्षेत्र | नदीजन्य पदार्थ सङ्कलन र उत्खनन् हुने १ र २ नं. वडाको सीमासम्मको क्षेत्र | नदीजन्य पदार्थ सङ्कलन र उत्खनन् कार्यान्वयन हुने १ र २ नं. वडा क्षेत्र, नदीको पूर्व र पश्चिम पट्टी रहेका भौतिक संरचनाहरू र झोपु |
| असर पर्ने क्षेत्र | रोहिणी नदी क्षेत्रको १ र २ नं. वडा | १ र २ नं. वडा भित्रका नदी आसपास भन्दा टाढा रहेका क्षेत्र | रोहिणी नदीको पश्चिम भाग र नदी आसपासमा रहेका बस्तीहरू आदि । |

### ३.१.२ प्रस्ताव क्षेत्रको नक्साअध्ययन तथा विश्लेषण

प्रस्तावित **रोहिणी नदी** रोहिणी गाउँपालिका १ र २ नं. वडा हुँदै दक्षिण तर्फ बग्दछ। **उक्त नदी**को प्रस्तावित क्षेत्र **पूर्वी देसान्तर** २७ २९ ५९.४, ०८३ ३० २१.६ देखि **उत्तरी अक्षांस** २७ ३० ०३.१, ०८३ ३० ३८.५ रहेको छ। नक्सालाई खासगरी भौतिक वातावरणको जानकारी लिन प्रयोग गरिएको छ।

१. नापी विभागद्वारा तयार गरिएको १:२५००० मापनको टोपोग्राफिक नक्सा,

२. १:५०००० को भू-उपयोग, भूमि प्रणाली र भूमि क्षमता नक्सा,

३. LRMP१:५०,००० नक्सा(१९८६) र

४. गुगल अर्थ नक्सा।

टोपोग्राफी नक्सा, गुगल अर्थ नक्सा, भू-उपयोग नक्सा, भू-गर्भ नक्साको अध्ययन गरिएको छ। नक्साको सहयोगले भौतिक वातावरणसँग सम्बन्धित टोपोग्राफीक जानकारी, भिरालोपना, चट्टान भएको ठाउँ, बस्ती क्षेत्र, खेतीयोग्य जमिन, वनजङ्गल, नदी, खोला, खोल्साको सञ्जाल, जलाधार क्षेत्र, जलवायु, समुन्द्री सतहदेखिको उचाई, आद्रता (चिसोपना, सुख्खापना), जैविक वातावरणसँग सम्बन्धित बोटबिरूवाले ढाकेको क्षेत्र वन, झाडी/बुट्यान, घाँसे जमिन, बाँझो जमिन, जनघनत्व, सामाजिक तथा आर्थिक वातावरण, बस्तीको वितरण, घरहरूको घनत्व, खेतीयोग्य जमिनको वितरण, अन्य स्थानहरू बारे जानकारी जस्तैः मठमन्दिर, गुम्वा, विद्यालय, अन्य भौतिक संरचनाहरूको जानकारी प्राप्त गरिएको छ।

### ३.१.३ टेवल कार्य

१. प्रकाशित उपलब्ध जानकारी, तथ्याङ्कहरूको पुनरावलोकन तथा संश्लेषण,

२. प्रस्तावित क्षेत्रको भौगोलिक सीमना, क्षेत्र निर्धारण र प्रभाव क्षेत्रको पहिचान,

३. नक्सा विश्लेषण र प्रभावित क्षेत्रको सीमाङ्कन र

४. प्रभाव अनुसार छुट्टाछुट्टै चेकलिष्ट तयारी ।

### ३.१.४ चेकलिष्ट/म्याट्रिक्स, प्रश्नावली निर्माण, तथ्याङ्क सङ्कलन र स्थलगत अध्ययन

रोहिणी नदी क्षेत्रको स्थलगत अध्ययन **२०८२ माघ ७ गते देखि १०** गतेसम्म गरिएको छ । त्यसैगरी प्राथमिक र द्धितिय तथ्याङ्क सङ्कलन तथा नमूना सङ्कलन गरिएको छ । स्थलगत अध्ययनको क्रममा सामाजिक, आर्थिक, भौतिक, जैविक, रासायनिक तथा साँस्कृतिक वातावरणसँग सम्बन्धित तथ्याङ्कहरू सङ्कलन गरिएको छ । भौतिक वातावरणसँग सम्बन्धित चेकलिष्ट जस्तै : भू-उपयोग, माटो, भू-स्खलन, बाढी, भौतिक पूर्वाधार, चट्टान र जमिनको प्रकार आदि ।

१. जैविक वातावरण जस्तै : जीवजन्तु तथा वनस्पतिसँग सम्बन्धित चेकलिष्ट,
२. सामाजिक-आर्थिक र साँस्कृतिक क्षेत्रमा पर्न सक्ने प्रभावको पहिचान सम्बन्धित चेकलिष्ट,
३. भौतिक पूर्वाधार, क्रसर तथा बालुवा प्रसोधन उद्योग सम्बन्धी चेकलिष्ट,
४. वातावरणीय प्रभाव-न्यूनीकरण र वातावरणमा सकारात्मक बढोत्तरी सम्बन्धी चेकलिष्ट,
५. धार्मिक-साँस्कृतिक वातावरणमा पर्ने प्रभाव सम्बन्धी चेकलिस्ट र
६. वातावरणीय व्यवस्थापन योजना आदि ।
७. **क्षेत्रगत सर्वेक्षण र प्रस्ताव क्षेत्र निर्धारण :** प्रस्तावको स्थान र यसबाट पर्नसक्ने प्रभावको बारेमा स्थानीय सरोकारवालाहरूसँग अन्तर्क्रिया गरिएको छ ।
८. **रोहिणी नदी क्षेत्रको अवलोकन :** रोहिणी नदी क्षेत्रमा पर्ने रोहिणी गाउँपालिकाको १ र २ नं. वडाका विभिन्न स्थानको अवलोकन गरिएको छ। कार्यसूचीमा उल्लेख भए अनुसार रोहिणी गाउँपालिकाको १ र २ नं. वडाको रोहिणी नदी क्षेत्रमा अध्ययन टोलीले पैदल हिँडेर त्यहाँको भौतिक, जैविक, सामाजिक-आर्थिक तथा साँस्कृतिक पक्षको अवलोकन नक्साङ्कन, टिपोट तथा तस्वीर उतार्ने कार्य गरिएको छ ।

## ३.२ क्षेत्रगत सर्भेक्षण र प्रस्ताव क्षेत्र निर्धारण

स्थलगत अध्ययनको क्रममा प्रस्तावको स्थान र यसबाट पर्नसक्ने प्रभावको बारेमा स्थानीय सरोकारवालाहरूसँग अन्तर्क्रिया गरिएको छ ।

### ३.२.१ स्थलगत अवलोकन

रोहिणी गाउँपालिकाको १ र २ नं. वडाको रोहिणी नदी क्षेत्रका विभिन्न स्थानको अवलोकन गरिएको छ। कार्यसूचीमा उल्लेख भए अनुसार रोहिणी नदी अन्तर्गत : रोहिणी गाउँपालिका १ र २ नं. वडा भएर बग्ने रोहिणी नदीको वगर खण्ड भित्रपर्ने भू-भागमा अध्ययन टोलीले पैदल हिँडेर त्यहाँको भौतिक, जैविक, सामाजिक तथा आर्थिक र सँस्कृतिक पक्षको अवलोकन नक्साङ्कन, टिपोट तथा तस्वीर उतार्ने कार्य गरिएको छ ।

### ३.२.२ लक्षित वर्ग छलफल

रोहिणी गाउँपालिका १ र २ नं. वडा भएर बग्ने रोहिणी नदीको वगर खण्ड क्षेत्रभित्र पर्ने जनप्रतिनिधि, उद्योगी, श्रमिक वर्ग, स्थानीय युवा तथा स्थानीय वासिन्दाहरूसँग छलफल गरिएको छ। उक्त छलफल रोहिणी गाउँपालिका १ र २ नं. वडा भएर बग्ने रोहिणी नदीको वगर खण्डबाट नदीजन्य पदार्थ सङ्कलन, उत्खनन् तथा निकासी र त्यसले, स्थानीय वातावरणमा पार्न सक्ने सकारात्म र नकारात्मक प्रभावको बारेमा केन्द्रीत रहेको थियो ।

**तालिका नं. ५ : लक्षित वर्ग छलफल गरिएको ठाउँ र मुद्दा**

| कहाँ | को | के बारेमा | उठेका मुद्दा तथा सवाल | सहभागी सङ्ख्या |
|---|---|---|---|---|
| १ र २ नं. वडा कार्यालय | जनप्रतिनिधि, कर्मचारी, शिक्षक, स्वास्थ्य कर्मचारी, स्थानीय युवा, व्यवसायी, श्रमिक तथा जानिफकार व्यक्ति | सामाजिक आर्थिक तथा वातावरणीय अवस्था, रोहिणी नदीबाट ढुङ्गा, मिस्कट र बालुवा सङ्कलन/ उत्खनन् कार्य, सकारात्मक प्रभाव बढोत्तरी तथा नकारात्मक प्रभाव न्यूनीकरण गर्ने उपाय र सुझाब । | • बाँधभत्कने समस्या,<br>• साँस्कृतिक परम्परामा विकृति,<br>• अनियन्त्रित उत्खनन्/सङ्कलन,<br>• आवश्यकक्ता भन्दा अधिक यन्त्र उपकरणको प्रयोग,<br>• स्थानीय वस्तीमा वायु तथा ध्वनी प्रदुषण,<br>• बाटो तथा स्थानीय सडकमा भौतिक पूर्वाधार क्षेती,<br>• वडा भित्रको स्थानीय बासिन्दा लाई सहुलियतमा नदीजन्य पदार्थ उपलब्ध गराउनु पर्ने ।<br>• पानीका स्रोतमा ह्रास साथै फौहोरमैलामा वृद्धि रनदीको पश्चिम पट्टीको बस्तीमा कटान समस्या । | १७ |

**द्रष्टव्य :**

स्थलगत अध्ययनको क्रममा भएका समूहगत छलफल, अर्न्तक्रियाबाट उठाइएका मुद्दाको कार्यान्वयन सम्बन्धमा गाउँपालिकाले सङ्कलन, उत्खनन् विक्रिवितरण एवम् दिगो उपयोग सम्बन्धमा सरोकारवालाले दिएका सुझाव कार्यान्वयन गर्ने र अनियन्त्रित रूपमा चोरी निकासी हुने नियन्त्रण गर्नका लागि गाउँपालिका एवम् स्थानीय स्तरमा सबै सरोकारवाला पक्षसगँको समन्वय र सहकार्यमा कार्यान्वयन गरिनुपर्दछ ।

### ३.२.३ प्रमुख सूचनाकर्तासँग अन्तरवार्ता

स्थानीय युवा क्लवका प्रतिनिधि, स्थानीय शिक्षक र स्थानीय जानकार व्यक्तिहरूसगँ छुट्टाछुट्टै अन्तरवार्ता लिइएको छ। नदीको विगत अवस्था, नदीजन्य पदार्थ सङ्कलन, अभ्यास, आगामी दिनमा गर्नुपर्ने कार्य ढुङ्गा, मिस्कट र बालुवा सङ्कलन तथा निकासी गर्ने प्रक्रियाको बारेमा छलफल केन्द्रीत रहेको थियो ।

### ३.२.४ नक्सा र फोटोग्राफ

अध्ययनलाई बढी सान्दर्भिकता दिनको लागि रोहिणी नदी क्षेत्र र त्यस आसपासको बाँध, सडक, बस्ती, कृषि भूमि, वन, सिचाइ कुलाहरूलाई जिपिएसको आधारमा भू-दृश्यको नक्साङ्कन तथा पहिचान गरिएका उत्खनन् क्षेत्र र सम्भावित वातावरणीय प्रभाव देखिने स्थलको तस्बिर सङ्कलन गरिएको छ ।

## ३.३ सार्वजनिक सूचना, परामर्श एवम् सिफारिस पत्र

**२०८२ माघ १ गते राष्ट्रिय दैनिक लुम्बिनी पत्रिकामा** प्रारम्भिक वातावरणीय परीक्षण (**IEE**) प्रतिवेदन **रायसुझावका लागि ७ दिने** सार्वजनिक सूचना प्रकाशित गरिएको थियो । प्रभावित क्षेत्र भित्रका बासिन्दाहरू र सरोकारवालाहरूबाट लिखित रायस झाव मागिएका े छ। सार्वजनिक सूचनाको प्रतिलिपी गाउँपालिका, प्रस्तावित क्षेत्र छेउछाउका बजार बस्ति, सामुदायिक सेवा केन्द्र, तथा वडा भवनमा टाँस गरीएको छ। नतिजा तथा मस्यौदा प्रतिवेदनका मूलभूत नतिजालाई गाउँपालिकामा सरोकारवालाहरूसँग प्रस्तुतीकरण गरिएको छ । प्रस्तुतिकरणबाट आएका सल्लाह, रायसुझाव समेतलाई समेटी यो प्रतिवेदन तयार पारिएको छ। वडा कार्यालयको सिफारिस पत्र **अनुसूची ३ मा राखिएको छ।**

## ३.४ तथ्याङ्क विश्लेषण/प्रभावको पहिचान/अनुमान/मूल्याङ्कन, प्रभाव न्यूनीकरण विधिको पहिचान, सुझाव एवम् प्रतिवेदन तयारी

स्थलगत अध्ययन, अवस्थिति अवलोकन, छलफल, अर्न्तक्रिया तथा अन्तरवार्ताबाट प्राप्त तथ्याङ्कहरूलाई तालिका र नक्साको माध्यमबाट विश्लेषण गरिएको छ। विगतमा गरिएका अध्ययन प्रतिवेदन र त्यसमा उल्लेखीत तथ्याङ्कलाई समेत आवश्यकता अनुसार प्रतिवेदनमा उल्लेख गरिएको छ। सकारात्मक तथा नकारात्मक प्रभावको विश्लेषणको लागि राष्ट्रिय वातावरणीय प्रभाव मूल्याङ्कन निर्देशिका २०५० बमोजिम गरिएको छ । प्रभावको प्रकृति, आकार, विस्तार र अवधिलाई भार अङ्कको आधारमा विश्लेषण गरिएको छ। प्रभावको प्रकार र तिनीहरूको अङ्कभारलाई तालिकामा देखाइएको छ ।

**तालिका नं. ६ : प्रस्तावको प्रभाव र अङ्कभार**

| प्रभावको किसिम | प्रकृति | आकार | विस्तार | अवधि | प्रभावको महत्त्व |
|---|---|---|---|---|---|
| सकारात्मक | प्रत्यक्ष (१)<br>अप्रत्यक्ष (२) | उच्च (६०)<br>मध्यम (२०)<br>निम्न (१०) | क्षेत्रीय (६०)<br>स्थानीय (२०)<br>ठाउँ विशेष(१०) | लामो अवधि (२०)<br>मध्यम समय (१०)<br>छोटो समय (५) | धेरै औचित्यवान(७५ भन्दा बढी)<br>औचित्यवान (४५-७४)<br>औचित्यहवान(४५ भन्दा कम) |
| नकारात्मक | प्रत्यक्ष (१)<br>अप्रत्यक्ष (२) | उच्च (६०)<br>मध्यम(२०)<br>निम्न(१०) | क्षेत्रीय (६०)<br>स्थानीय (२०)<br>क्षेत्र विशेष (१०) | लामो अवधि (२०)<br>मध्यम अवधि (१०)<br>अल्पकालीन (५) | धेरै औचित्यवान(७५ भन्दा बढी)<br>औचित्यवान (४५-७४)<br>औचित्यहवान (४५ भन्दा कम) |

**स्रोतः**राष्ट्रिय वातावरणीय प्रभाव मूल्याङ्कन निर्देशिका, २०५०

**द्रष्टव्य :**

१. प्रकृति : वातावरणमा परेको प्रभावको प्रकृति प्रत्यक्ष वा अप्रत्यक्ष,
२. आकार : वातावरणमा परेको प्रभावको नाप वा भार (उच्चभार ६०, मध्यम २० र निम्न १०),
३. विस्तार : वातावरणीय प्रभावको विस्तार जस्तैः क्षेत्रीय स्तरमा पर्ने प्रभाव ६०, स्थानीय स्तरमा परेको प्रभाव २० र सङ्कलन/उत्खनन क्षेत्र वरिपरि पर्ने प्रभाव १०,
४. अवधि : अल्पकालीन प्रभाव (एक वर्ष भन्दा कम), मध्यमकालीन प्रभाव (१-५ वर्ष सम्म पर्ने प्रभाव) र दीर्घकालीन प्रभाव (५ वर्ष भन्दा बढी देखिने प्रभाव) र
५. प्रभावको महत्त्व र कूल प्रभाव ।

ढुङ्गा, मिस्कट र बालुवा सङ्कलन/उत्खनन् क्षेत्र छनोट त्यहाँको भू-जैविक अवस्था, सम्भावित प्रभाव, सामाजिक-आर्थिक क्षेत्रमा पर्न सक्ने प्रभाव, स्थानीय बासिन्दाहरूको भनाई र छनौट, स्थानीय आवश्यकता नदीजन्य पदार्थको उपलब्धतालाई आधार मानिएको छ । सङ्कलन गर्न सिफारिस गरिएको क्षेत्रमा उपलब्ध नदीजन्य पदार्थको मात्रा, अधिकतम निकाल्न मिल्ने परिमाण, स्थानीय भू-जैविक वातावरणमा न्यून प्रभाव हुने गरी उक्त क्षेत्रको लम्बाई, चौडाई र गहिराईलाई समेत ध्यानमा राखेर मात्र निकाल्न मिल्ने परिमाणको गणना गरिएको छ । नदीको बहाव, बगरको अवस्था, विगतमा सङ्कलन गरिएको वा नगरिएको क्षेत्र, वातावरणमा पर्न सक्ने सम्भावित नकारात्मक प्रभाव, स्थानीय बासिन्दाहरूको आवाज, बाँधको अवस्था र नदीमा थुप्रीएको ढुङ्गा, मिस्कट र बालुवाको मात्रालाई ध्यानमा राखेर नदीलाई वार्षिक रूपमा ठेक्का लगाई नदीजन्य पदार्थको व्यवस्थापन गर्नुपर्ने हुन्छ। उक्त कार्य गर्दा प्रतिवेदनमा उल्लेख भए अनुसार सिफारिस गरिएको **७० प्रतिशत मात्र सङ्कलन/उत्खनन् गर्नुपर्ने हुन्छ ।**

## ३.५ स्थलगत अध्ययन, अवलोकन, फोटो, नमूना सङ्कलन, चेकलिष्ट तथा प्रश्नावली

प्रस्तावित नदी क्षेत्रको स्थलगत अध्ययन २०८२ माघ ७ देखि १० सम्म गरिएको छ । त्यसैगरी विभिन्न समयमा थप अध्ययन, तथ्याङ्क सङ्कलन तथा नमूना सङ्कलन गरिएको छ । स्थलगत अध्ययनको क्रममा भौतिक, जैविक, रासायनिक, सामाजिक, आर्थिक र साँस्कृतिक वातावरणसँग सम्बन्धित तथ्याङ्कहरू सङ्कलन गरिएका छ । **प्रा.वा.प.** अध्ययनको क्रममा तथ्याङ्क सङ्कलन गर्न प्रयोग गरिएको विधि निम्नानुसार रहेको छ ।

**तालिका नं. ७ : प्रा.वा.प. अध्ययनको क्रममा सङ्कलन गरिने तथ्याङ्क/जानकारी र प्रयोग गरिने विधि**

| क्र.सं. | तथ्याङ्क/जानकारीको विषय | तथ्याङ्क/जानकारी सङ्कलन गरिने क्षेत्र | सूचक/मापक | तथ्याङ्क/जानकारी सङ्कलन गरिने विधि |
|---|---|---|---|---|
| **क) भौतिक तथा रासायनिक वातावरण** | | | | |
| १. | भू-उपयोग | समग्र प्रभाव क्षेत्र | विभिन्न भू-उपयोग अन्तर्गतको क्षेत्रफल र उचाई | स्थलगत अध्ययन र अवलोकन, टोपोग्राफिक नक्सा, जि.आई.यस. र गुगल नक्साको विश्लेषण |
| २. | भू-गर्भ तथा भूमिगत जलस्रोत साथै जलाधार क्षेत्र | समग्र प्रभाव क्षेत्र | विभिन्न भौगर्भिक क्षेत्र अन्तर्गतको क्षेत्रफल | स्थलगत अवलोकन, जि.आई.एसको प्रयोग तथा द्वितीय स्रोतको आधारमा माटो तथा चट्टानको प्रकार र भौगर्भिक संरचना तथा नक्साङ्कन |
| ३. | मौसम तथा जलवायु | रोहिणी नदीको प्रत्यक्ष प्रभाव क्षेत्र | वर्षा, तापक्रम र आद्रता | जल तथा मौसम विज्ञान विभागबाट प्रकाशित पुस्तक, रोहिणी नदी क्षेत्र नजिकै रहेको मापन केन्द्र |
| ४. | वायुको गुणस्तर तथा वायुको गति | रोहिणी नदी क्षेत्र प्रत्यक्ष प्रभाव क्षेत्र | वायुमापन यन्त्र | जल तथा मौसम विज्ञान विभागबाटप्रकाशित पुस्तक, रोहिणी नदी क्षेत्र नजिकै रहेको मापन केन्द्र |
| ५. | पानीको गुणस्तर | सङ्कलन/उत्खनन् क्षेत्रमा प्रयोग हुने | सम्बन्धित क्षेत्रमा पानी जम्मा | नमूना सङ्कलन गरी प्रयोगसालामा परीक्षण |

| | | | | |
|---|---|---|---|---|
| | | पानी | | |
| ६. | ध्वनी प्रदुषण | नदीजन्य पदार्थ सङ्कलन/उत्खनन् को प्रत्यक्ष प्रभाव क्षेत्र | ध्वनिको मात्रा (डेसिबेल) | बोकेर हिँड्न सकिने यन्त्रको प्रयोग गरी स्थलगत मापन |
| ७. | फोहोरमैला व्यवस्थापन | रोहिणी नदीको प्रत्यक्ष प्रभाव क्षेत्र | सरसफाइको अवस्था | प्रत्यक्ष अवलोकन, स्थानीय बासिन्दा, वडा कार्यालय, तथा बालुवा उद्योगी र जन प्रतिनिधिसँग छलफल |
| ८. | बाढी, भू-क्ष्य, किनारकटान, भूकम्प लगायत अन्य जोखिमहरू | रोहिणी नदीको प्रत्यक्ष प्रभाव क्षेत्र | सम्भावित बाढी, पहिरो, भूकम्प आदिको जोखिमयुक्त क्षेत्रहरूको स्थान, आकार र सङ्ख्या | प्रत्यक्ष अवलोकन, जि.पि.एस अवस्थिती, जोखिम नक्साअध्ययन, स्थलगत मापन, प्रतिवेदन र स्थानीय अग्रजसँगको रायसुझाव |
| ९. | प्राकृतिक परिदृश्य | समग्र प्रभाव | परिदृश्यको प्राकृतिक अवस्था | प्रत्यक्ष अवलोकन साथै अध्ययन प्रतिवेदन आदि |
| **ख) जैविक वातावरण** | | | | |
| १. | वन जङ्गल वा पारिस्थितीकीय प्रणाली | रोहिणी नदीको समग्र प्रभावित क्षेत्र | वन जङ्गल वा पारिस्थितीकीय प्रणालीको प्रकार | प्रत्यक्ष अवलोकन साथै प्रकाशित प्रतिवेदन |
| २. | वनस्पति | रोहिणी नदीको प्रत्यक्ष प्रभाव क्षेत्र | वनस्पतिको प्रकार, लोपुन्मुख सङ्ख्या, घनत्त्व, कटान हुने रूखको सङ्ख्या आदि | प्रत्यक्ष अवलोकन र सर्वेक्षण तथा स्थानीय बासिन्दासँग अन्तर्क्रिया |
| ३. | जनावर | रोहिणी नदीको प्रत्यक्ष प्रभाव क्षेत्र | जनावरको प्रकार, लोपुन्मुख सङ्ख्या र घनत्त्व | प्रत्यक्ष अवलोकन र सर्वेक्षण तथा स्थानीय बासिन्दासँग अन्तरक्रिया आदि |
| **ग) सामाजिक, आर्थिक तथा साँस्कृतिक वातावरण** | | | | |
| १. | जनसङ्ख्या | रोहिणी नदीको प्रत्यक्ष प्रभाव क्षेत्र | लिङ्ग, उमेर, भाषा, साक्षरता र | प्रत्यक्ष अवलोकन, सर्वेक्षण, केन्द्रीय तथ्याङ्क विभागबाट |

| | | | | |
|---|---|---|---|---|
| | | | धर्म-सँस्कृति | प्राप्त तथ्याङ्क, |
| २. | जीवनशैली | रोहिणी नदीको प्रत्यक्ष प्रभाव क्षेत्र | घरको प्रकार, खाद्य सुरक्षा, उर्जा, बत्ति, खानेपानी, सञ्चार, सरसफाई, | गाउँपालिकाबाट प्राप्त जानकारीहरू र प्रकाशन सामग्रीहरू आदि |
| ३. | जीविकोपार्जन | रोहिणी नदीको प्रत्यक्ष प्रभाव क्षेत्र | पेसा, व्यवसाय, रोजगारी | अन्तर्वाता र प्रत्यक्ष सर्म्पक |
| ४. | जनस्वास्थ्य | रोहिणी नदीको प्रत्यक्ष प्रभाव क्षेत्र | प्रमुख रोग साथै स्वास्थ्य अवस्था | जनस्वास्थ्य कार्यालय, स्थानीय स्वास्थ्य संघ संस्था र प्रकाशित प्रतिवेदन |
| ५. | सेवा प्रदायक निकायमा पहुँच | रोहिणी नदीको प्रत्यक्ष प्रभाव क्षेत्र | यातायात, शिक्षा, स्वास्थ्य, कृषि सेवा र सुरक्षा निकाय | स्थानीय प्रहरी चौकी, विद्यालय जनप्रतिनिधि र अग्रज व्यक्तित्वहरू |
| ६. | सार्वजनिक भौतिक पूर्वाधार | रोहिणी नदीको प्रत्यक्ष प्रभाव क्षेत्र | सार्वजनिक स्वामित्वका पूर्वाधारहरू | स्थलगत अध्ययन, नक्सार फोटो |
| ७. | उद्योग र विकास | रोहिणी नदीको प्रत्यक्ष प्रभाव क्षेत्र | औद्योगिक तथा विकास सम्बन्धी संस्थाहरू | स्थानीय साना लघु तथा घरेलु उद्योग, क्रसर, प्रत्यक्ष अवलोकन |
| ८. | सामाजिक संघसंस्था | रोहिणी नदीको प्रत्यक्ष प्रभाव क्षेत्र | स्थानीय युवा क्लब, टोल विकास संस्था र समूह आदि | प्रत्यक्ष भेटघाट, कार्यालय अवलोकन र होडिङ्बोड आदि |
| ९. | ऐतिहासिक/पुरातात्त्विक संरचना | रोहिणी नदीको प्रत्यक्ष प्रभाव क्षेत्र | ऐतिहासिक/पुरातात्त्वक संरचना/स्थानहरू | स्थलगत अवलोकन र प्रतिवेदन अध्ययन |
| १०. | धार्मिक-साँस्कृतिक/संरचना/ प्रचलन र स्थानहरू | रोहिणी नदीको प्रत्यक्ष प्रभाव क्षेत्र | मठ-मन्दिर, गुम्बा, मस्जिद, चर्च, पार्टी पौवा जस्ता संरचना र सत्गत् (अन्त्येष्टि) गर्ने स्थानहरू साथै चाडपर्व, पूजा | प्रत्यक्ष अवलोकन र सर्वेक्षण तथा, केन्द्रीय तथ्याङ्क विभागवाट प्राप्त तथ्याङ्क, स्थानीय जानकारीहरू, गाउँपालिका लगायत अन्य धार्मिक संघसस्थाहरूबाट प्रकाशन सामग्रीहरू |

| | | | | |
|---|---|---|---|---|
| | | | अर्चना लगायतका प्रचलनहरू | |

### ३.५.१ भौतिक वातावरण

रोहिणी गाउँपालिका १ र २ नं. वडा भएर बग्ने रोहिणी नदीको विभिन्न वगर क्षेत्रको भौतिक वातावरण अध्ययन एवम् सङ्कलन गर्दा नदी स्थल तथा वरपरका क्षेत्रको भौतिक वातावरणीय पक्षको भौतिक वातावरण विज्ञ सम्मिलित टोलीबाट अध्ययन गरिएको छ । नदीको पाँचसय मिटर वरपरको क्षेत्रमा केन्द्रित भएर अध्ययन गरिएको छ । प्रस्तावित क्षेत्रका मुख्य बस्ती तथा क्षेत्रलाई समेत अध्ययनमा समावेश गरिएको छ । टोपोग्राफी, भू-उपयोग, माटो, भूगर्भ, हाइड्रोलोजी, जलवायु, पानीको गुणस्तर, ध्वनी तथा कम्पन, क्रसर तथा बालुवा प्रसोधन उद्योग सञ्चालन भैरहेका बारेमा समेत अध्ययन गरिएको छ । प्रस्तावित क्षेत्रको भौतिक वातावरणसँग सम्बन्धित तस्वीरहरू रेकर्ड तथा सङ्कलन समेत गरिएको छ ।

### ३.५.२ जैविक वातावरण

वनस्पति, जल, जमिन, माटो, कृषि, हावापानी र माटोको गुणस्तरमा हुने रासायनिक परिवर्तनहरू अव्यवस्थित ढुङ्गा, मिस्कट र बालुवा सङ्कलन गर्ने, बजारको फोहोरमैला, नदी अतिक्रमण गरेर संरचना बनाउने, प्रत्यक्ष अप्रत्यक्ष रूपमा यन्त्रउपकरणहरू सोझै नदीमा प्रयोग हुने प्रवृतिले नारायणीनदीमा जलचरको वासस्थान खलबलिएको छ । रोहु, मन्सार, मोही, असला, झिङ्गे माछा लगायत अन्य माछाको मुख्य आहारा लेउ हो । लेउ लाग्ने ढुङ्गामा हिलो र फोहोर जम्न थालेपछि माछा पनि कम हुँदै गएका छन् । माछाको अवैध सिकारलाई नियन्त्रण गर्नुपर्दछ । सहरउन्मुख, आवादीसँगै फोहोरमैला नदीमा फालिएको छ । जसले गर्दा नदी धमिलो र फोहोर हुदै गएको छ । विष प्रयोग गर्ने, करेन्ट लगाएर माछा मार्नेलाई कारवाइको दायरामा ल्याउनुपर्दछ । यसमा गाउँपालिका र स्थानीय प्रसासनले कडाइ गर्नुपर्दछ । खासगरी नदी आसपासमा रहेका बस्तीका बासिन्दालाई रोहु, मन्सार, मोही, असला, हुन्डा, चेपुवा र सिद्रा माछा लगायत अन्य माछाको संरक्षण र जलचर सम्बन्धी नियमित रूपमा जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्नुपर्दछ ।

### ३.५.३ सामाजिक, आर्थिक र साँस्कृतिक वातावरण

रोहिणी गाउँपालिका १ र २ नं. वडा भएर बग्ने रोहिणी नदीको वगर क्षेत्रमा वातावरणीय अध्ययन गर्दा सामाजिक-आर्थिक र साँस्कृतिक प्रभावको एक अध्ययन गरिएको छ । नदीजन्य पदार्थ उत्खनन् र सङ्कलन गर्दा सामाजिक, आर्थिक क्षेत्रमा कस्तो प्रकारको परिवर्तन ल्याउँछ, नदी क्षेत्र वा वरपरका समुदायको लाभदायक वा प्रतिकूल प्रभाव पार्ने विषयमा अध्ययन गरिएको छ । कृषि, पशुपन्छीं, वन, बस्ती, स्वास्थ्य, सामाजिक मूल्यमान्यतामा पार्ने प्रभाव सम्बन्धी विज्ञ टोलीबाट स्थलगत अध्ययन गरिएको छ ।

रोहिणी गाउँपालिका १ र २ नं. वडा भएर बग्ने रोहिणी नदीको वगर क्षेत्रको सामाजिक-आर्थिक तथा साँस्कृतिक वातावरणसँग सम्बन्धित जानकारी सङ्कलनको लागि नदी क्षेत्रको प्रत्यक्ष अवलोकन तथा लक्षित अन्तर्वार्ता र अन्तर्क्रिया मार्फत गरिएको छ । सामाजिक, आर्थिक तथा साँस्कृतिक वातावरणका विज्ञ सहितको अध्ययन टोलीद्वारा गरिने स्थलगत अध्ययनमा घरधुरी, जनसङ्ख्याको वितरण, जातजातिहरू, धर्म, मातृभाषा, शैक्षिक अवस्था, स्वास्थ्य संस्थाको अवस्था, सडक, खानेपानीको स्रोत, उर्जाको स्रोत, धार्मिक स्थलहरू, स्थानीयले मान्ने प्रमुख चाडपर्वहरू, स्थानीयले लगाउने प्रमुख बालीनालीहरू, प्रमुख फलफूलहरू, स्थानीय स्तरमा गरिएको तरकारी खेती, खेतबारीमा सिँचाईको अवस्था, सिंचाइ समूहको नाम, पशुपंक्षीपालन तथा कुखुरापालन एवम् तिनको व्यवसायीकरणको अवस्था, बस्तीमा सञ्चालन रहेका आयोजनाहरू, बस्ती क्षेत्रमा काम गर्ने संघसंस्थाहरू, नजिकमा पर्ने बजार क्षेत्र/आर्थिक कारोबार हुने ठाउँ, बस्तुहरूको बजारभाउ, कामको ज्याला दर, वडा कार्यालय भएको स्थान र नजिकको प्रहरी चौकी रहेको स्थानको अध्ययन गरिएको छ । स्थानीयसँग सम्बन्धित छलफल तथा अर्न्तक्रिया कार्यक्रम गरिएको छ । प्रत्यक्ष प्रभावित क्षेत्रमा जानकार व्यक्तिसँग अन्तर्वाता मार्फत सामाजिक, आर्थिक तथा साँस्कृतिक वातावरणको विवरण सङ्कलन गरिएको छ ।

### ३.५.४ साँस्कृतिक वातावरण

रोहिणी गाउँपालिका १ र २ नं. वडा भएर बग्ने रोहिणी नदीको वगर क्षेत्रमा स्थलगत अध्ययनका क्रममा साँस्कृतिक वातावरणमा पार्न सक्ने प्रभावका विषयमा अध्ययन गरिएको छ । नदीजन्य पदार्थ उत्खनन् र सङ्कलन कार्यबाट साँस्कृतिक, एतिहासिक र धार्मिक स्थलहरू नभएको पाइएको छ ।

### ३.५.५ सङ्कलित नमूना (माटो, पानी आदि) को प्रयोगसालामा विश्लेषण

रोहिणी नदी क्षेत्रमा बाह्रै महिना सफा पानी बग्ने भएकोले तत्कालका लागि माटो र पानीको प्रयोगसालामा गुणस्तर परीक्षण गर्न आवश्यक देखिएन ।

### ३.५.६ प्राप्त तथ्याङ्कहरूको विश्लेषण

स्थलगत अध्ययनबाट प्राप्त सूचनाहरूको अध्ययन, सन्दर्भ ग्रन्थ तथा सामग्रीहरूको पुनरावलोकनबाट प्राप्त जानकारीहरूलाई प्रस्ताव कार्यान्वयन गर्दा हुने वा हुन सक्ने सम्भाव्य प्रतिकूल र अनुकूल प्रभावको पहिचान गरिएको छ । तिनलाई भौतिक तथा रासायनिक, जैविक, सामाजिक-साँस्कृतिक-आर्थिक गरी तीन शिर्षकमा छुट्याएर वर्गीकरण गरिएको छ । प्रस्तावित क्षेत्रको विशेष अध्ययन गरि विश्लेषणबाट आएका प्रथम र दोस्रो क्रममा भएका तथ्याङ्क तथा जानकारीलाई संक्षिप्तीकरण गरी आवश्यकता अनुसार तालिकामा राख्ने तथा प्रतिवेदनमा समावेश गरी तिनबाट पर्ने प्रभावहरूको मूल्याङ्कन गरिएको छ ।

### ३.५.७ प्रभावको पहिचान, आँकलन तथा उल्लेखनीय प्रभावको मूल्याङ्कन

प्रस्ताव कार्यान्वयन क्षेत्रको सन्दर्भ सामग्री तथा स्थलगत अध्ययनबाट प्राप्त जानकारीलाई प्रस्ताव कार्यान्वयन गर्दा हुने सम्भाव्य अनुकूल र प्रतिकूल असरहरूको पहिचान गरिएको छ । त्यसको भौतिक, रासायनिक, जैविक, सामाजिक, आर्थिक र साँस्कृतिक गरी ४ शिर्षक अन्तर्गत छुट्याइएको छ । स्थलगत सर्वेक्षणको क्रममा उठेका मुद्दाहरू र रोहिणी गाउँपालिका १ र २ नं. वडा भएर बग्ने रोहिणी नदीको वगर क्षेत्रको आधारभूत वातावरणीय अवस्थाको आधारमा नदीजन्य पर्दाथ उत्खनन् र सङ्कलन चरणमा वातावरणमा पार्ने प्रभावहरूको पहिचान गरिएको छ । सम्भाव्य अनुकूल र प्रतिकूल असरहरूको स्थानीय वातावरणमा भविष्यमा हुन सक्ने परिवर्तनहरूको अनुमान गरिएको छ । वातावरणीय पद्धतिको विश्लेषण गर्न मेट्रिक्स प्रणाली अपनाइएको छ । प्रस्तावसँग सम्बन्धित संविधान, नीति, ऐन, नियम, निर्देशिका र पूर्व अनुभव तथा विशेषज्ञताको आधारमा गरिएको छ । राष्ट्रिय वातावरणीय प्रभाव मूल्याङ्कन निर्देशिका २०५०, वातावरण संरक्षण नियमावली २०७७, रोहिणी गाउँपालिकाको संक्षिप्त वातावरणीय अध्ययन तथा प्रारम्भिक वातावरणीय परीक्षण कार्यविधि, २०७८ बमोजिम प्रारम्भिक वातावरणीय परीक्षणलाई प्रकृति, परिमाण, सीमा, र समयावधिमा वर्गीकरण गरिएको छ । प्रकृतिलाई प्रत्यक्ष अप्रत्यक्ष परिमाणलाई उच्च, मध्यम र निम्न, सीमालाई क्षेत्रीय, स्थानीय र स्थलगत र समयावधिलाई दीर्घकालीन, मध्यमकालीन र अल्पकालीन गरी ३ भागमा विभाजन गरी विश्लेषण गरिएको छ । तथ्याङ्क सङ्कलन भए पश्चात प्राप्त सूचनाहरूलाई अध्ययन गरी आवश्यकता अनुसार प्रष्ट पारिएको छ ।

## ३.६ मस्यौदा प्रतिवेदनको तयारी, सार्वजनिक परामर्श, छलफल, अर्न्तर्क्रिया र सुनुवाई

### ३.६.१ मस्यौदा प्रतिवेदनको तयारी

साहित्य पुनरावलोकन, सरोकारवाला निकायसँग गरिएका छलफल, प्राप्त सुझाव र स्थलगत अध्ययनबाट प्राप्त विषयवस्तुलाई समेटी यो प्रतिवेदन तयार गरिएको छ ।

### ३.६.२ सार्वजनिक परामर्श र छलफल

स्थलगत अध्ययनका क्रममा प्रस्ताव कार्यान्वयन हुने क्षेत्र वरपरका स्थानीय बासिन्दाहरूसँग प्रस्ताव कार्यान्वयन हुँदा स्थानीय वातावरणमा पर्नसक्ने प्रभावका बारेमा सोधपुछ गरिएको छ । २०८२ माघ ७ देखि १० सम्म स्थलगत अध्ययनको क्रममा स्थानीयहरूसँग छलफल गरिएको छ । प्रश्नावली अनुसार तथ्याङ्क सङ्कलन समेत गरिएको छ । प्रमुख सवाल तथा सुझावहरू नदीजन्य पदार्थ उत्खनन् तथा सङ्कलन हुँदा त्यस क्षेत्रमा निर्माणजन्य सामग्रीको सुविधा हुने, स्थानीयलाई रोजगारी, नदी पूर्व दक्षिण तर्फ प्राकृतिक बहावमा बग्ने हुदा बस्ती संरक्षण हुने, गाउँपालिकाको आन्तरिक राजस्वमा वृद्धि र क्रसर व्यवसाय सञ्चालन हुनेछन् ।

### ३.६.३ सार्वजनिक समीक्षा

वातावरणीय अध्ययन तयारी कार्यको सिलसिलामा वातावरणीय प्रतिवेदनको सार्वजनिक समीक्षा र टिप्पणीहरू सङ्कलन गरिएको छ । सरकारी, गैरसरकारी संघसंस्थाहरू, वडा, टोल आदि समावेश भएका छन् । प्रभाव पहिचान सम्बन्धमा भएका छलफलमा नदीजन्य पदार्थ सङ्कलन तथा उत्खननले वातावरणमा कुनै प्रभाव पारेको छ कि छैन सम्वेदनशील क्षेत्रको प्रतिकूल प्रभाव पारेको छ कि छैन भन्ने विषयमा सम्भावित जोखिमको मूल्याङ्कन गरिएको छ ।

### ३.६.४ नकारात्मक प्रभाव

नदीजन्य पदार्थ उत्खनन् एवम् सङ्कलन गर्दा हुने फोहोरको उचित व्यवस्थापन गर्न कमी कमजोरी रहेमा सरूवा रोग फैलने डर रहेको छ । नदीको छेउमा उत्सर्जन गरेको फोहोर पानीको उचित व्यवस्थापन नहुँदा वरपरको वातावरण र रोहिणी  नदी प्रत्यक्ष प्रदुषण हुन सक्नेछ । नदीजन्य पदार्थ सङ्कलन गर्न आउने कर्मचारी, कामदार र वाह्य व्यक्तिहरूको आगमनसँगै सामाजिक र साँस्कृतिक वातावरणमा नकारात्मक असर पार्न सक्नेछ । स्थानीयसँगको छलफलका क्रममा प्राप्त तथ्याङ्क प्रतिवेदनमा सङ्लग्न गरिएको छ । उठेका सवालहरूलाई क्रमागत रूपमा वातावरणीय प्रभाव र रोकथामका उपाय तथा वातावरण व्यवस्थापन योजनामा सङ्लग्न गरिएको छ ।

### ३.६.५ सार्वजनिक सुनुवाई

वातावरण संरक्षण नियमावली २०७७, रोहिणी गाउँपालिकाको संक्षिप्त वातावरणीय अध्ययन तथा प्रारम्भिक वातावरणीय परीक्षण कार्यविधि, २०७८ बमोजिम प्रभावित क्षेत्रमा रायसुझाव र सार्वजनिक सुनुवाई कार्यक्रमका लागि **बुटवलबाट प्रकाशित हुने लुम्बिनी राष्ट्रिय दैनिक पत्रिकामा २०८२/१०/०१ मा सूचना प्रकाशित गरिएको छ । मिति २०८२/१०/०७ गते** रोहिणी गाउँपालिका १ र २ नं. वडा  भएर बग्ने  रोहिणी नदीको बगर क्षेत्र सम्बन्धमा जनप्रतिनिधि, शिक्षक, स्वास्थ्य समाजसेवी, टोल सुधार समितिका प्रतिनिधि, कर्मचारी लगायत सरोकारवाला स्थानीय व्यक्तिहरूको उपस्थितिमा सार्वजनिक सुनुवाई कार्यक्रम सम्पन्न भएको छ । नदीजन्य पदार्थको प्रा.वा.प.अध्ययनको औचित्य र आवश्यकताको बारेमा अध्ययनमा सङ्लग्न विज्ञ टोलीबाट जानकारी गराइएको छ । उपस्थितहरूले नदीजन्य पदार्थ त्यस स्थानको अत्यावश्यक विषय भएको र उत्खनन् सङ्कलनका लागि आवश्यक सहयोग गर्ने सम्पूर्ण उपस्थितिहरूको भनाई रहेको छ । कार्यक्रममा उठेका सवालहरूलाई वातावरणीय प्रभाव, रोकथामका उपाय तथा वातावरणीय व्यवस्थापन योजनामा समावेस गरिएको छ । सार्वजनिक सुनुवाई कार्यक्रमको माइन्यूटको प्रति अनुसूचीमा समावेश गरिएको छ।  यसको संक्षिप्त विवरण तल प्रस्तुत गरिएको छ।

**तालिका नं. ८ : सार्वजनिक सुनुवाई कार्यक्रमको संक्षिप्त विवरण**

| | |
|---|---|
| **मिति** | **२०८२/१०/०७** |

| | |
|---|---|
| **स्थान** | रोहिणी गाउँपालिका १ र २ नं. वडा भएर बग्ने रोहिणी नदीको वगर सम्बन्धमा १ नं. वडा कायालयमा |
| **छलफलको विषय/उद्देश्य** | **नदीजन्य पदार्थ उत्खनन् र सङ्कलन**नका क्रममा प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन तयारीका लागि स्थानीयको रायसुझाव सङ्कलन |
| **कार्यक्रम** | • कार्यक्रम सञ्चालन,<br>• परिचयात्मक कार्यक्रम,<br>• वातावरणीय अध्ययनको विषयमा प्रकाश,<br>• अध्ययनमा सङ्लग्न विज्ञबाट कार्यक्रमको उद्देश्य तथा आवश्यकत्ता बारेमा प्रकाशन,<br>• छलफलका लागि खुल्ला,<br>• माइन्यूट, निर्णय तथा समापन । |
| **सार्वजनिक सुनुवाइको क्रममा उठेका सवाल तथा रायसुझाव** | • नदीजन्य पदार्थ उत्खनन् र सङ्कलन गर्दा फोहोर र फोहोरपानीलाई उचित व्यवस्थापन गर्नुपर्ने,<br>• नदीजन्य पदार्थ उत्खनन् र सङ्कलनबाट हुने ध्वनी, वायु र धुलोजन्य प्रदुषणलाई न्यूनीकरणका उपाय अपनाउनु पर्ने,<br>• वातावरणीय प्रभाव न्यूनीकरणका उपाय र वातावरणीय व्यवस्थापन योजना तयार गरी कार्यान्वयन गर्नुपर्ने,<br>• ढुवानीका साधन : टिपर, जेसिवी र ट्याक्टर आदि सञ्चालन हुँदा बस्तीक्षेत्रमा २० किमिको स्पिडमा सञ्चालन गर्नुपर्ने,<br>• नदीजन्य पदार्थलाई व्यवस्थापन गर्दा आसपासमा रहेका स्थानीय बासिन्दालाई सहुलियत रूपमा निर्माणजन्य सामग्री उपलब्ध गराउनुपर्ने र<br>• गाउँपालिकाले प्रभावित स्थानीयलाई रोजगारीमा प्राथमिकता दिनुपर्ने । |
| **समापन तथा निष्कर्ष** | सार्वजनिक सुनुवाइको क्रममा उठेका सवालहरू अध्ययनमा सङ्लग्न टोलीबाट प्रकाश पारिएको छ । तिनलाई प्रा.वा.प. प्रतिवेदनमा सङ्लग्न गरी उचित योजना बनाइने निर्णय सहित माइन्यूट तयार गरिएको छ । सम्पूर्ण सहभागीबाट अध्ययन टोलीलाई शुभकामना सहित कार्यक्रम समापन गरिएको छ । |

### ३.६.६ रायसुझाव समावेश गरी अन्तिम प्रतिवेदन तयारी

सार्वजनिक सूचना तथा सार्वजनिक सुनुवाई समेतका आधारमा प्राप्त रायसुझाव तथा रोहिणी गाउँपालिका १ र २ नं. वडा भएर बग्ने रोहिणी नदीको वगर क्षेत्रको स्थलगत भ्रमण गरी

भौतिक, जैविक, आर्थिक, सामाजिक तथा साँस्कृतिक पक्षहरूको अध्ययन गरिएको छ । यसरी अध्ययन गरी प्राप्त जानकारी र सरोकारवालाहरू समेतको रायसुझाव तथा सिफारिसको आधारमा प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन वातावरण संरक्षण नियमावली २०७७ को **अनुसूची ११** अनुसार उल्लेखित सबै विवरण सहित तयार गरिएको छ । मस्यौदा प्रतिवेदनले पत्ता लगाएका क्षेत्रहरू माथि सरोकारवाला सहित छलफल गरी सो समेत समावेश गरी अन्तिम प्रतिवेदन तयार पारिएको छ र सम्बन्धित निकाय समक्ष स्वीकृतिका लागि पेश गरिएको छ ।

# अध्याय चार : संविधान, नीति, कानूनी व्यवस्था, मापदण्ड एवम् सन्धि सम्झौता

## ४.१ ऐन, नीति तथा कानूनी प्रावधान

प्रस्तावसँग सम्बन्धित संविधान, नीति, ऐन, नियमावली, निर्देशिका, मापदण्ड, आवधिक योजना, रणनीति, गुरूयोजना, सम्मानित सर्वोच्च अदालतबाट भएका फैसला, सन्धि, सम्झौताहरू तपशीलका रहेका छन् :

| क.सं. | कानूनी दस्तावेजहरू | प्रस्ताव कार्यान्वयन गर्दा आकर्षित हुने दफा, उपदफा, नियम, उपनियम, खण्ड र बुँदा |
|---|---|---|
| १. | संविधान २०७२ | नेपालको संविधान २०७२ को भाग ४ को धारा ५१ मा राज्यका नीतिहरू (छ) मा प्राकृतिक साधन स्रोतको संरक्षण, संवर्धन र उपयोग सम्बन्धी नीति अन्तर्गत ( ९) मा प्राकृतिक प्रकोपवाट हुने जोखिम न्यूनीकरण गर्न पूर्व सूचना, तयारी, उद्धार, राहत एवम् पूनर्स्थापना गर्ने कुरा उल्लेख छ । त्यस्तै अनुसूची ७ को संघ र प्रदेशको साझा अधिकारको सूची अन्तर्गत क.सं. १७ मा प्राकृतिक तथा गैर प्राकृतिक विपद् पूर्व तयारी उद्धार तथा राहत र पुनर्लाभको व्यवस्था गरेको छ । अनुसूची ८ को स्थानीय तहको अधिकारको सूची अन्तर्गत क.सं. २० मा विपद् व्यवस्थापनको व्यवस्था गरेको छ । अनुसूची ९ को संघ, प्रदेश र स्थानीय तहको अधिकारको साझा सूची अन्तर्गत क्रसं. ९ मा विपद् व्यवस्थापनको व्यवस्था गरेको छ । |
| २. नीति | | |
| १ | राष्ट्रिय वातावरण नीति, २०७६ | बुँदा ६ र ८१ मा प्रदूषण नियन्त्रण, फोहोरमैला व्यस्थापन र हरियाली प्रवर्द्धन, वातावरणीय प्रदूषण रोकथाम, नियन्त्रण र न्यूनीकरण सम्बन्धी नीति रहेको छ । |
| २ | राष्ट्रिय जलवायु परिवर्तन नीति, २०७६ | बुँदा ८७ जलवायु परिवर्तन अनुकूलनमा क्षमता बढाउने, वातावरणीय प्रणालीको लचिलोपना विकास गर्ने, कम कार्बन आर्थिक विकासको अवधारणा अपनाएर हरित अर्थव्यवस्थाको प्रवर्द्धन गर्ने, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय वित्त परिचालन गर्ने, सूचना सेवालाई प्रभावकारी बनाउने र जलवायु परिवर्तनलाई सान्दर्भिक नीति, रणनीतिमा परिवर्तन गर्ने उद्देश्य रहेको छ । |

| | | |
|---|---|---|
| **३** | **भू-उपयोग नीति, २०७२** | उपलब्ध भूमि र भूमिश्रोतको समुचित उपयोग गरी दिगो रूपमा सामाजिक, आर्थिक तथा वातावरणीय विकास र समृद्धि हासिल गर्नु यस नीतिको दीर्घकालीन दृष्टिकोण रहेको छ । यस नीतिको उद्देश्यमा राष्ट्रको समग्र भूमिलाई विभिन्न भू-उपयोगका क्षेत्रहरूमा वर्गीकरण गर्ने, तहगत भू-उपयोगका क्षेत्रहरूमा वर्गीकरण गर्ने, तहगत भू-उपयोग योजना तर्जुमा गर्ने, कृषि भूमिको संरक्षण, स्वच्छ, सुन्दर, सुविधा सम्पन्न, बस्ती विकास र दिगो योजनाबद्ध शहरीकरण, वन क्षेत्र, प्राकृतिक सम्पदा, जैविक विविधता एवम्, ऐतिहासिक, साँस्कृतिक, धार्मिक, पुरातात्त्विक महत्त्वका क्षेत्रको संरक्षणका लागि भू-उपयोग योजनाबद्ध शहरीकरण, वन क्षेत्र, प्राकृतिक सम्पदा, जैविक विविधता एवम्, ऐतिहासिक, साँस्कृतिक, धार्मिक, पुरातात्विक महत्वका क्षेत्रको संरक्षणका लागि भू-उपयोग योजनाको आधारमा भूमि तथा भूमिश्रोतको उपयोग सुनिश्चित गर्नु आदि रहेको छ । |
| ४ | **राष्ट्रिय शहरी नीति, २०६४** | यस नीतिको उद्देश्य स्वच्छ, सुरक्षित र समृद्ध शहरी वातावरणको सृजनाद्वारा शहरी वासिन्दाहरूको जीवनस्तरमा सुधार ल्याउने रहेको छ । यस उद्देश्यलाई प्रभावकारी बनाउन प्राकृतिक स्रोत तथा परम्परागत भौतिक संरचनाको संरक्षण र सोको दिगो प्रयोगद्वारा सन्तुलित नगर तथा टोल विकास गर्ने, संभावित प्राकृतिक प्रकोपबाट हुने जीउ धनको नोक्सानीलाई कम गर्न स्थानीय निकायहरूले प्राकृतिक प्रकोप व्यवस्थापन योजना बनाई लागू गर्ने पद्धति स्थापना गर्नुपर्ने जस्ता रणनीति अपनाइएको छ । |
| **५** | **विपद् जोखिम न्यूनीकरण राष्ट्रिय नीति, २०७५** | प्राकृतिक तथा गैरप्राकृतिक विपदबाट व्यक्तिको जीवन तथा सम्पत्ति, स्वास्थ्य, जीविकोपार्जन तथा उत्पादनका साधनहरू, भौतिक एवम् सामाजिक पूर्वाधार, साँस्कृतिक एवम् वातावरणीय सम्पदामा हुने क्षतिको उल्लेख्य रूपमा कम गर्नु यस नीतिको प्रमुख उद्देश्य रहेको छ । |
| **७** | **राष्ट्रिय स्वास्थ्य नीति, २०७६** | स्वास्थ्य क्षेत्रलाई संघिय संरचना अनुसारको स्वास्थ्य प्रणाली मार्फत संविधान प्रदत्त नागरिकको स्वास्थ्य सम्बन्धी मौलिक हक र गुणस्तरीय स्वास्थ्य सेवामा सर्वव्यापी पहुँच सुनिश्चित गर्ने कुरामा जोड् दिएको छ |
| **३. ऐन** | | |

| | | |
|---|---|---|
| १. | **वातावरण संरक्षण ऐन, २०७६** | परिच्छेद ३, प्रदुषण नियन्त्रण अन्तर्गत दफा १५ मा प्रदूषण नियन्त्रण, दफा १६ जोखिमपूर्ण पदार्थको निकासी तथा पैठारी : दफा १७ मा जोखिमपूर्ण पदार्थको व्यवस्थापनमा विपद् व्यवस्थापन सम्बन्धी उल्लेख गरिएको छ। |
| २. | **वन ऐन, २०७६** | ऐनको परिच्छेद ४ को दफा १५ बमोजिम वन संरक्षण क्षेत्र (१) दफा ११ को अधीनमा रही मन्त्रालयले प्रदेश मन्त्रालयको परामर्शमा नेपाल राजपत्रमा सूचना प्रकाशन गरी देहायको राष्ट्रिय वनको कुनै भाग तथा सम्बन्धित भू-परिधीय क्षेत्रलाई सीमाङ्कन गरी विशेष कार्ययोजना बनाई वन संरक्षण क्षेत्रको रूपमा घोषणा गर्न सक्नेछ। |
| ३. | **खानी ऐन, २०४२ (संशोधन २०५०)** | ढुङ्गा, मिस्कट र बालुवाको सङ्कलन/उत्खनन् कार्यलाई ऐनको दायरा भित्र राखेको छ। खानी सञ्चालन, कारोबार तथा प्रशासनिक गतिविधिलाई बैधानिक रूपमा समेटेको हुनाले खानी क्षेत्रको एकीकृत वातावरणीय प्रभाव अध्ययन गर्न धेरै उपयोगी हुनेछन्। |
| ४. | **सङ्कटापन्न वन्यजन्तु तथा वनस्पतिको अन्तर्राष्ट्रिय व्यापार नियन्त्रण ऐन, २०७३** | ऐनको परिच्छेद २ को दफा ३ दुर्लभ वा लोपोन्मुख वन्यजन्तु वा वनस्पती वा सोको नमूनाको कारोवार वा व्यापार गर्न वा गराउन नहुने व्यवस्था गरेको छ। |
| ५. | **औद्योगिक व्यवसायिक ऐन, २०७६ (सङ्घीय)** | दफा ७ बमोजिम वातावरणीय प्रगतिकूल असरको निराकरण गर्नुपर्ने (१) दफा ५ बमोजिम दर्ता भएको उद्योगले प्रचलित कानून बमोजिम वातावरणीय प्रभाव मूल्याङ्कन वा प्रारम्भिक वातावरण परीक्षण गर्नु पर्ने भएमा सो सम्बन्धी प्रतिवेदन स्वीकृत भएपछि मात्र त्यस्तो उद्योग स्थापना, सञ्चालन, व्यवसायिक उत्पादन र कारोबार प्रारम्भ गर्नुपर्नेछ। |

| | | |
|---|---|---|
| ६. | **लुम्बिनी प्रदेश वातावरण संरक्षण ऐन, २०७७** | दफा ११ वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत नगराई वा स्वीकृत वातावरणीय अध्ययन प्रतिवेदनभन्दा विपरीत हुने गरी प्रस्ताव कार्यान्वयन गरेमा वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत गर्ने निकायले सो प्रस्ताव कार्यान्वयन गर्न तत्काल रोक लगाउन सक्नेछ । |
| ७. | **भूमि सम्बन्धी ऐन, २०२१** | ऐनको दफा ७ बमोजिम जग्गावालाको हैसियतले राख्न पाउने जग्गाको अधिकतम हद र सोही ऐनको दफा १२ (ग) मा बिक्री वितरण गर्न वा सट्टापट्टा गर्न नहुने व्यवस्था गरेको छ । |
| ८. | **भू-उपयोग ऐन, २०७६** | दफा ४, दफा ८, दफा १०, दफा २५ भू-उपयोग क्षेत्रको वर्गीकरण, भू- उपयोग परिवर्तन गर्न नहुने, जग्गाको खण्डीकरण नियन्त्रण र सजाय सम्बन्धी व्यवस्था गरेको छ । |
| ९. | **खाद्य अधिकार तथा खाद्य सम्प्रभुता सम्बन्धी ऐन, २०७५** | ऐनको दफा ३ मा खाद्य सम्बन्धी अधिकारको सम्मान, संरक्षण र परिपूर्ति साथै दफा १२ मा खाद्य सम्प्रभुताको अधिकारको सम्मान, संरक्षण र परिपूर्तिको व्यवस्था गरेको छ । |
| १०. | **जनस्वास्थ्य सेवा ऐन, २०७५** | दफा ३, २२, ४१, ४४ स्वास्थ्य सेवामा पहुँच र निश्चितता सम्बन्धी धेरै व्यवस्थाहरू छन् । जसमा प्रत्येक नागरिकलाई गुणस्तरीय स्वास्थ्य सेवा सहज र सहज रूपमा प्राप्त गर्ने हक हुने उल्लेख छ । ऐनको दफा २२ ले कुनै पनि गैरसरकारी वा नीजि स्वास्थ्य संस्थाले उद्योग सञ्चालन गर्न इजाजतपत्र लिन बाध्य पारेको छ । यस कानून बमोजिम नेपाल सरकारले ध्वनी, वायु, पानी र दृश्यता प्रदुषणबाट जनस्वास्थ्यमा पर्ने असरलाई न्यूनीकरण गर्न संघीय कानून बमोजिम मापदण्ड निर्धारण गर्न सक्नेछ । |
| ११. | **विद्युत् ऐन, २०४९** | ऐनको दफा २४ मा वातावरणमा उल्लेखनीय प्रतिकूल असर नपार्ने विद्युत् उत्पादन, प्रसारण वा वितरण गर्दा भू-क्षय, बाढी, पहिरो, वायु-प्रदूषण इत्यादीद्वारा वातावरणमा उल्लेखनीय प्रतिकूल असर नपर्ने गरी गर्नुपर्नेछ । |
| १२. | **सङ्क्रामक रोग ऐन, २०२०** | दफा २ मा नेपालभर वा त्यसको कुनै भागमा मानिसमा कुनै संक्रामक रोग उब्जेमा वा फैलिएमा वा फैलिने सम्भावना देखिएमा नेपाल सरकारले सो रोग निर्मूल गर्न वा रोकथाम गर्न आवश्यक आदेश दिन सक्छ । दफा ३ मा दिइएको आदेशलाई अपहेलना गर्ने व्यक्ति सजाय हुने व्यवस्था रहेको छ । |

| | | |
|---|---|---|
| १३. | **श्रम ऐन, २०७४** | दफा ३, दफा ५, दफा ६, दफा ७, दफा ११ श्रमिकको न्यूनतम मापदण्ड, बालबालिकालाई काममा लगाउन नहुने, भेदभाव गर्न नहुने, समान कामको लागि पारिश्रमिकमा भेदभाव गर्न नहुने र रोजगारी सम्झौता सम्बन्धी कुरा उल्लेख गरिएको छ । |
| १४. | **स्थानीय सरकार सञ्चालन ऐन, २०७४** | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद -३ को गाँउपालिका तथा नगरपालिकाको काम, कर्तव्य र अधिकार अर्न्तगत दफा ११ को (न) मा विपद् व्यवस्थापन अन्तर्गत : (१) विपद् व्यवस्थापन सम्बन्धी स्थानीय नीति, कानून, मापदण्ड, योजनाको कार्यान्वयन, अनुगमन र नियमन, |
| १५. | **फोहोरमैला व्यवस्थापन ऐन, २०६८** | दफा ३, दफा १०, दफा २०, दफा २१, दफा २२ फोहोरमैला व्यवस्थापन तह, फोहोरमैला व्यवस्थापन प्रकृया, प्रदुषण नियन्त्रण सम्बन्धी, फोहोरमैला अनुगमन र वातावरणीय क्षेत्र सम्बन्धी व्यवस्था छ । |
| १६. | **जलचर संरक्षण ऐन, २०१७** | जलचर संरक्षण ऐन, २०१७ र संशोधनले आर्द्रभूमि र जलीय जनावरहरूको महत्वको प्रारम्भिक मान्यतालाई दर्शाउँछ । धारा ३ ले कुनै पनि पक्षलाई पानीको स्रोतमा विषाक्त, हानिकारक र विष्फोटक पदार्थहरू ल्याउन वा कुनै पनि जलचरलाई समात्ने वा मार्ने उद्देश्यले विनाश गर्ने कार्यलाई सजाय दिने व्यवस्था गरेको छ । |
| १७.( | **विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४** | ऐनको दफा २० बमोजिम आफ्नो भवन, उद्योग, कार्यालय वा व्यावसायिक केन्द्रमा विपद्का घटना हुन नदिन विपद् सुरक्षा औजार, उपकरण, सामग्री, आपत्कालीन निकास लगायत तोकिए बमोजिमका अन्य व्यवस्था गर्ने, तथ्याङ्क सङ्कलन, क्षतिको मूल्याङ्कन, राहत, पुनर्स्थापना तथा पुननिर्माण समेतका सम्पूर्ण कार्यमा कार्यकारी समिति, विपद् व्यवस्थापन सम्बन्धी अन्य समिति तथा प्राधिकरणलाई आवश्यक सहयोग गर्ने व्यवस्था यस ऐनले गरेको छ । |
| १८. | **बाल श्रम (निषेध र नियमित गर्ने) ऐन, २०५६** | ऐनको परिच्छेद २ बालकलाइ काममा लगाउन निषेधको दफा ३ र ४ बमोजिम बालकलाई काममा लगाउन नहुने व्यवस्था गरेको छ । |
| १९. | **सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ (पहिलो** | दफा १९ मा माल ढुवानीको विवरण सहितको बील दिनुपर्ने : मालवाहक सार्वजनिक सवारीले कुनैपनि किसिमको माल ढुवानी गर्दा मालसामानको धनीलाई त्यस्तो मालसामानको विवरण सहित उल्लेख गरिएको माल ढुवानीको बील दिनु |

| | | |
|---|---|---|
| | **संशोधन २०५०)** | पर्छ । त्यसरी दिइने बीलको ढाँचा तोकिए बमोजिम हुनेछ । दफा १४२ मा मादक तथा अन्य लागू पदार्थ सेवन गर्न नहुने : सवारी चलाउँदा चालकले मालक वा अन्य कुनै पनि प्रकारको लागू पदार्थ सेवन गर्नु हुँदैन । दफा १४७ मा लापरबाहीसाथ सवारी चलाउन नहुने : कुनै चालकले सवारी चलाउँदा लापरबाहीसाथ सवारी चलाउन हुँदैन । |
| २०. | **बालबालिका सम्बन्धी ऐन, २०७५** | दफा ३ देखि १५ सम्म बालबालिकाको अधिकार सम्बन्धी व्यवस्था गरेको छ । यस ऐनको दफा ६६ ले बालबालिका विरूद्धको कसुर सम्बन्धी व्यवस्था गरेको छ । |
| २१. | **राष्ट्रय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९** | ऐनको दफा ५ बमोजिम राष्ट्रिय निकुञ्ज वा आरक्षभित्र निषेद्ध कार्यहरू (१) अधिकार प्राप्त अधिकारीबाट लिखित अनुमति नलिई कुनै पनि व्यक्तिले राष्ट्रिय निकुञ्ज वा आरक्षभित्र काम गर्न पाउने छैन । |
| २२. | **भू तथा जलाधार संरक्षण ऐन, २०३९** | ऐनको दफा १० मा प्राकृतिक प्रकोप हुने वा हुन सक्ने जग्गामा निषेधित कार्य गर्न पाउने छैन भन्ने उल्लेख गरेको छ । त्यस्तै (क), (ख) र (ग) साथै दफा ११ मा उद्योग, व्यवसाय तथा बसोबासको बस्तीलाई सार्न सक्ने व्यवस्था गरेको छ । |
| २३. | **दुर्लभ बन्यजन्तुको संरक्षण गर्न राष्ट्रिय निकुञ्ज तथा बन्यजन्तु संरक्षण ऐन २०४९** | लागु भएको छ । यस ऐनको दफा १० ले निकुञ्ज, आरक्ष, संरक्षण क्षेत्र वा अन्य वन क्षेत्रमा पाईने २६ किसिमका स्तनधारी, ९ किसिमका पंक्षी र ३ किसिमका सरीसर्पलाई संरक्षित वन्यजन्तुको दर्जा दिई उक्त वन्यजन्तुलाई मार्न पकन वा लखेट्न वा अन्य किसिमले हानि नोक्सानी पुर्‍याउन निषेध गरेको छ। यस अन्तर्गत लागु गरिएको कानून सम्पूर्ण किसिमका वन क्षेत्र वा नेपाल अधिराज्यभर लागु भएको छ । |
| २४. | **जलस्रोत ऐन, २०४९** | ऐनको दफा १९ मा जलस्रोतलाई प्रदूषित गर्न नहुने साथै दफा २० मा वातावरणमा उल्लेखनीय प्रतिकूल असर पार्न नहुने व्यवस्था गरेको छ । |
| २५. | **विरूवा संरक्षण ऐन, २०६४** | दफा ६ र ७ विरूवा तथा विरूवाजन्य उपजको निकासी, पैठारी र ओसारपसार गर्दा शत्रुजीवको प्रवेश, स्थापना र फैलावट रोक्न, तिनीहरूको प्रभावकारी नियन्त्रणको लागि उपयुक्त तरिकाहरू अवलम्बन गरी विरूवा तथा विरूवाजन्य उपजहरूको व्यापार प्रवर्द्धन गर्ने सम्बन्धमा कानूनी व्यवस्था गरेको छ । |
| **४. नियमावली** | | |
| १. | **जलचर (ठेक)** | नियम ९ प्रतिबन्ध लगाउन सकिने : ठेक्का दिएको जलमा माछा प्रजनन कार्यको |

| | | |
|---|---|---|
| | **नियम, २०१९** | लागि कुनै खास अवधिभर माछा नमार्नु भनी नेपाल सरकारले प्रतिबन्ध लगाउन सक्नेछ । |
| २. | **औद्योगिक व्यवसाय नियमावली, २०७६** | नियमावलीको नियम ७ मा उद्योग स्थानान्तरणका लागि स्वीकृति लिनुपर्ने व्यवस्था गरेको छ । |
| ३. | **जलस्रोत नियमावली, २०५०** | नियमावलीको नियम १७ बमोजिम जलस्रोत उपयोगको अनुमतिपत्रको लागि (क), (ख), (ग), (घ), (ङ) अनुसार व्यवस्था गरेको छ । |
| ४. | **सिँचाइ नियमावली, २०५६** | नियमावलीको नियम १२ मा वृक्षारोपण तथा रूख विरूवाको संरक्षणको व्यवस्था गरेको छ । |
| ५. | **विद्युत् नियमावली, २०५०** | नियमावलीको नियम २८ बमोजिम विद्युतको वितरक तथा ग्राहकहरूले पालना गर्नुपर्ने कुराहरू साथै विद्युत लाइन जडान गर्न दरखास्त दिनुपर्ने व्यवस्था रहेको छ । |
| ६. | **भूमि सम्बन्धी नियमहरू, २०२१** | नियम १६ मा अधिकतम हदभन्दा बढी भएको मोहियानी हक बापतको जग्गा बिक्री वा वितरण र नियम १६ क मा जग्गा सटापटा वा स्थानान्तरण गर्न निवेदन दिन सक्ने व्यवस्था गरेको छ । |
| ७. | **भू-उपयोग नियमावली, २०७९** | नियमावलीको नियम १० मा जग्गाधनी दर्ता, श्रेस्ता र जग्गाधनी दर्ता प्रमाणपूर्जा अद्यावधिक गर्नुपर्ने व्यवस्था गरेको छ । |
| ८. | **फोहोरमैला व्यवस्थापन नियमावली, २०७०** | नियम ३, नियम ४, नियम ५ को दफा ६ बमोजिम कम्तीमा जैविक र अजैविक लगायतका फोहोरमैलालाई स्रोतमै छुट्याउने गरी तोक्दा हानिकारक वा रासायनिक फोहोरमैलालाई छुट्टाछुट्टै पृथकीकरण तथा व्यवस्थापन गर्नेगरी तोक्नु पर्नेछ । स्थानीय निकायले फोहोरमैला स्रोतमै छुट्याउने, फोहोर मैलाको उत्पादन स्रोतमै कम गर्ने र व्यवस्थापनको उपयुक्त प्रविधि अवलम्बन गर्ने सम्बन्धमा जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्नु पर्नेछ । |
| ९. | **बिपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन नियमावली, २०७६** | नियम ३ ले कार्यकारी समितिको थप काम कर्तव्य र अधिकार सम्बन्धी व्यवस्था गरेको छ, ४ ले विज्ञ समिति गठन सम्बन्धी व्यवस्था र नियम ५ मा प्राधिकरणको थप काम कर्तव्य र अधिकार सम्बन्धी व्यवस्था गरेको छ । |
| १०. | **श्रम नियमावली, २०७५** | नियम ४, ७, ३४, र ५३ रोजगार सम्झौता गर्दा खुलाउनु पर्ने विवरणमा विदेशी नागरिक काममा लगाउन आवश्यक पर्ने इजाजत र श्रम स्वीकृति र श्रमिकको |

| | | |
|---|---|---|
| | | सुरक्षा र स्वास्थ्य सम्बन्धी प्रावधान रहेको छ। |
| ११. | **बालश्रम (निषेध र नियमित गर्ने) नियमावली, २०६२** | परिच्छेद ४ मा स्वास्थ्य र सुरक्षा सम्बन्धी व्यवस्था गरेको छ। नियम २५ मा बालकको स्वास्थ्य र सरक्षा सम्बन्धमा अपनाउनुपर्ने व्यवस्था उल्लेख गरेको छ। |
| १२. | **जनस्वास्थ्य सेवा नियमावली, २०७७** | यस नियमावलीको परिच्छेद २ मा जनस्वास्थ्य सेवा सम्बन्धी परिभाषा उल्लेख गरिएको छ भने परिच्छेद ३, नियम ९, १० र ११ मा स्वास्थ्य संस्थाको तहगत संरचना तथा सेवाको प्रकार तथा अस्पतालको मापदण्डको व्यवस्था गरिएको छ। |
| १३. | **खानी तथा खनिज पदार्थ नियमावली, २०५६** | नियमावलीको नियम ३ मा खनिज पदार्थको वर्ग र स्तर तथा खनिज कार्य गर्न चाहने व्यक्तिको योग्यता र नियम ५ मा खनिज कार्यको अनुमतिपत्र लिन चाहने व्यक्तिको योग्यता समबन्धी व्यवस्था गरेको छ। |
| १४. | **पशु स्वास्थ्य तथा पशु सेवा नियमावली, २०५६ (तेस्रो संशोधन) २०७०** | नियम ५ मा क्वारेन्टाइन स्थल निर्माण गर्दा पालना गर्नुपर्ने शर्तहरू : (१) क्वारेन्टाइनस्थल निर्माण गर्दा पालना गर्नुपर्ने शर्त तथा पूरा गर्नुपर्ने मापदण्डको व्यवस्था गरेको छ। |
| **५. निर्देशिका, कार्यविधि र दिग्दर्शन** | | |
| १. | **राष्ट्रिय वातावरणीय प्रभाव मूल्याङ्कन निर्देशिका, २०५०** | यस निर्देशिकाले वातावरणीय प्रभाव मूल्याङ्कन अध्ययन प्रकृया र प्रभावहरूको तह निर्धारण गरी उल्लेखनीयता पहिचान सरलीकृत गर्न सहयोग गरेको छ।<br>दफा ६ को वातावरणीय प्रभाव मूल्याङ्कन गर्नुपर्ने : कुनै पनि उद्योग सञ्चालन गर्नु भन्दा अगाडी त्यस्तो उद्योग वातावरणमा पर्नसक्ने प्रभावको अध्ययन गरी मूल्याङ्कन गर्नुपर्नेछ। |
| २. | **वन क्षेत्रको लागि वातावरणीय प्रभाव मूल्याङ्कन निर्देशिका, २०५२** | परिच्छेद -४ प्रारम्भिक वातावरणीय परीक्षण को बुदाँ नं. ९ को (१) मा कुनै पनि प्रस्ताव कार्यान्वयन गर्नको लागि वातावरणीय प्रभाव मूल्याङ्कन आवश्यक पर्ने नपर्ने बारेमा निर्णयकर्ताहरूलाई थप जानकारी दिन, सम्बन्धित प्रस्तावबाट वातावरणमा पर्न सक्ने मुख्य प्रभावको पहिचान गर्न, अनुकूल र प्रतिकूल प्रभावहरू केके हुन सक्छन् र प्रतिकूल प्रभाव कम गर्ने ज्ञान र सीपको उपलब्धता बारे उल्लेख गर्न प्रारम्भिक वातावरणीय परीक्षण गर्नुपर्नेछ।<br>परिच्छेद -५ वातावरणीय प्रभाव मूल्याङ्कन र सोका लागि क्षेत्र निर्धारण तथा |

| | | |
|---|---|---|
| | | कार्यसूचीको व्यवस्था गरेको छ । |
| ३ | **EIA Guidelines for industry sector 1995, Ministry of industry and IUCN Nepal** | Chapter iii screening of industry and initial environmental examination . 6 need for screening of industry :8 initial environmental examination : chapter iv scoping for environmental impact assessment . chapter v preparation of terms of reference for environmental impact assessment. chapter vi environmental impact assessment report . |
| ४ | **वातावरण निर्देशीका २०५७** | वातावरणमा हुने प्रभावलाई न्यूनीकरण गर्दै साना ग्रामीण पूर्वाधार योजना कार्यान्वय गर्नुपर्ने कुरामा जोड दिएको छ । प्रस्ताव चक्रका विभिन्न पक्षको चरणमा वातावरण व्यवस्थापन खासगरी वातावरण संरक्षण हुने गरी प्रस्ताव कार्यान्वयन गर्नुपर्ने र यदी आवश्यक भएमा नकारात्मक प्रभाव न्यूनिकरणका उपया अवलम्बन गर्नु पर्ने कुरामा जोड दिएको छ । |
| ५ | **वन क्षेत्रको लागि प्रारम्भिक वातावरणीय परीक्षणको कार्यसूची तथा प्रतिवेदनको दिग्दर्शन, २०६१** | अध्याय २, प्रारम्भिक वातावरणीय परीक्षणको लागि कार्यसूचीको मस्यौदा तयार गर्दा आवश्यक विषयसूचीको व्यवस्था गरेको छ । साथै अनुसूची (ख) मा प्रारम्भिक वातावरणीय परीक्षणको कार्यसूचीको ढाँचा उल्लेख गरेको छ ।<br>अध्याय ३, प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन तयार गर्दा प्रतिवेदनमा रहनुपर्ने कुराहरू उल्लेख गरेको छ । साथै अनुसूची (ग) मा प्रारम्भिक वातावरणीय परीक्षण सम्बन्धी प्रतिवेदन तयार गर्दा खुलाउनुपर्ने कुराहरू उल्लेख गरेको छ । |
| ६ | **नदीजन्य पदार्थ व्यवस्थापन कार्यविधि २०७५ ( लुम्बिनी प्रदेश)** | परिच्छेद ३ उत्खनन्, सङ्कलन र घाटगद्दी सम्बन्धी व्यवस्था रहेको छ । दफा ५ मा वातावरणीय अध्ययन (१) नदीजन्य पदार्थको उत्खनन्, सङ्कलन र बिक्री गर्ने स्थानीय तहले त्यसरी उत्खनन् सङ्कलन गर्नु अधि प्रचलित कानून बमोजिम प्रारम्भिक वातावरणीय परीक्षण वा वातावरणीय प्रभाव मूल्याङ्कन गराउनु पर्ने व्यवस्था गरेको छ ।<br>दफा ६ मा नदीजन्य पदार्थको उत्खनन् र सङ्कलन सम्बन्धी व्यवस्था गरेको छ । त्यस्तै सोही कार्यविधिको दफा १० मा सङ्कलन भण्डारण र घाटगद्दीको व्यवस्था गर्ने व्यवस्था रहेको छ । |

| | | |
|---|---|---|
| ७ | **वन पैदावार सङ्कलन तथा विक्रिवितरण निर्देशिका, २०७३** | परिच्छेदमा -२, छपान, कटान तथा सङ्कलन इजाजत सम्बन्धी व्यवस्था, परिच्छेद -३ रूख कटान, मुछान, ढुवानी तथा घाटगद्दी सम्बन्धी व्यवस्था गरेको छ । |
| ८ | **घरेलु तथा साना उद्योग विभाग कार्यविधि दिग्दर्शन, २०७२** | बुदा नं. ७.५.२ रोडा, ढुङ्गा, उद्योग बमोजिमको मापदण्ड र शर्त नं. ५ मा गाउँ विकास समितिमा घना बस्ती (१००० वा सो भन्दा बढी जनसङ्ख्या वा २०० वा सो भन्दा बढी घरधुरी एकै ठाउँमा केन्द्रित भै बसोबास गरिरहेको क्षेत्र) बाट कम्तिमा २ कि.मि. पर उद्योग स्थापना गर्नुपर्ने व्यवस्था रहेको छ ।<br>बुदा नं. ९ मा IEE वा EIA गर्नुपर्ने उद्योग र स्वीकृत गर्ने प्रक्रिया निकाय,<br>बुदा नं. ९.१ मा प्रारम्भिक वातावरणीय परीक्षण (IEE) वा वातावरणीय प्रभाव मूल्याङ्कन (EIA) गराउनुपर्ने उद्योगहरू, |
| ९ | **शहरी वातावरण व्यवस्थापन निर्देशिका, २०६७** | यस निर्देशिकाले पूर्वाधार विकास र मानवीय क्रियाकलापले गर्दा हुने वातावरणीय प्रभावहरूलाई न्यूनीकरण गर्ने उपायहरूमा जोड दिइन्छ । यस निर्देशिकाले प्राकृतिक सम्पदाको संरक्षण, स्थानीयको  स्वास्थ्य, स्वच्छ र पर्यावरण मैत्री दिगो शहरी विकास सुनिश्चित गर्ने अधिकार जस्ता वातावरणीय प्रभावहरूका उपायहरू पनि सुझाव दिन्छ । |
| **६.अन्तर्राष्ट्रिय सन्धि/महासन्धी** | | |
| १. | **जैविक विविधता सम्बन्धी महासन्धि, १९९२** | जैविक विविधता सम्मेलन, १९९२ ब्राजिलको रियो दि जेनेरियोमा संयुक्त राष्ट्रसंघीय वातावरण र विकास सम्मेलनमा हस्ताक्षरका लागि खोलिएको थियो । यो सम्मेलनलाई नेपालले १९९९मा पक्षराष्ट्र बन्नको लागि अनुमोदन गऱ्यो । सम्मेलनको धारा १ ले पक्षराष्ट्रहरूलाई प्रस्तावित आयोजनाको वातावरणीय संरक्षणको लागि आवश्यक प्रक्रियाहरू लागू गर्न आग्रह गर्दछ । |
| २. | **हानीकारक फोहोरमैलाहरूको अन्तर्राष्ट्रिय सीमापार ओसार पसार नियन्त्रण सम्बन्धी वासेल महासन्धि, १९८९** | यस महासन्धिको मुख्य उद्देश्य भनेको हानिकारक फोहोर तथा तिनको विसर्जनबाट पर्ने नकारात्मक प्रभावबाट मानव स्वास्थ्य तथा वातावरणलाई जोगाउनु हो । वासेल महासन्धि हानीकारक फोहोरमैलाहरूको राष्ट्रियहरू सिमापार ओसारपसार नियन्त्रण गर्न बनेको एक अन्तर्राष्ट्रिय महासन्धि हो । |

| | | |
|---|---|---|
| ३. | **बाल अधिकार सम्बन्धी महासन्धि, १९९०** | महासन्धिले राज्यहरूलाई आमाबाबुलाई उनीहरूको अभिभावकीय जिम्मेवारीहरू प्रयोग गर्न अनुमति दिन बाध्य पार्छ । यो महासन्धिले बालबालिकालाई आफ्नो विचार व्यक्त गर्ने  र उपयुक्त हुँदा ती विचारहरू सुन्ने र त्यसमा कारवाही गर्ने, दुर्व्यवहार वा शोषणबाट जोगाउन, उनीहरूको गोपनीयता सुरक्षित राख्ने र उनीहरूको जीवनमा अत्यधिक हस्तक्षेप नगर्न आवश्यक छ भनी स्वीकार गर्दछ । |
| ४. | **Convention concerning forced or compulsory labor, 1930 (ilo convention no. 29)** | यस महासन्धिलाई अनुमोदन गर्ने अन्तर्राष्ट्रिय श्रम सङ्गठनका प्रत्येक सदस्यले कम्तीमा सम्भावित अवधिभित्र सबै प्रकारका जबर्जस्ती वा अनिवार्य श्रमको प्रयोगलाई दमन गर्ने प्रतिबद्धता जनाएका छन् । |
| ५. | **बहुपक्षीय वातावरणीय सम्झौता** | नेपाल पक्ष भएका वातावरण सम्बन्धि केही अन्तराष्ट्रिय कानूनहरूलाई प्रस्ताव कार्यान्वयनका लागि प्रारम्भिक वातावरणीय परीक्षणका क्रममा ध्यान दिनु पर्ने जरूरी देखिन्छ। नेपालले हस्ताक्षर तथा अनुमोदन गरेका अन्तराष्ट्रियस्तरका विभिन्न सन्धि वा महासन्धिहरूमा महत्त्वपूर्ण दस्तावेजको रूपमा रहेका छन । |
| **७. मापदण्ड** | | |
| १. | **ढुङ्गा, गिटी, बालुवा उत्खनन् बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७ साथै पहिलो संशोधन, २०७९** | विकास निर्माण कार्यमा ढुङ्गा, गिटी, बालुवा लगायतका नदीजन्य तथा खानीजन्य पर्दाथको अभाव हुन नदिई सहज आपूर्ति गर्न, यस्ता निर्माण सामग्रीको अनियन्त्रित दोहनलाइ निरूत्साहित गरी दिगो उपयोग गर्न र यस क्षेत्रबाट प्राप्त हुने राजस्व सङ्कलनलाई व्यवस्थित गर्न, तथा गाउँपालिका वा नगरपालिकालाई ढुङ्गा, गिटी, बालुवा एवम् माटोजन्य बस्तुको बिक्री गर्ने अधिकारको उपयोग गर्ने व्यवहारिक प्रकृया निर्धारण गर्न वाञ्छनीय भएकोले नेपाल सरकार (मन्त्रिपरिषद) ले  यो मापदण्ड बनाएको छ । |
| २. | **वायुको गुणस्तर सम्बन्धी राष्ट्रिय मापदण्ड, २०६९** | वायुको गुणस्तर सम्बन्धी राष्ट्रिय मापदण्ड २०६९ ले ९ थरि प्यारामिटरका लागि गुणस्तर मापदण्डहरू तय गरेको छ जुन यस प्रकार छन् total suspended particle, pm, 10, सल्फर डाइअक्साइड, नाइट्रोजन अक्साइड, कार्बन |

| | | |
|---|---|---|
| ३. | **ध्वनीको गुणस्तर सम्बन्धी राष्ट्रिय मापदण्ड, २०६९** | मोनोअक्साइड, सीसा, बेन्जीन, pm २५ र ओजोन । उद्योग निर्माण र सञ्चालनको बेलामा आयोजनाले वायु गुणस्तरका लागि तय गरिएका मापदण्डहरूको पालना गर्नुपर्नेछ । यसले विभिन्न क्षेत्रको लागि दिवा र रात्रि समयको लागि ध्वनिको सीमा तोकेको छ |
| **८. गुरूयोजना, रणनीति** | | |
| १. | **नेपाल सरकार, चुरे-तराई मधेश संरक्षण तथा व्यवस्थापन गुरूयोजना, २०७४** | दूरदृष्टि : संरक्षित तथा प्राकृतिक सन्तुलन सहितको चुरे-तराई मधेश दून भू-परिधि, वातावरणीय वस्तु र सेवाको सतत प्रवाहसहित आर्थिक समृद्धि हासिल गर्नु रहेको छ । लक्ष्य : चुरे क्षेत्रको प्राकृतिक स्रोत संरक्षण, दीगो व्यवस्थापन, पारिस्थितकीय सेवाको सम्वर्द्धनद्धारा गरिबी न्यूनीकरण एवम् समृद्धि नेपालको राष्ट्रिय लक्ष्यमा टेवा पुऱ्याउने रहेको छ । |
| २. | **दिगो विकास लक्ष्य सन् २०१६ देखि सन् २०३०** | दिगो विकास लक्ष्यको लक्ष्य नं. १५ मा यो व्यवस्था गरेको छ । स्थलीय पर्यावरणको संरक्षण, पुनर्स्थापना र दिगो उपयोगको प्रवर्धन गर्ने, वनको दिगो व्यवस्थापन गर्ने, मरूभूमिकरण र भ-क्ष्य रोक्ने तथा जैविक विविधताको संरक्षण गर्ने । कुरा उल्लेख गरिएको छ । |
| ३. | **२०६७/४/२१ गतेको सर्वोच्च अदालतको आदेश** | रोडा, ढुङ्गा तथा बालुवाको नियमन गर्ने सम्बन्धिको निर्णय (ख) मा उल्लेख भए अनुसार प्राकृतिक स्रोत र साधनको सङ्कलन, उत्खनन् वा दोहन अनियन्त्रित रूपमा नहोस् भन्नका लागि प्रत्येक जिल्लाले आफ्नो जिल्ला भित्र रहेका प्राकृतिक स्रोत र साधनको आँकलन गरी कुन क्षेत्रबाट कति हद सम्म सङ्कलन, दोहन वा उत्खनन् गर्न सकिन्छ । |
| **९.आवधिक योजना** | | |
| १. | **सोहौं योजना (२०८१/०८२-२०८५/०८६)** | परिच्छेद ६ को गुणस्तरीय भौतिक पूर्वाधार विकास एवम् सघन अन्तर आबद्धता अर्न्तगत बुँदा नं. (९) मा नदी तथा जल उत्पन्न विपद् व्यवस्थापन सम्बन्धी उल्लेख गरेको छ । त्यस्तै ६.३ मा मुख्य सवाल तथा चुनौती अन्तर्गत बुँदा नं. (१३) मा नदी तथा जल उत्पन्न विपद् व्यवस्थापनका कुराहरू उल्लेख गरेको छ । |


# अध्याय पाँच : सामाजिक-आर्थिक तथा साँस्कृतिक वातावरण

## ५.१ प्रस्ताव क्षेत्रको जनसङ्ख्या तथा बस्तीहरू

प्रस्तावित क्षेत्र रोहिणी गाउँपालिका क्षेत्रमा पर्दछ। केन्द्रीय तथ्याङ्क विभाग २०७८ को जनगणना अनुसार गाउँपालिकाको कूल जनसङ्ख्या ४३,३२७ रहेको छ। जुन २०६८ सालको जनसङ्ख्या ३७,१७५ को तुलनामा ६,१५२ ले बढी देखिन्छ। उक्त अवधि (१० वर्ष ५ महिना) मा गाउँपालिकाको सरदर वार्षिक जनसङ्ख्या वृद्धिदर १.४७ प्रतिशत भएको देखिन्छ । राष्ट्रिय जनगणना २०७८ को नतिजा अनुसार गाउँपालिकामा बसोबास गर्ने जम्मा जनसङ्ख्या मध्ये पुरूषको सङ्ख्या २१,८६५ ( ५०.४७ प्रतिशत) र महिलाको सङ्ख्या २१,४६२ (४९.५३ प्रतिशत) छ। जस अनुसार लैङ्गिक अनुपात १०१.९ हुन आउँछ सो अनुपात २०६८ (१००.६२) को तुलनामा केही बढी हो। राष्ट्रिय जनगणना २०७८ अनुसार गाउँपालिका भित्र ७ हजार ५ सय २६ परिवारहरू बसोबास गरेको देखिएको छ। दश वर्ष अघि अर्थात वि.सं. २०६८ मा उक्त सङ्ख्या ५ हजार ६ सय ५७ थियो। यस प्रकार गाउँपालिकामा गत १० वर्ष भित्र जम्मा १ हजार ८ सय ६९ परिवारहरू (३३.०४ प्रतिशत) थप भएको देखिन्छ। गाउँपालिकामा औसत परिवार सङ्ख्या ५.७५७ कायम हुन आउँछ जुन २०६८ मा ६.५७ रहेको थियो ।

वडा अनुसार सबैभन्दा कम जनसङ्ख्या (४,५५४ जना) भएको वडा नं. ५ र बढी जनसङ्ख्या (८,५८० जना) भएको वडा ३ नं. रहेको छ। वार्षिक जनसङ्ख्या वृद्धिदर अनुसार सबैभन्दा बढी (२.०१) वडा नं ३ र सबैभन्दा कम (०.२७) वडा नं. ७ मा रहेको छ। वडा अनुसार सबैभन्दा बढी औसत परिवार सङ्ख्या वडा नं १ मा ६.१७४ र कम वडा नं. ४ मा ५.४०५ रहेको छ। वडा सहितको विस्तृत विवरण तलको तालिका र रेखाचित्रमा दिइएको छ।

**रेखाचित्र नं. १ : वडा अनुसार २०६८ र २०७८ को जनसङ्ख्या**



**तालिका नं. ९ : परिवार सङ्ख्या, जनसङ्ख्या तथा लैङ्गिक अनुपात र वडा अनुसारका बस्तीहरू**


| क्षेत्र | २०६८ | | | | २०७८ | | | | | | वार्षिक जनसङ्ख्या वृद्धि दर | साविक गा.वि.स. |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | परिवार सङ्ख्या | जनसङ्ख्या | | | परिवार सङ्ख्या | जनसङ्ख्या | | | औसत परिवार आकार | लैङ्गिक अनुपात | | |
| | | जम्मा | पुरुष | महिला | | जम्मा | पुरुष | महिला | | | | |
| रोहिणी गाउँपालिका | ५,६५७ | ३७,१७५ | १८,६४५ | १८,५३० | ७,५२६ | ४३,३२७ | २१,८६५ | २१,४६२ | ५.७५७ | १०१.९ | १.४७ | |
| वडा नं. | | | | | | | | | | | | |
| १ | ७०७ | ५,२२८ | २,६६९ | २,५५९ | १,०३२ | ६,३७२ | ३,२२३ | ३,१४९ | ६.१७४ | १०२.३ | १.९ | बगाहा |
| २ | ९३५ | ६,२२० | ३,१०५ | ३,११५ | १,२८८ | ७,५७८ | ३,८२८ | ३,७५० | ५.८८४ | १०२.१ | १.९ | पोखरभिण्डी |
| ३ | १,१०४ | ६,९६५ | ३,४७८ | ३,४८७ | १,५२७ | ८,५८० | ४,३५५ | ४,२२५ | ५.६१९ | १०३.१ | २.०१ | धकधई |
| ४ | ८५८ | ५,२२१ | २,५६५ | २,६५६ | १,०९५ | ५,९१९ | २,९५८ | २,९६१ | ५.४०५ | ९९.९ | १.२० | छिपागढ |
| ५ | ६०५ | ४,११२ | २,१४३ | १,९६९ | ८३६ | ४,५५४ | २,२८४ | २,२७० | ५.४४७ | १००.६ | ०.९८ | बोधवार |
| ६ | ६७२ | ४,३४८ | २,१३३ | २,२१५ | ८८९ | ५,०९५ | २,५४५ | २,५५० | ५.७३१ | ९९.८ | १.५२ | बोधवार |
| ७ | ७७६ | ५,०८१ | २,५५२ | २,५२९ | ८५९ | ५,२२९ | २,६७२ | २,५५७ | ६.०८७ | १०४.५ | ०.२७ | पजरकट्टी |

स्रोत : २०६८ र २०७८ को राष्ट्रिय जनगणना

### ३.२ उमेर समूह अनुसार जनसङ्ख्याको संरचना

गाउँपालिकामा जनसङ्ख्याको उमेरगत संरचनालाई ५ वर्षको उमेर समूहमा विभाजन गरी अध्ययन गर्दा १४ देखि १९ वर्ष उमेर समूहमा कूल जनसङ्ख्याको सबैभन्दा बढी प्रतिशत (११.२६%) रहेको छ। जनसङ्ख्या ९ देखि १४ वर्ष उमेर समूहमा १०.५६% जनसङ्ख्या रहेको छ । पुरूषको हकमा कूल जनसङ्ख्याको सबैभन्दा धेरै १४ देखि १९ वर्ष उमेर समूहको (५.७२%) र महिलातर्फ कूल जनसङ्ख्याको सबैभन्दा धेरै १४ देखि १९ वर्ष उमेर समुहका (५.५४%) व्यक्तिहरू रहेको छ। उमेर समूह वढ्दै जाँदा जनसङ्ख्याको प्रतिशत पनि कम हुँदै गएको छ ।

**रेखाचित्र नं. २ : गाउँपालिकाको जनसङ्ख्या पिरामिड**




स्रोत : २०७८ को राष्ट्रिय जनगणना

### ३.३ जातिगत विवरण

गाउँपालिकामा २०७८ को राष्ट्रिय जनगणना अनुसार जातजातिको अवस्था हेर्दा प्रमुख १० वटा जातिले ७८.६२ प्रतिशत भन्दा बढी हिस्सा ओगटेको देखिन्छ जसमा मुसल्मान (२३.४८ प्रतिशत), यादव (१५.४० प्रतिशत), चमार/हरिजन/राम (११.०६) प्रतिशत, थारू (८.५० प्रतिशत), केवट (५.६७ प्रतिशत), कहार ( ३.३६ प्रतिशत), कुर्मी (३.११ प्रतिशत), धोबी (२.७७ प्रतिशत), तेली (२.७१ प्रतिशत), र ब्राहमण (तराई) ( २.५६ प्रतिशत) रहेका छन् । यसैगरी कम सङ्ख्या हुने ५ जातिहरूमा धन्दि (१० जना), गुरूङ (१० जना),

माली (११ जना), राउनियार (१४ जना) र सुन्डी (१४ जना) हुन् । विस्तृत विवरण तलको तालिका मा दिइएको छ ।


**तालिका नं. १० : गाउँपालिकामा जातजाति अनुसारको जनसङ्ख्या**

| जातजातिकोनाम | जम्मा | | पुरुष | | महिला | |
|---|---|---|---|---|---|---|
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| मुसल्मान | १०१७३ | २३.४८% | ५००५ | ११.५५% | ५१६८ | ११.९३% |
| यादव | ६६७२ | १५.४०% | ३३८७ | ७.८२% | ३२८५ | ७.५८% |
| चमार/हरिजन/राम | ४७९१ | ११.०६% | २४५५ | ५.६७% | २३३६ | ५.३९% |
| थारू | ३६८३ | ८.५०% | १८३१ | ४.२३% | १८५२ | ४.२७% |
| केवट | २४५६ | ५.६७% | १२४९ | २.८८% | १२०७ | २.७९% |
| कहार | १४५४ | ३.३६% | ७२७ | १.६८% | ७२७ | १.६८% |
| कुर्मी | १३४८ | ३.११% | ६९८ | १.६१% | ६५० | १.५०% |
| धोबी | ११९८ | २.७७% | ६१५ | १.४२% | ५८३ | १.३५% |
| तेली | ११७६ | २.७१% | ६०० | १.३८% | ५७६ | १.३३% |
| ब्राहमण (तराई) | ११११ | २.५६% | ५७९ | १.३४% | ५३२ | १.२३% |
| दुसाध/पासवान/पासी | ९८१ | २.२६% | ५०८ | १.१७% | ४७३ | १.०९% |
| घर्ति/भुजेल | ८६३ | १.९९% | ४३० | ०.९९% | ४३३ | १.००% |
| कोइरी/कुस्वाहा | ७८९ | १.८२% | ३८४ | ०.८९% | ४०५ | ०.९३% |
| हजाम/ठाकुर | ७३८ | १.७०% | ३७० | ०.८५% | ३६८ | ०.८५% |
| मल्लाह | ७२९ | १.६८% | ३६१ | ०.८३% | ३६८ | ०.८५% |
| राजभार | ६८८ | १.५९% | ३४८ | ०.८०% | ३४० | ०.७८% |
| कुम्हार | ५९६ | १.३८% | ३०७ | ०.७१% | २८९ | ०.६७% |
| कल्वार | ५२६ | १.२१% | २७७ | ०.६४% | २४९ | ०.५७% |
| बानियान | ४९३ | १.१४% | २५१ | ०.५८% | २४२ | ०.५६% |
| लोहार | ३२५ | ०.७५% | १६६ | ०.३८% | १५९ | ०.३७% |
| क्षेत्री | २८४ | ०.६६% | १४२ | ०.३३% | १४२ | ०.३३% |
| धुनिआ | २६२ | ०.६०% | १३९ | ०.३२% | १२३ | ०.२८% |
| बाराई | २१६ | ०.५०% | १०७ | ०.२५% | १०९ | ०.२५% |
| खावास | १४७ | ०.३४% | ७२ | ०.१७% | ७५ | ०.१७% |
| बधाई/बधेई | १४२ | ०.३३% | ८० | ०.१८% | ६२ | ०.१४% |

| जातजातिकोनाम | जम्मा | | पुरुष | | महिला | |
|---|---|---|---|---|---|---|
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| बिदेशी | १३६ | ०.३१% | ८४ | ०.१९% | ५२ | ०.१२% |
| काठबानियान | १३० | ०.३०% | ७६ | ०.१८% | ५४ | ०.१२% |
| नुनिया | १२३ | ०.२८% | ६४ | ०.१५% | ५९ | ०.१४% |
| गधेरी/भेदियार | १०८ | ०.२५% | ५२ | ०.१२% | ५६ | ०.१३% |
| विश्वकर्मा | १०६ | ०.२४% | ४८ | ०.११% | ५८ | ०.१३% |
| कानु | ९५ | ०.२२% | ५१ | ०.१२% | ४४ | ०.१०% |
| नेवा : नेवार | ८९ | ०.२१% | ४२ | ०.१०% | ४७ | ०.११% |
| सुनार | ८६ | ०.२०% | ४८ | ०.११% | ३८ | ०.०९% |
| राजपुत | ८१ | ०.१९% | ४३ | ०.१०% | ३८ | ०.०९% |
| सन्यासी/दशनामी | ६९ | ०.१६% | ३१ | ०.०७% | ३८ | ०.०९% |
| ब्राह्मण ( पहाड) | ६२ | ०.१४% | ३० | ०.०७% | ३२ | ०.०७% |
| लोध | ५८ | ०.१३% | ३० | ०.०७% | २८ | ०.०६% |
| पथ्थरकट्टा/कुश्वादिया | ५८ | ०.१३% | ३१ | ०.०७% | २७ | ०.०६% |
| अन्य | ५४ | ०.१२% | २६ | ०.०६% | २८ | ०.०६% |
| कुमाल | ३९ | ०.०९% | १९ | ०.०४% | २० | ०.०५% |
| मगर | ३२ | ०.०७% | १९ | ०.०४% | १३ | ०.०३% |
| ठकुरी | ३२ | ०.०७% | १४ | ०.०३% | १८ | ०.०४% |
| माझी | ३० | ०.०७% | १८ | ०.०४% | १२ | ०.०३% |
| बिन | २४ | ०.०६% | १२ | ०.०३% | १२ | ०.०३% |
| धन्कार/धरिकार | १५ | ०.०३% | ७ | ०.०२% | ८ | ०.०२% |
| सुन्डी | १४ | ०.०३% | ६ | ०.०१% | ८ | ०.०२% |
| राउनियार | १४ | ०.०३% | ९ | ०.०२% | ५ | ०.०१% |
| माली | ११ | ०.०३% | ६ | ०.०१% | ५ | ०.०१% |
| गुरूङ | १० | ०.०२% | ५ | ०.०१% | ५ | ०.०१% |
| धन्दि | १० | ०.०२% | ६ | ०.०१% | ४ | ०.०१% |
| **सबै जाति** | **४३३२७** | **१००%** | **२१८६५** | **५०.४७%** | **२१४६२** | **४९.५३%** |

स्रोत : २०७८ को राष्ट्रिय जनगणना

**रेखाचित्र नं.३ : गाउँपालिकामा रहेको प्रमुख १० जातजातिको प्रतिशत**




## ३.४ मातृभाषाको अवस्था


गाउँपालिकामा २०७८ को राष्ट्रिय जनगणना अनुसार मातृभाषाको अवस्था हेर्दा प्रमुख ५ वटा मातृभाषाले ९९.५० प्रतिशत भन्दा बढी हिस्सा ओगटेको देखिन्छ । जसमा भोजपुरी (६९.९० प्रतिशत), अवधी (२२.९८ प्रतिशत), थारू (३.२८ प्रतिशत), नेपाली (२.३७ प्रतिशत) र उर्दु (०.९७ प्रतिशत) रहेका छन् । यसैगरी कम सङ्ख्यामा बोलिने मातृभाषामा सोनाह (२२ जना), नेवारी (४० जना), हिन्दी (१४० जना) र अन्य (१५ जना) हुन् । विस्तृत विवरण तलको तालिका मा दिइएको छ ।

**तालिका नं. ४ : गाउँपालिकामा बोलिने मातृभाषा अनुसारको जनसङ्ख्या**

| भाषा | जम्मा | | पुरुष | | महिला | |
|---|---|---|---|---|---|---|
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| भोजपुरी | ३०२८५ | ६९.९०% | १५६२७ | ३६.०७% | १४६५८ | ३३.८३% |
| अवधी | ९९५७ | २२.९८% | ४६७१ | १०.७८% | ५२८६ | १२.२०% |
| थारू | १४२१ | ३.२८% | ७२२ | १.६७% | ६९९ | १.६१% |
| नेपाली | १०२८ | २.३७% | ५२० | १.२०% | ५०८ | १.१७% |
| उर्दु | ४१९ | ०.९७% | १९९ | ०.४६% | २२० | ०.५१% |
| हिन्दी | १४० | ०.३२% | ८६ | ०.२०% | ५४ | ०.१२% |
| नेवारी | ४० | ०.०९% | २१ | ०.०५% | १९ | ०.०४% |
| सोनाह | २२ | ०.०५% | १२ | ०.०३% | १० | ०.०२% |
| अन्य | १५ | ०.०३% | ७ | ०.०२% | ८ | ०.०२% |
| **सबै भाषा** | **४३३२७** | **१००%** | **२१८६५** | **५०.४७%** | **२१४६२** | **४९.५३%** |

स्रोत : २०७८ को राष्ट्रिय जनगणना

**रेखाचित्र नं. ४ : गाउँपालिकामा बोलिने प्रमुख मातृभाषाको प्रतिशत**




## ३.५ धर्म सम्बन्धी विवरण


गाउँपालिकामा २०७८ को राष्ट्रिय जनगणना अनुसार मानिने धर्म हेर्दा प्रमुख ४ वटा मान्ने गरेको देखिन्छन् । जसअनुसार हिन्दु (७५.५५ प्रतिशत), इस्लाम (२४.१५ प्रतिशत), क्रिस्चियन (०.१७ प्रतिशत) र बौद्ध (०.१३ प्रतिशत) रहेका छन् । विस्तृत विवरण तलको तालिकामा दिइएको छ ।

**तालिका नं. ४ : गाउँपालिकामा धर्म अनुसारको जनसङ्ख्या**

| धर्म | जम्मा | | पुरुष | | महिला | |
|---|---|---|---|---|---|---|
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| हिन्दू | ३२७३३ | ७५.५५% | १६६४० | ३८.४१% | १६०९३ | ३७.१४% |
| इस्लाम | १०४६३ | २४.१५% | ५१५७ | ११.९०% | ५३०६ | १२.२५% |
| क्रिस्चियन | ७३ | ०.१७% | ३८ | ०.०९% | ३५ | ०.०८% |
| बुद्ध | ५८ | ०.१३% | ३० | ०.०७% | २८ | ०.०६% |
| **जम्मा** | **४३३२७** | **१००%** | **२१८६५** | **५०.४७%** | **२१४६२** | **४९.५३%** |

**स्रोत :** २०७८ को राष्ट्रिय जनगणना


**रेखाचित्र नं. ५ : गाउँपालिकामा धर्म अनुसारको प्रतिशत**




## ३.६ शिक्षा एवम् सारक्षता

राष्ट्रिय जनगणना २०७८ मा ५ वर्ष वा सो भन्दा माथिल्लो उमेरका व्यक्तिहरूको शैक्षिक अवस्था सम्बन्धी विवरण सङ्कलन गरिएको थियो। जनगणनाको नतिजाले गाउँपालिका भित्र बसोबास गर्ने ५ वर्ष वा सो भन्दा माथिल्लो उमेरका कूल ३९,३०७ जनसङ्ख्यामा २८,४२३ जना पढ्न र लेख्न दुवै जान्ने देखाएको छ। यस अनुसार गाउँपालिकाको समग्र साक्षरता दर ७२.३१ प्रतिशत रहेको छ। पुरूषको साक्षरता दर ८२.९८ प्रतिशत रहेको छ र महिलाको साक्षरता दर ६१.४६ प्रतिशत रहेको छ। वडा अनुसार हेर्दा सबैभन्दा बढी साक्षरता दर (७४.९२) वडा नं. २ मा र सबैभन्दा कम (६६.५४) वडा नं. ७ मा रहेको छ । अन्य विस्तृत विवरण तलको रेखाचित्र र तालिकामा दिइएको छ ।

रेखाचित्र नं. ६ : गाउँपालिका र वडा अनुसार साक्षरता दर




**तालिका नं. ११ : साक्षरता दर सम्बन्धी विवरण**

| लिङ्ग | ५ वर्ष र सो भन्दा माथिको जनसङ्ख्या | जनसङ्ख्या | | | नखुलेको | साक्षरता दर (% मा) |
|---|---|---|---|---|---|---|
| | | पढ्न र लेख्न दुवै जानेको | पढ्नमात्र जानेको | पढ्नर लेख्न दुवै नजानेको | | |
| रोहिणी गाउँपालिका | | | | | | |
| जम्मा | ३९३०७ | २८४२३ | २०८ | १०६६० | १६ | ७२.३१% |
| पुरुष | १९८२५ | १६४५० | ८९ | ३२७७ | ९ | ८२.९८% |
| महिला | १९४८२ | ११९७३ | ११९ | ७३८३ | ७ | ६१.४६% |
| **वडा नं. १** | | | | | | |
| जम्मा | ५७४४ | ४११० | ४७ | १५८३ | ४ | ७१.५५% |
| पुरुष | २९०५ | २३४८ | १२ | ५४४ | १ | ८०.८३% |
| महिला | २८३९ | १७६२ | ३५ | १०३९ | ३ | ६२.०६% |
| **वडा नं. २** | | | | | | |
| जम्मा | ६८६३ | ५१४२ | २ | १७१७ | २ | ७४.९२% |
| पुरुष | ३४८४ | २९६८ | १ | ५१४ | १ | ८५.१९% |

| लिङ्ग | ५ वर्ष र सो भन्दा माथिको जनसङ्ख्या | जनसङ्ख्या | | | नखुलेको | साक्षरता दर (% मा) |
|---|---|---|---|---|---|---|
| | | पढ्न र लेख्न दुवै जानेको | पढ्नमात्र जानेको | पढ्नर लेख्न दुवै नजानेको | | |
| महिला | ३३७९ | २१७४ | १ | १२०३ | १ | ६४.३४% |
| **वडा नं. ३** | | | | | | |
| जम्मा | ७८३८ | ५७७६ | ८ | २०५२ | २ | ७३.६९% |
| पुरुष | ३९५७ | ३३५१ | १ | ६०३ | २ | ८४.६९% |
| महिला | ३८८१ | २४२५ | ७ | १४४९ | ० | ६२.४८% |
| **वडा नं. ४** | | | | | | |
| जम्मा | ५४१६ | ४०५४ | ३३ | १३२९ | ० | ७४.८५% |
| पुरुष | २६९२ | २३४० | १२ | ३४० | ० | ८६.९२% |
| महिला | २७२४ | १७१४ | २१ | ९८९ | ० | ६२.९२% |
| **वडा नं. ५** | | | | | | |
| जम्मा | ४१३१ | ३०२० | ९ | १०९९ | ३ | ७३.११% |
| पुरुष | २०६३ | १७११ | ४ | ३४७ | १ | ८२.९४% |
| महिला | २०६८ | १३०९ | ५ | ७५२ | २ | ६३.३०% |
| **वडा नं. ६** | | | | | | |
| जम्मा | ४५८१ | ३१७१ | ४५ | १३६४ | १ | ६९.२२% |
| पुरुष | २२९० | १८२८ | २३ | ४३९ | ० | ७९.८३% |
| महिला | २२९१ | १३४३ | २२ | ९२५ | १ | ५८.६२% |
| **वडा नं. ७** | | | | | | |
| जम्मा | ४७३४ | ३१५० | ६४ | १५१६ | ४ | ६६.५४% |
| पुरुष | २४३४ | १९०४ | ३६ | ४९० | ४ | ७८.२३% |
| महिला | २३०० | १२४६ | २८ | १०२६ | ० | ५४.१७% |

स्रोत : २०७८ को राष्ट्रिय जनगणना

जनगणनामा प्राप्त नतिजा अनुसार कुल साक्षर जनसङ्ख्याका सबैभन्दा बढी ३४.३२ प्रतिशत व्यक्तिहरूले प्राथमिक तह (कक्षा १ देखि ५ सम्म) मात्र उत्तीर्ण गरेका छन्। निम्न माध्यामिक तह (कक्षा ६ देखि ८ सम्म) मात्र उत्तीर्ण गरेका व्यक्तिहरू २३.८० प्रतिशत रहेका छन्। एस.एल.सी. वा सो सरह मात्र उत्तीर्ण

गर्ने व्यक्तिहरू ५.०४ प्रतिशत देखिन्छन्। यसैगरी एस.एल.सी. भन्दा माथिल्लो तह उत्तीर्ण गर्नेहरू ११.४० प्रतिशत रहेका छन्। यस्तै १.९८ प्रतिशत व्यक्तिहरूले अनौपचारिक शिक्षा अध्ययन गरेको देखिएको छ।


प्राप्त नतिजाले गाउँपालिकाका ५ वर्ष वा सो भन्दा बढी उमेरका साक्षर पुरूष र महिलाहरूले सबैभन्दा बढी सङ्ख्याले प्राथमिक तह मात्र उत्तीर्ण गरेका छन् जसमा पुरूष र महिला क्रमशः १८.६१ प्रतिशत र १५.७१ प्रतिशत रहेका छन्। दोस्रो ठुलो हिस्सा (२३.८० प्रतिशत) ले निम्नमाध्यामिक तहमात्र उत्तीर्ण गरेका छन्। एस.एल.सी. भन्दा माथिल्लो तह उत्तीर्ण गर्ने महिलाहरूको तुलनामा पुरूषहरूको प्रतिशत केही बढी रहेको छ। अनौपचारिक शिक्षामा महिलाहरूको प्रतिशत पुरूषको भन्दा धेरै रहेको छ। गाउँपालिकाको विस्तृत विवरण तलको तालिकामा दिइएको छ।

**तालिका नं. १२ : साक्षर जनसङ्ख्याले उत्तीर्ण गरेको तह**

| उत्तीर्णगरेको तह | जम्मा | | पुरुष | | महिला | |
|---|---|---|---|---|---|---|
| | **सङ्ख्या** | **प्रतिशत** | **सङ्ख्या** | **प्रतिशत** | **सङ्ख्या** | **प्रतिशत** |
| पूर्व प्राथमिक तह | १९०५ | ६.५७% | १०७० | ३.६९% | ८३५ | २.८८% |
| प्राथमिक तह ((१-५) | ९९४५ | ३४.३२% | ५३९२ | १८.६१% | ४५५३ | १५.७१% |
| निम्न माध्यमिक तह (६-८) | ६८९६ | २३.८०% | ४१०० | १४.१५% | २७९६ | ९.६५% |
| माध्यमिक तह(९-१०) | ४८९७ | १६.९०% | ३०१६ | १०.४१% | १८८१ | ६.४९% |
| एस.एल.सि. वा सो सरह | १४५९ | ५.०४% | ९०० | ३.११% | ५५९ | १.९३% |
| प्रमाणपत्र वा सो सरह | २५०६ | ८.६५% | १५१९ | ५.२४% | ९८७ | ३.४१% |
| स्नातक वा सो सरह | ५६० | १.९३% | ३४० | १.१७% | २२० | ०.७६% |
| स्नातकोत्तर वा सो सरह र माथि | २३६ | ०.८१% | १८१ | ०.६२% | ५५ | ०.१९% |
| अन्य | ६९ | ०.२४% | १४ | ०.०५% | ५५ | ०.१९% |
| तह नभएको/ तह नखुलेको | ३०२ | १.०४% | ११८ | ०.४१% | १८४ | ०.६३% |
| उल्लेख नभएको | २०२ | ०.७०% | १०० | ०.३५% | १०२ | ०.३५% |
| **जम्मा** | **२८९७७** | **१००%** | **१६७५०** | **५७.८०%** | **१२२२७** | **४२.२०%** |

स्रोत : २०७८ को राष्ट्रिय जनगणना

**रेखाचित्र नं. ७ : गाउँपालिकाका साक्षर जनसङ्ख्याले उत्तीर्ण गरेको तह प्रतिशतमा**




### ३.७ पेशा तथा आर्थिक क्रियाकलाप


जीवन निर्वाह खेती, सानोतिनो व्यापार, ज्याला मजदुरी तथा वैदेशीक रोजगार नै प्रस्ताव प्रभावित क्षेत्रका वासिन्दाहरूको मुख्य आर्थिक क्रियाकलाप हुन । गाउँपालिकाका १० वर्ष वा सो भन्दा बढी उमेरका व्यक्तिले गरेको आर्थिक कामलाई नेपाल स्तरीय पेशागत वर्गीकरण अनुसार प्रस्तुत गरिएको छ। आर्थिक काम गरेका १८,०५० जनसङ्ख्या मध्ये पेशागत रूपमा सबैभन्दा बढी कृषि, वन र माछापालन कार्यका दक्ष कामदारहरू ३९.२० प्रतिशत रहेका छन्। यसपछि क्रमशः सामान्य वा प्राथमिक पेशाका कामदारहरू ३५.५६ प्रतिशत, शिल्पकला तथा कालिगढ र यस सम्बन्धी व्यापार गर्ने कामदारहरू १०.६५ प्रतिशत, सेवा तथा वस्तु बिक्री गर्ने कामदारहरू ४.७६ प्रतिशत, यन्त्र तथा मेशिन अपरेटर र जडान गर्ने कामदारहरू ३.५९ प्रतिशत, व्यवस्थापकहरू २.२८ प्रतिशत, पेशाविदहरू २.१० प्रतिशत रहेका छन्। विस्तृत विवरण तलको तालिकामा दिइएको छ ।

**तालिका नं. १३ : आर्थिक रूपले सक्रिय जनसङ्ख्याको मुख्य पेशा अनुसारको विवरण**
(१० वर्ष वा सो भन्दा बढी उमेरका)

| आर्थिक कामको पेशागत विवरण | जम्मा | प्रतिशत | पुरुष | प्रतिशत | महिला | प्रतिशत |
|---|---|---|---|---|---|---|
| कृषि,वन र माछापालन कार्यका दक्ष कामदारहरु | ७०७६ | ३९.२०% | ४३०६ | २३.८६% | २७७० | १५.३५% |
| सामान्य वा प्राथमिक पेशाका कामदारहरु | ६४१९ | ३५.५६% | ३१४८ | १७.४४% | ३२७१ | १८.१२% |
| शिल्पकला तथा कालिगढ र यस सम्बन्धी व्यापार गर्ने कामदारहरु | १९२३ | १०.६५% | १७५२ | ९.७१% | १७१ | ०.९५% |
| सेवा तथा वस्तु बिक्री गर्नेकामदारहरु | ८६० | ४.७६% | ७०४ | ३.९०% | १५६ | ०.८६% |
| यन्त्र तथा मेशिन अपरेटर र जडानगर्ने कामदारहरु | ६४८ | ३.५९% | ६३२ | ३.५०% | १६ | ०.०९% |
| व्यवस्थापकहरु | ४११ | २.२८% | ३६१ | २.००% | ५० | ०.२८% |
| पेशाविद्हरु | ३७९ | २.१०% | २७८ | १.५४% | १०१ | ०.५६% |
| प्राविधिक तथा सहायक पेशाविद्हरु | १९४ | १.०७% | १५३ | ०.८५% | ४१ | ०.२३% |
| कार्यालय सहायकहरु | ९२ | ०.५१% | ७८ | ०.४३% | १४ | ०.०८% |
| सैनिक अधिकारीहरु | २७ | ०.१५% | २३ | ०.१३% | ४ | ०.०२% |
| उल्लेख नभएका | २१ | ०.१२% | ११ | ०.०६% | १० | ०.०६% |
| **जम्मा** | **१८०५०** | **१००%** | **११४४६** | **६३.४१%** | **६६०४** | **३६.५९%** |

स्रोत : २०७८ को राष्ट्रिय जनगणना

**रेखाचित्र नं. ८ : आर्थिक रूपले सक्रिय जनसङ्ख्या मुख्य पेशा अनुसारको विवरण प्रतिशतमा** (१० वर्ष वा सो भन्दा बढी उमेरका)





अध्ययन अनुसार करिव एक तिहाई मानिसहरू सानातिना होटल, किराना पसल वा कुनै एक किसिमिको व्यापार पेशामा लागेका देखिन्छन्। गाउँपालिकाका १० वर्ष वा सोभन्दा माथिका ३५,०४३ जना व्यक्तिहरू मध्ये ५१.५१ प्रतिशतले गणना अधिको १२ महिना अवधिको समयमा कुनै न कुनै आर्थिक काम गरेको देखिन्छ जसमध्ये २७.६३ प्रतिशतले ६ महिना वा सोभन्दा बढी समय काम गरेको, २३.८७ प्रतिशतले ६ महिनाभन्दा कम समय काम गरेको र ४८.४९ प्रतिशतले कुनै पनि काम नगरेको देखिन्छ। १० वर्ष वा सो भन्दा बढी उमेरका आर्थिक काम नगर्ने व्यक्तिहरू मध्ये पुरूष १७.४४ प्रतिशत र महिला ३१.०५ प्रतिशत रहेका छन्। विस्तृत तलको तालिकामा दिइएको छ।

**तालिका नं. १४ : आर्थिक काम गरेको अवधिको आधारमा जनसङ्ख्या वितरण** (१० वर्ष वा सो भन्दा बढी)

| सङ्ख्या /प्रतिशत | जम्मा | ६ महिना वा सो भन्दा बढीकाम गरेको | ३ देखि ६ महिना काम गरेको | ३ महिना भन्दा कम काम गरेको | कुनैपनि आर्थिक काम नगरेको |
|---|---|---|---|---|---|
| जम्मा | ३५०४३ | ९६८४ | ४३४८ | ४०१८ | १६९९३ |
| प्रतिशत | १००% | २७.६३% | १२.४१% | ११.४७% | ४८.४९% |
| पुरुष | १७५५७ | ७८१७ | १८८५ | १७४४ | ६१११ |
| प्रतिशत | ५०.१०% | २२.३१% | ५.३८% | ४.९८% | १७.४४% |
| महिला | १७४८६ | १८६७ | २४६३ | २२७४ | १०८८२ |
| प्रतिशत | ४९.९०% | ५.३३% | ७.०३% | ६.४९% | ३१.०५% |

स्रोत : २०७८ को राष्ट्रिय जनगणना

**रेखाचित्र नं. ९ : आर्थिक काम गरेको अवधिको आधारमा जनसङ्ख्या वितरण प्रतिशतमा** (१० वर्ष वा सो भन्दा बढी)




वैदेशीक रोजगारका लागि भारत, खाडी मुलुक, जापान, कोरिया, अमेरिकन र युरोपियन देशहरूमा जाने चलन बढ्दै गएको छ। यस्तो किसिमको वैदेशीक रोजगारले ग्रामीण जनताहरूको आर्थिक जीवन स्तरमा


सकारात्मक प्रभाव पार्दै गएको छ। यस गाउँपालिकाका ७ हजार ५ सय २६ परिवार सङ्ख्या रहेकोमा कम्तिमा १ जना विदेश हुने परिवार १४.२४ प्रतिशत रहेको देखिन्छ। १ हजार ७२ परिवारहरू बाट १ हजार २ सय ११ जना सदस्य परिवारमा अनुपस्थित रही विदेशमा अक्सर बसोबास गरेको देखिन्छ, जसमध्ये पुरूष १,१८० जना (२.७२ प्रतिशत) र महिला ३१ जना (०.०७ प्रतिशत) रहेका छन्।

**तालिका नं. १५ : परिवारमा अनुपस्थित (विदेशमा अक्सर बसोवास गर्ने सङ्ख्या)**

| परिवार सङ्ख्या | कम्तिमा १ जना विदेश हुने परिवार सङ्ख्या | प्रतिशत | जम्मा जनसङ्ख्या | अनुपस्थित जनसङ्ख्या | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | जम्मा | | पुरूष | | महिला | |
| | | | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| | रोहिणी गाउँपालिका | | | | | | | | |
| ७५२६ | १०७२ | १४.२४% | ४३३२७ | १२११ | २.८०% | ११८० | २.७२% | ३१ | ०.०७% |

स्रोत : २०७८ को राष्ट्रिय जनगणना

**रेखाचित्र नं. १० : राष्ट्रिय जनगणना २०७८ अनुसार परिवारमा अनुपस्थित पुरूष र महिलाको प्रतिशत**




माथि उल्लेख गरिएको आर्थिक क्रियाकलापहरूको अलवा प्रभावित क्षेत्रका धेरै जसो मानिसहरू प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा बाणगङ्गा नदीबाट ढुङ्गा, मिस्कट र बालुवाको सङ्कलन तथा निकासी कार्यमा पनि सङ्लग्न रहेका छन्। ज्यालादरलाई हेर्दा प्रस्ताव प्रभावित क्षेत्रमा बसोबास गर्ने मानिसहरूले लिने ज्याला कामको प्रकृति मौसम अनुसार फरक-फरक रहेको छ। स्थानीय सरोकारवालाहरूको छलफलबाट यहाँका मजदुरहरूले प्रतिदिन ज्यालादर रू. ५०० देखि १००० सम्म रहेको पाइयो। यसमा पनि सिकर्मी, डकर्मी तथा ड्राइभिङ्गहरूले बढी ज्याला लिने गरेका छन्।

### ३.८ बसाईसराई सम्बन्धी विवरण


प्रस्ताव प्रभावित क्षेत्रमा राष्ट्रिय जनगणना २०७८ अनुसार गाउँपालिकाका जम्मा जनसङ्ख्या मध्ये नेपालभित्र जन्मेका ८८.८१ प्रतिशत, विदेशमा जन्मेका ११.१७ प्रतिशत रहेका छन् । नेपाल भित्र जन्मेका मध्ये सोही जिल्लाको यहि पालिकामा जन्मेका कुल जनसङ्ख्याको ७७.५० प्रतिशत र अर्को पालिकामा जन्मेका ६.५० प्रतिशत छन् भने अर्को जिल्लामा जन्मेका ४.८१ प्रतिशत रहेका छन् । उल्लेखित जन्मस्थान हेर्दा पुरूष भन्दा महिलाको अर्को पालिका वा जिल्ला वा बिदेशमा जन्मेका बढी रहेका छन् । समग्रमा बसोबास गरेको भन्दा फरक गाउँपालिका वा नगरपालिका वा बिदेश जन्मस्थान हुने महिलाको सङ्ख्या पुरूषको तुलनामा अधिक रहेको छ। विस्तृत विवरण तलको तालिका मा दिइएको छ ।

**तालिका नं. १६ : गाउँपालिकाको जन्मस्थानको आधारमा जनसङ्ख्या**

| पुरूष/ महिला | जम्मा जनसङ्ख्या | नेपाल भित्र जन्मेको | यहि जिल्लामा जन्मेको | | | अर्को जिल्लामा जन्मेको | बिदेशमा जन्मेको | जन्म स्थान नखुलेको |
|---|---|---|---|---|---|---|---|---|
| | | | जम्मा | यहि पालिकामा | अर्को पालिकामा | | | |
| **जम्मा** | ४३३२७ | ३८४७९ | ३६३९५ | ३३५७७ | २८१८ | २०८४ | ४८३९ | ९ |
| **प्रतिशत** | १००% | ८८.८१% | ८४.००% | ७७.५०% | ६.५०% | ४.८१% | ११.१७% | ०.०२% |
| **पुरूष** | २१८६५ | २१६५० | २१४९९ | २१३२१ | १७८ | १५१ | २०९ | ६ |
| **प्रतिशत** | ५०.४७% | ४९.९७% | ४९.६२% | ४९.२१% | ०.४१% | ०.३५% | ०.४८% | ०.०१% |
| **महिला** | २१४६२ | १६८२९ | १४८९६ | १२२५६ | २६४० | १९३३ | ४६३० | ३ |
| **प्रतिशत** | ४९.५३% | ३८.८४% | ३४.३८% | २८.२९% | ६.०९% | ४.४६% | १०.६९% | ०.०१% |

स्रोत : २०७८ को राष्ट्रिय जनगणना

**रेखाचित्र नं. ११ : गाउँपालिकाको जन्मस्थानको आधारमा जनसङ्ख्या प्रतिशतमा**




३.९ खानेपानी तथा स्वास्थ्यको स्थिति


खानेपानी तथा सरसफाई स्वास्थ्य सँग प्रत्यक्ष सरोकार रहेको विषय हो । स्वास्थ्य जीवन जीवनका लागि यी तत्वको निकै महत्व रहेको हुन्छ, यस बारेमा सचेत रहनु पर्दछ । खानेपानीले मानिसको स्वास्थ्यमा प्रत्यक्ष रूपमा असर गर्ने गर्दछ, तसर्थ खानेपानी सफा तथा शुद्ध हुन आवश्यक छ । २०७८ को राष्ट्रिय जनगणनाको प्राप्त नतिजा अनुसार गाउँपालिकामा कूल ७,५२६ परिवार मध्ये खानेपानीको मुख्य स्रोतको रूपमा धारा/पाइप (घरपरिसर भित्र) प्रयोग गर्ने २९.६२ प्रतिशत र धारा/पाइप (घरपरिसर बाहिर) १५.९६ प्रतिशत, ट्युववेल/हाते पम्प ५२.३९ प्रतिशत, मूलधारा १.५१ प्रतिशत र जार/बोतल ०.०४ प्रतिशत परिवार रहेका छन्। बाँकी अन्य रहेका छन्। वडा अनुसार हेर्दा वडा नं. ५ र ६ सबैभन्दा बढी ट्युववेल/हातेपम्प तथा वडा नं. ७ र ४ मा धारा/पाइप (घरपरिसर भित्र) खानेपानीको मुख्य स्रोतको रूपमा प्रयोग गर्ने परिवार रहेको छन् । वडागत रूपमा विभिन्न खानेपानीको स्रोत प्रयोग गर्ने परिवार सङ्ख्या तालिकामा दिइएको छ ।

**तालिका नं.१७ : खानेपानीको मुख्य स्रोत अनुसार परिवार सङ्ख्या**

| वडा नं. | सङ्ख्या /प्रतिशत | जम्मा परिवार सङ्ख्या | पिउनेपानीको मुख्य स्रोत | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | धारा/पाइप (घर परिसर भित्र) | धारा/पाइप (घर परिसर बाहिर) | ट्युबवेल/हातेपम्प | ढाकिएको इनार/कुवा | खुला इनार/कुवा | मूलधारा | नदी/खोला | जार /बोतल | अन्य |
| १ | सङ्ख्या | १०३२ | १२० | २४३ | ५८५ | ० | ० | ८३ | ० | १ | ० |
| | प्रतिशत | १००% | ११.६३% | २३.५५% | ५६.६९% | ०.००% | ०.००% | ८.०४% | ०.००% | ०.१०% | ०.००% |
| २ | सङ्ख्या | १२८८ | १८३ | १४६ | ९४९ | ० | ० | १ | ० | ० | ९ |
| | प्रतिशत | १००% | १४.२१% | ११.३४% | ७३.६८% | ०.००% | ०.००% | ०.०८% | ०.००% | ०.००% | ०.७०% |
| ३ | सङ्ख्या | १५२७ | ६२५ | ५४२ | ३१६ | ३ | ६ | २९ | ० | २ | ४ |
| | प्रतिशत | १००% | ४०.९३% | ३५.४९% | २०.६९% | ०.२०% | ०.३९% | १.९०% | ०.००% | ०.१३% | ०.२६% |
| ४ | सङ्ख्या | १०९५ | ६९६ | १५३ | २३९ | ० | ० | ० | ० | ० | ७ |
| | प्रतिशत | १००% | ६३.५६% | १३.९७% | २१.८३% | ०.००% | ०.००% | ०.००% | ०.००% | ०.००% | ०.६४% |
| ५ | सङ्ख्या | ८३६ | ४ | ६ | ८२३ | ० | ० | १ | ० | ० | २ |
| | प्रतिशत | १००% | ०.४८% | ०.७२% | ९८.४४% | ०.००% | ०.००% | ०.१२% | ०.००% | ०.००% | ०.२४% |
| ६ | सङ्ख्या | ८८९ | २१ | १७ | ८४९ | ० | ० | ० | ० | ० | २ |
| | प्रतिशत | १००% | २.३६% | १.९१% | ९५.५०% | ०.००% | ०.००% | ०.००% | ०.००% | ०.००% | ०.२२% |
| ७ | सङ्ख्या | ८५९ | ५८० | ९४ | १८२ | ० | १ | ० | ० | ० | २ |
| | प्रतिशत | १००% | ६७.५२% | १०.९४% | २१.१९% | ०.००% | ०.१२% | ०.००% | ०.००% | ०.००% | ०.२३% |
| रोहिणी गा.पा. | सङ्ख्या | ७५२६ | २२२९ | १२०१ | ३९४३ | ३ | ७ | ११४ | ० | ३ | २६ |
| | प्रतिशत | १००% | २९.६२% | १५.९६% | ५२.३९% | ०.०४% | ०.०९% | १.५१% | ०.००% | ०.०४% | ०.३५% |

स्रोत : २०७८ को राष्ट्रिय जनगणना

**रेखाचित्र नं. १२ : गाउँपालिकामा खानेपानीको मुख्य स्रोत अनुसार परिवार प्रतिशतमा**




खानेपानीको गुणस्तर सबै ठाउँमा समान छैन । कतिपय क्षेत्रमा फलाम र आर्सेनिकको मात्रा बढी देखिएको छ । पानी शुद्धीकरणका लागि स्थानीय तथा सरकारी तहबाट प्रयास भइरहेको छ । गाउँपालिकाले विभिन्न खानेपानी आयोजना सञ्चालनमा ल्याएको छ । सामुदायिक खानेपानी योजना अन्तर्गत पानीको उचित वितरणका लागि काम भइरहेको छ । पानी शुद्धीकरणका लागि जनचेतना कार्यक्रम तथा आधुनिक प्रविधिको प्रयोग भैरहेको छ । गाउँपालिकाले खानेपानीको अभाव समाधान गर्न दीर्घकालीन योजनाहरूमा जोड दिइरहेको छ । पानीका स्रोतको उचित व्यवस्थापन र गुणस्तरीय पानीको आपूर्ति स्थानीय समुदायको जीवनस्तर उकास्न महत्वपूर्ण हुनेछ ।

नेपाल सरकार स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयको नीति अनुसार जिल्लामा स्वास्थ्य सेवाका योजना, कार्यक्रम सञ्चालन, अनुगमन गरी गुणस्तरीय स्वास्थ्य प्रदान गर्न मुख्य जिल्ला स्तरिय निकायका रूपमा स्वास्थ्य कार्यालय रहेको छ । स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले निर्धारण गरेको स्वास्थ्य नीति, कार्यक्रम र स्वास्थ्य सेवालाई प्रभावकारी रूपमा कार्यान्वयन गर्ने यस कार्यालयका मूख्य जिम्मेवारी र दायित्व हो । यस कार्यालयले सरकारी स्वास्थ्य संस्था मार्फत स्वास्थ्य सेवा सञ्चालनको अतिरिक्त स्वास्थ्य सेवा सञ्चालन गर्न अन्य गैर सरकारी स्वास्थ्य क्लिनिक, पोली क्लिनिक, अस्पतालहरूको समेत सञ्चालन अनुमति दिने, अनुगमन गर्ने र नियमन गर्ने कार्य समेत गर्ने गर्दछ । यस कार्यालयबाट मुख्यत: स्वास्थ्य चौकी, शहरी स्वास्थ्य केन्द्र र सामुदायिक स्वास्थ्य इकाइहरू मार्फत विरामी जाँच, नवजात शिशु तथा बाल रोगका एकीकृत व्यवस्थापन, पोषण कार्यक्रम, सुरक्षित मातृत्व, क्षयरोग, कुष्ठरोग, एच. आई.भी.एड्स कार्यक्रम जस्ता जनस्वास्थ्य कार्यक्रमहरू, खोप क्लिनिकबाट खोप सेवा, गाउँघर क्लिनिकबाट तोकिएका सेवाहरू तथा समुदाय स्तरमा

स्वास्थ्य जनचेतना तथा आधारभूत स्वास्थ्य सेवाहरू महिला स्वास्थ्य स्वयंसेविका मार्फत प्रवाह गर्ने गरिन्छ । प्रस्ताव प्रभावित क्षेत्रमा अझै पनि उपचारमा परम्परागत पद्धति जस्तै धामी झाक्रीको प्रचलन रहेको छ । यस गाउँपालिका भित्र बस्ने अधिकांश घरपरिवारहरूले विरामी हुँदा स्वास्थ्य चौकीको सेवामा निर्भर रहेका हुन्छन् । गाउँपालिका भित्र रहेका सामुदायिक अस्पताल र प्राइभेट क्लिनीक तथा अस्पतालहरूले पनि स्वास्थ्य क्षेत्रमा महत्वपूर्ण योगदान पुऱ्याएका छन् । यहाँका मानिसहरू जटिल किसिमको स्वास्थ्य समस्या भएमा उपचारका लागि बुटवल, भैरहवा, पाल्पा, चितवन र काठमाडौं सम्म जाने गर्दछन् ।

## ३.१० यातायात र पहुँच मार्ग/निकासी मार्ग

प्रस्ताव प्रभावित क्षेत्रमा शिद्धार्थ राजमार्गसगँ जोडिएकोले यहाँबाट दैनिक रूपमा यातायातका साधनहरूको आवतजावत हुने गरेको छ । प्रस्ताव प्रभावित क्षेत्रमा स्थानीय सडकमार्गसगँ जोडिएकोले यहाँबाट दैनिक रूपमा यातायातका साधनहरूको आवतजावत हुने गरेको छ । प्रभावित क्षेत्रबाट बुटवल, भैरहवा सम्म मानिस, वस्तु तथा सेवाहरूको आवतजावत सहज भएको छ । भित्री सडक केही कच्ची भएकोले ठाउँ-ठाउँमा साँगुरो र विभिन्न स्थानमा मर्मत गर्नुपर्ने स्थितिमा रहेको छ ।

## ३.११ धार्मिक, साँस्कृतिक तथा ऐतिहासिक स्थल

प्रस्ताव प्रभावित क्षेत्र बुद्धकालीन इतिहाससँग जोडिएको रोहिणी नदी, धार्मिक तथा ऐतिहासिक महत्त्व भएको स्थल धकधई बजार, शिव मन्दिर, सतीया देवी मन्दिर जस्ता महत्वपूर्ण स्थलहरू रहेका छन् ।

## ३.१२ सामुदायिक वन उपभोक्ता समूह

ग्रामीण अर्थतन्त्रमा महत्वपूर्ण योगदान पुर्याउने कृषि देखि लिएर जलस्रोत, पर्यटन आदिको विकासमा वन क्षेत्रले महत्वपूर्ण अवसरहरूको सृजना गरेको हुन्छ । तर बढ्दो जनसङ्ख्या र अरू वैकल्पिक व्यवस्थाहरूको अभावमा वन क्षेत्रमा चाप बढी रहेको छ जसले गर्दा वन जङ्गलको विनाश, भू-क्षय, जैविक विविधतामा ह्रास जस्ता पर्यावरणीय प्रतिकुलताहरू बढ्दै गएको छ ।

प्रस्ताव प्रभावित क्षेत्र रोहिणी गाउँपालिकाको क्षेत्रफल ६४.६२ वर्ग कि.मि. मा २७.८९ हेक्टर अथार्त ०.४३ प्रतिशत वन क्षेत्रले ढाकेको छ । वन सम्पदा खुला सम्पती भएकाले यसको संरक्षण स्थानिय बासिन्दाको सकृय सहभागिता बिना सम्भव छैन भन्ने कुरालाई आत्मसात गर्दै वन सम्पदाको संरक्षण, व्यवस्थापन र सदुपयोगका लागि स्थानिय जनतालाई सुम्पने कार्यको थालनी भएको हो । प्रस्ताव प्रभावित क्षेत्र रोहिण गाउँपालिकामा २७.८९ हेक्टर भू-भाग वन क्षेत्र रहेकोमा १ वटा सामुदायिक वन रहेको छ ।


## ३.१३ खेत तथा सिँचाइ सुविधा

रोहिणी नदीबाट सिचाइ आयेजनाहरू समेत रहेका छन् । तर नदीजन्य पदार्थ सङ्कलन तथा उत्खनन् गर्ने क्षेत्र सम्ममा सिचाइका आयोजना, बाध तथा कुलाहरू रहेको पाइएन् ।


३.१४ सूचना तथा सञ्चार

प्रस्ताव प्रभावित क्षेत्रमा हुलाक, टेलिफोन, कम्प्युटर, टेलिभिजन, इन्टरनेट जस्ता आधुनिक सञ्चार तथा सूचनाका साधनहरूको उपलब्धता रहेको पाइयो । रोहिणी गाउँपालिकामा २०७८ को राष्ट्रिय जनगणनामा २.५१ प्रतिशत परिवारहरूमा उल्लिखित कुनै पनि साधन/सुविधाहरू उपलब्ध नभएको पाइयो भने ९७.४९ प्रतिशत परिवारमा कम्तिमा एक किसिमको साधन/सुविधा उपलब्ध भएको पाइएको छ। साधारण मोबाइल फोन हुने र स्मार्ट मोबाइल फोन हुने परिवारको सङ्ख्या क्रमशः ८२.२३ प्रतिशत र ६६.५० प्रतिशत देखिएको छ। नतिजा अनुसार ५१.७१ प्रतिशतमा टेलिभिजन, १६.१५ प्रतिशतमा इन्टरनेट सुविधा, ८८.१६ प्रतिशतमा साइकल उपलब्ध रहेको देखिन्छ। यसैगरी वडामा कुनै पनि साधारण सुविधा उपलब्ध नभएको परिवार सबैभन्दा बढी वडा नं. ७ मा ५.०१ प्रतिशत र कम वडा नं. १ मा १.३६ प्रतिशत रहेको छ । अन्य विस्तृत विवरण तलको तालिकामा दिइएको छ।


**रेखाचित्र नं. १३ : वडा अनुसार कुनै पनि साधारण सुविधा उपलब्ध नभएको परिवार प्रतिशतमा**



रेखाचित्र नं. १४ : वडा अनुसार साधारण मोबाइल फोन हुने र स्मार्ट मोबाइल फोन हुने परिवारका प्रतिशत




रेखाचित्र नं. १५ : वडा अनुसार इन्टरनेटको सुविधा प्रयोग गर्ने परिवार प्रतिशतमा



तालिका नं. १८ :  घरायसी साधन/सुविधा अनुसारको परिवार सङ्ख्या

| विवरण | | सङ्ख्या /प्रतिशत | वार्ड नं. १ | वार्ड नं. २ | वार्ड नं. ३ | वार्ड नं. ४ | वार्ड नं. ५ | वार्ड नं. ६ | वार्ड नं. ७ | रोहिणी गा.पा. |
|---|---|---|---|---|---|---|---|---|---|---|
| **जम्मा परिवार** | | सङ्ख्या | १०३२ | १२८८ | १५२७ | १०९५ | ८३६ | ८८९ | ८५९ | ७५२६ |
| **कुनै सुबिधा नभएको परिवार** | | सङ्ख्या | १४ | २९ | २८ | २२ | ३१ | २२ | ४३ | १८९ |
| | | प्रतिशत | १.३६% | २.२५% | १.८३% | २.०१% | ३.७१% | २.४७% | ५.०१% | २.५१% |
| **कम्तिमा एक सुबिधा भएको परिवार** | | सङ्ख्या | १०१८ | १२५९ | १४९९ | १०७३ | ८०५ | ८६७ | ८१६ | ७३३७ |
| | | प्रतिशत | ९८.६४% | ९७.७५% | ९८.१७% | ९७.९९% | ९६.२९% | ९७.५३% | ९४.९९% | ९७.४९% |
| **घरायसी सुविधाका साधनहरु** | **रेडियो सुविधा** | सङ्ख्या | २८ | २४५ | १३० | १२५ | ३५ | २७६ | २८४ | ११२३ |
| | | प्रतिशत | २.७५% | १९.४६% | ८.६७% | ११.६५% | ४.३५% | ३१.८३% | ३४.८०% | १५.३१% |
| | **टेलिभिजन** | सङ्ख्या | ५३७ | ५९१ | ९३१ | ५७३ | ३९३ | ३४९ | ४२० | ३७९४ |
| | | प्रतिशत | ५२.७५% | ४६.९४% | ६२.११% | ५३.४०% | ४८.८२% | ४०.२५% | ५१.४७% | ५१.७१% |
| | **ल्याण्डलाइन टेलिफोन** | सङ्ख्या | ५ | ४८ | २१ | ४ | ३ | १ | ४ | ८६ |
| | | प्रतिशत | ०.४९% | ३.८१% | १.४०% | ०.३७% | ०.३७% | ०.१२% | ०.४९% | १.१७% |
| | **मोबाइल फोन (साधारण)** | सङ्ख्या | ७४६ | १०३० | १२२६ | ९२३ | ६८४ | ७४९ | ६७५ | ६०३३ |
| | | प्रतिशत | ७३.२८% | ८१.८१% | ८१.७९% | ८६.०२% | ८४.९७% | ८६.३९% | ८२.७२% | ८२.२३% |
| | **स्मार्ट मोबाइल फोन** | सङ्ख्या | ७५० | ९८५ | १०५९ | ६४३ | ४२१ | ५८० | ४४१ | ४८७९ |
| | | प्रतिशत | ७३.६७% | ७८.२४% | ७०.६५% | ५९.९३% | ५२.३०% | ६६.९०% | ५४.०४% | ६६.५०% |
| | **कम्प्युटर/ल्यापटप** | सङ्ख्या | ४६ | ६२ | १८४ | ८१ | २० | २६ | १४ | ४३३ |
| | | प्रतिशत | ४.५२% | ४.९२% | १२.२७% | ७.५५% | २.४८% | ३.००% | १.७२% | ५.९०% |


| विवरण | | सङ्ख्या /प्रतिशत | वार्ड नं. १ | वार्ड नं. २ | वार्ड नं. ३ | वार्ड नं. ४ | वार्ड नं. ५ | वार्ड नं. ६ | वार्ड नं. ७ | रोहिणी गा.पा. |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | इन्टरनेट सुविधा | सङ्ख्या | ६८ | १२२ | ३९९ | ९१ | ६६ | २०८ | २३१ | ११८५ |
| | | प्रतिशत | ६.६८% | ९.६९% | २६.६२% | ८.४८% | ८.२०% | २३.९९% | २८.३१% | १६.१५% |
| | कार/जीप/भ्यान | सङ्ख्या | ११ | १४ | ३६ | २४ | ५ | १ | ८ | ९९ |
| | | प्रतिशत | १.०८% | १.११% | २.४०% | २.२४% | ०.६२% | ०.१२% | ०.९८% | १.३५% |
| | मोटरसाइकल/स्कुटर | सङ्ख्या | ४३२ | ५७४ | ७५१ | ४७४ | ३६१ | ३५७ | ३९० | ३३३९ |
| | | प्रतिशत | ४१.८६% | ४४.५७% | ४९.१८% | ४३.२९% | ४३.१८% | ४०.१६% | ४५.४०% | ४४.३७% |
| | साइकल | सङ्ख्या | ८९४ | ११४४ | १२२६ | ९४८ | ७३५ | ७७३ | ७४८ | ६४६८ |
| | | प्रतिशत | ८७.८२% | ९०.८७% | ८१.७९% | ८८.३५% | ९१.३०% | ८९.१६% | ९१.६७% | ८८.१६% |
| | विद्युतीय पंखा | सङ्ख्या | ८९२ | १०९३ | १३१६ | ९७४ | ६८० | ७२८ | ६७५ | ६३५८ |
| | | प्रतिशत | ८७.६२% | ८६.८१% | ८७.७९% | ९०.७७% | ८४.४७% | ८३.९७% | ८२.७२% | ८६.६६% |
| | रेफ्रिजरेटर | सङ्ख्या | २६० | १८९ | ४४४ | १८७ | ७० | १२३ | १३८ | १४११ |
| | | प्रतिशत | २५.५४% | १५.०१% | २९.६२% | १७.४३% | ८.७०% | १४.१९% | १६.९१% | १९.२३% |
| | वासिङ मेशिन | सङ्ख्या | ७२ | ४४ | ८३ | २१ | ७ | १८ | २४ | २६९ |
| | | प्रतिशत | ७.०७% | ३.४९% | ५.५४% | १.९६% | ०.८७% | २.०८% | २.९४% | ३.६७% |
| | एयर कन्डिसनर | सङ्ख्या | १७ | ४ | २८ | १९ | १० | १ | ० | ७९ |
| | | प्रतिशत | १.६७% | ०.३२% | १.८७% | १.७७% | १.२४% | ०.१२% | ०.००% | १.०८% |

स्रोत : २०७८ को राष्ट्रिय जनगणना

## ३.१५ बिद्युत् तथा उर्जा

प्रस्ताव प्रभावित वडा तथा क्षेत्रमा बिद्युत् सेवा पुगेको छ। राष्ट्रिय जनगणना २०७८ को नतिजाले गाउँपालिकामा कूल परिवार मध्ये आधाभन्दा बढी (६१.४८ प्रतिशत) परिवारले खाना पकाउन अक्सर एल.पि.ग्याँस प्रयोग गर्ने गरेको देखाएको छ । खाना पकाउन अक्सर काठ/दाउरा प्रयोग गर्ने परिवार ३३.०७ प्रतिशत रहेको छ । गुइठा/गोवर प्रयोग गर्ने परिवार ४.७६ प्रतिशत, विजुली प्रयोग गर्ने परिवार ०.१६ प्रतिशत, बायोग्याँस प्रयोग गर्ने परिवार ०.१२ प्रतिशत रहेको छ भने बाँकी अन्य रहेको छ। वडामा खाना पकाउन अक्सर प्रयोग गरिने इन्धन हेर्दा सबैभन्दा बढी एल.पि.ग्याँस प्रयोग गर्ने परिवार वडा नं. ३ मा र कम वडा नं. ६ मा रहेका छन् । यसै गरी खाना पकाउन अक्सर काठ दाउरा प्रयोग गर्ने परिवार सबैभन्दा बढी वडा नं. १ र कम वडा नं. ५ मा रहेका छन् । खाना बनाउन अक्सर प्रयोग गरिएको इन्धन अनुसारको परिवार सङ्ख्या तलको तालिकामा दिइएको छ।

**रेखाचित्र नं. १६ : गाउँपालिकामा परिवारमा खाना पकाउन अक्सर प्रयोग गरिने इन्धन अनुसार परिवार सङ्ख्या प्रतिशतमा**



**तालिका नं. १९ : परिवारमा खाना पकाउन अक्सर प्रयोग गरिने इन्धन अनुसार परिवार सङ्ख्या**

| क्षेत्र | सङ्ख्या / प्रतिशत | जम्मा परिवार सङ्ख्या | खानापकाउने इन्धनको मुख्य श्रोत | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | काठ/ दाउरा | एल.पी. ग्यास | बिजुली | गुइठा/ गोवर | बायो ग्यास | मटितेल | अन्य |
| रोहिणी गा.पा. | सङ्ख्या | ७५२६ | २४८९ | ४६२७ | १२ | ३५८ | ९ | १ | ३० |
| | प्रतिशत | १००% | ३३.०७% | ६१.४८% | ०.१६% | ४.७६% | ०.१२% | ०.०१% | ०.४०% |
| वडा नं. | | | | | | | | | |
| १ | सङ्ख्या | १०३२ | ४८९ | ५३४ | १ | ६ | १ | १ | ० |
| | प्रतिशत | १००% | ४७.३८% | ५१.७४% | ०.१०% | ०.५८% | ०.१०% | ०.१०% | ०.००% |
| २ | सङ्ख्या | १२८८ | ४०८ | ८३१ | ३ | ४६ | ० | ० | ० |
| | प्रतिशत | १००% | ३१.६८% | ६४.५२% | ०.२३% | ३.५७% | ०.००% | ०.००% | ०.००% |
| ३ | सङ्ख्या | १५२७ | ३७० | ११३९ | ० | १५ | ० | ० | ३ |
| | प्रतिशत | १००% | २४.२३% | ७४.५९% | ०.००% | ०.९८% | ०.००% | ०.००% | ०.२०% |
| ४ | सङ्ख्या | १०९५ | ४३६ | ६४० | १ | १३ | ३ | ० | २ |
| | प्रतिशत | १००% | ३९.८२% | ५८.४५% | ०.०९% | १.१९% | ०.२७% | ०.००% | ०.१८% |
| ५ | सङ्ख्या | ८३६ | १९८ | ५२३ | २ | ९४ | २ | ० | १७ |
| | प्रतिशत | १००% | २३.६८% | ६२.५६% | ०.२४% | ११.२४% | ०.२४% | ०.००% | २.०३% |
| ६ | सङ्ख्या | ८८९ | २६८ | ४४१ | २ | १७१ | १ | ० | ६ |
| | प्रतिशत | १००% | ३०.१५% | ४९.६१% | ०.२२% | १९.२४% | ०.११% | ०.००% | ०.६७% |
| ७ | सङ्ख्या | ८५९ | ३२० | ५१९ | ३ | १३ | २ | ० | २ |
| | प्रतिशत | १००% | ३७.२५% | ६०.४२% | ०.३५% | १.५१% | ०.२३% | ०.००% | ०.२३% |

स्रोत : २०७८ को राष्ट्रिय जनगणना

### ३.१६ परिवारमा बत्ती बाल्न अक्सर प्रयोग गरिने स्रोत


राष्ट्रिय जनगणना २०७८ को नतिजा अनुसार गाउँपालिकाका लगभग धेरैजसो (९६.७२ प्रतिशत) परिवारहरूले आफू बसोबास गरेको घर/आवासीय एकाइमा बत्ती बाल्नका लागि अक्सर बिजुली प्रयोग गर्ने गरेको देखिएको छ। बत्ती बाल्नका लागि अक्सर अन्य इन्धन प्रयोग गर्ने परिवार न्यून रहेको छ। वडागत विस्तृत विवरण तलको तालिकामा दिइएको छ ।

**तालिका नं. २० : बत्ती बाल्न अक्सर प्रयोग गरिने स्रोत अनुसार परिवार सङ्ख्या**

| क्षेत्र | सङ्ख्या /प्रतिशत | जम्मा परिवार सङ्ख्या | बत्तीबाल्न प्रयोग गरिने इन्धनको मुख्य श्रोत | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | बिजुली | सोलार/ सौर्य उर्जा | मट्टितेल | बायोग्यास | अन्य |
| रोहिणी गा.पा. | सङ्ख्या | ७५२६ | ७२७९ | ७२ | १४७ | ५ | २३ |
| | प्रतिशत | १००% | ९६.७२% | ०.९६% | १.९५% | ०.०७% | ०.३१% |
| वडा नं. | | | | | | | |
| १ | सङ्ख्या | १०३२ | ९८७ | १४ | २९ | ० | २ |
| | प्रतिशत | १००% | ९५.६४% | १.३६% | २.८१% | ०.००% | ०.१९% |
| २ | सङ्ख्या | १२८८ | १२६० | ७ | १७ | २ | २ |
| | प्रतिशत | १००% | ९७.८३% | ०.५४% | १.३२% | ०.१६% | ०.१६% |
| ३ | सङ्ख्या | १५२७ | १४९१ | १६ | ७ | ० | १३ |
| | प्रतिशत | १००% | ९७.६४% | १.०५% | ०.४६% | ०.००% | ०.८५% |
| ४ | सङ्ख्या | १०९५ | १०७५ | १ | १८ | ० | १ |
| | प्रतिशत | १००% | ९८.१७% | ०.०९% | १.६४% | ०.००% | ०.०९% |
| ५ | सङ्ख्या | ८३६ | ७९५ | ११ | २६ | ० | ४ |
| | प्रतिशत | १००% | ९५.१०% | १.३२% | ३.११% | ०.००% | ०.४८% |
| ६ | सङ्ख्या | ८८९ | ८४७ | १३ | २६ | ३ | ० |
| | प्रतिशत | १००% | ९५.२८% | १.४६% | २.९२% | ०.३४% | ०.००% |
| ७ | सङ्ख्या | ८५९ | ८२४ | १० | २४ | ० | १ |
| | प्रतिशत | १००% | ९५.९३% | १.१६% | २.७९% | ०.००% | ०.१२% |

स्रोत : २०७८ को राष्ट्रिय जनगणना

**रेखाचित्र नं. १७ : गाउँपालिकामा बत्ती बाल्न अक्सर प्रयोग गरिने स्रोत अनुसार परिवार प्रतिशतमा**



### ३.१७ पारिवारिक विवरण र घरको स्वामित्व

रोहिणी गाउँपालिकामा राष्ट्रिय जनगणना २०७८ अनुसार परिवारले आवासीय हैसियतमा प्रयोग गरिरहेको घरको स्वामित्व हेर्दाकुल ७,५२६ परिवार मध्ये ९७.८२ प्रतिशत परिवारहरू आफ्नै स्वामित्वका आवासीय एकाइमा बसोबास गरिरहेको देखिन्छ भने १.७३ प्रतिशत परिवारहरू भाडामा लिइएको आवासीय एकाइमा बसिरहेको देखिन्छ । ०.२० प्रतिशत परिवारहरू संस्थागत एकाइमा अर्थात् तिनीहरू कुनै संस्थाले प्रयोग गर्न दिएको आवासीय एकाइमा र ०.२५ प्रतिशत परिवार अन्य प्रकारको स्वामित्वको एकाइमा बसोबास गरेको देखिन्छ । वडागत रूपमा हेर्दा सबैभन्दा बढी वडा नं ७ मा ९९.१९ प्रतिशत परिवार आफ्नै स्वामित्वको घरमा बसोबास गरिरहेको देखिन्छ भने सबैभन्दा कम वडा नं ३ मा ९४.५६ प्रतिशत परिवार आफ्नै स्वामित्वको घरमा बसोबास गरिरहेको देखिन्छ । भाडामा बसोबास गर्ने परिवारको सङ्ख्या सबैभन्दा बढी वडा नं ३ मा ५.०४ प्रतिशत छ भने सबैभन्दा कम वडा नं. ५ मा  ०.३६ प्रतिशत रहेको छ । अन्य विस्तृत विवरण तलको तालिकामा दिइएको छ ।


**तालिका नं. २१ : घरको स्वामित्व अनुसार परिवार सङ्ख्या**

| क्षेत्र | सङ्ख्या /प्रतिशत | जम्मा परिवार सङ्ख्या | घरको स्वामित्त्व | | | |
|---|---|---|---|---|---|---|
| | | | आफ्नै | भाडामा | संस्थागत | अन्य |
| रोहिणी गा.पा. | सङ्ख्या | ७५२६ | ७३६२ | १३० | १५ | १९ |
| | प्रतिशत | १००% | ९७.८२% | १.७३% | ०.२०% | ०.२५% |
| **वडा नं.** | | | | | | |
| १ | सङ्ख्या | १०३२ | १०१५ | ११ | ४ | २ |
| | प्रतिशत | १००% | ९८.३५% | १.०७% | ०.३९% | ०.१९% |
| २ | सङ्ख्या | १२८८ | १२६५ | १२ | १ | १० |
| | प्रतिशत | १००% | ९८.२१% | ०.९३% | ०.०८% | ०.७८% |
| ३ | सङ्ख्या | १५२७ | १४४४ | ७७ | ३ | ३ |
| | प्रतिशत | १००% | ९४.५६% | ५.०४% | ०.२०% | ०.२०% |
| ४ | सङ्ख्या | १०९५ | १०८० | १३ | १ | १ |
| | प्रतिशत | १००% | ९८.६३% | १.१९% | ०.०९% | ०.०९% |
| ५ | सङ्ख्या | ८३६ | ८२६ | ३ | ५ | २ |
| | प्रतिशत | १००% | ९८.८०% | ०.३६% | ०.६०% | ०.२४% |
| ६ | सङ्ख्या | ८८९ | ८८० | ९ | ० | ० |
| | प्रतिशत | १००% | ९८.९९% | १.०१% | ०.००% | ०.००% |
| ७ | सङ्ख्या | ८५९ | ८५२ | ५ | १ | १ |

| क्षेत्र | सङ्ख्या /प्रतिशत | जम्मा परिवार सङ्ख्या | घरको स्वामित्व | | | |
|---|---|---|---|---|---|---|
| | | | आफ्नै | भाडामा | संस्थागत | अन्य |
| | प्रतिशत | १००% | ९९.१९% | ०.५८% | ०.१२% | ०.१२% |

स्रोत : २०७८ को राष्ट्रिय जनगणना

**रेखाचित्र नं. १८ : गाउँपालिकामा घरको स्वामित्व अनुसारको परिवार**




## ३.१८ बजार तथा खुद्रा व्यवसाय

प्रभावित क्षेत्रमा स-साना खुद्रा पसल, चिया पसल, आदिको व्यापार व्यवसाय भएको देखिन्छ । अन्य बजारको लागि नजिकै रहेको धकधई, बगाहा, पोखरभिण्डी बजार जाने गरेका छन् । जसले स्थानीय वासिन्दाहरूलाई सेवासुविधा प्रदान गरेका छन ।

# अध्याय छ : प्रस्ताव कार्यान्वयनका विकल्प

## ६.१ प्रस्तावको विकल्प विश्लेषण

वातावरण संरक्षण ऐनको दफा ४ बमोजिम प्रस्ताव कार्यान्वयन गर्दा वातावरणमा पर्न सक्ने प्रतिकूल प्रभाव र त्यसको न्यूनीकरणको लागि अपनाउन सकिने विभिन्न विकल्पहरूको विस्तृत विश्लेषण गरिएको छ । त्यस्ता विकल्प मध्ये प्रस्ताव कार्यान्वयन गर्न उपयुक्त हुने विकल्प र सो विकल्प कार्यान्वयन गर्न सकिने आधार र कारण सहित सिफारिस गरिएको छ ।

प्रस्तावको विकल्प विश्लेषण वातावरणीय प्रभाव अध्ययनको महत्त्वपूर्ण अङ्गको रूपमा लिइएको छ । ढुङ्गा, मिस्कट र बालुवा आदि सङ्कलन गर्दा लिङ्क बाँध, वन क्षेत्र साथै सङ्कलन क्षेत्रमा कुनै किसिमको प्रभाब नपर्ने गरी सङ्कलन गर्ने व्यबस्था गरिनेछ । यसको लागि नियमानुसार सङ्कलन ईजाजत दिईने र कर्मचारीहरू र जनप्रतिनिधिबाट नियमित अनुगमन गर्ने व्यवस्था गरिनेछ । आश्विन देखि जेष्ठ मसान्त सम्म (नदीमा बाढी नआएको समयमा) सङ्कलन/उत्खनन् गर्न दिईनेछ । सङ्कलन कार्यबाट वातावरणमा असर नपर्ने गरी मेशिनरी साधन र मानव स्रोत प्रयोग गरिनेछ । जैविक विविधताको संरक्षणलाई ध्यानमा राखी निर्धारित स्थानमा मात्र प्रस्ताव कार्यान्वयन गरिनेछ । यो प्रस्तावले वातावरणलाई क्षति नपुऱ्याई उल्लेखित स्रोत सर्भेक्षणबाट निर्धारित भए बमोजिमको परिमाण मात्र सङ्कलन गर्ने व्यबस्था मिलाइने छ ।

## ६.२ प्रस्तावका विकल्पहरू

प्रस्तावित नदीमा ढुङ्गा, मिस्कट र बालुवा सङ्कलन/उत्खनन् कार्यबाट नदीको प्राकृतिक वहावमा नियमितता हुनेछ । नदीजन्य पदार्थ सङ्कलन र उत्खनन् कार्यबाट नदी आफ्नो प्राकृतिक रूपमा नै बग्नेछ ।  छेउछाउका बाँध, मानव बस्ती तथा खेतीयोग्य जमिनको सुरक्षा हुन जानेछ । गाउँपालिकालाई आन्तरिक राजस्वमा वृद्धि हुनेछ । स्थानीय युवाहरूलाई रोजगारी अवसर हुनेछ । स्थानीय बासिन्दालाई सहज रूपमा निर्माणजन्य सामग्री उपलब्ध हुनेछ । जमिन थर्किने, धुलोको प्रदुषण बढ्न जाने जस्ता नकारात्मक प्रभाव पर्नजाने भएता पनि तिनको प्रभाव स्थानीय स्तरमा छोटो अवधिको मात्र हुनेछ । प्रभाव न्यूनीकरणका उपायको माध्यमबाट सामान्य प्रतिकूल प्रभावलाई कम गर्न सकिन्छ । भौतिक, सामाजिक, आर्थिक र साँसकृतिक वातावरणीय विकासमा टेवाका लागि पनि प्रस्ताव कार्यान्वयन गर्नु उपयुक्त हुनेछ ।

विकल्प १ : प्रस्ताव कार्यान्वयन नगर्ने र

विकल्प २ : प्रस्ताव कार्यान्वयन गर्ने

**विकल्प १ : प्रस्ताव कार्यान्वयन नगर्ने**

प्रस्तावको बिकल्पलाई प्रस्तावित क्षेत्ररोहिणी नदीको तटीय क्षेत्र तथा सङ्कलन/उत्खनन् बगर क्षेत्र भन्दा पश्चिमको क्षेत्रमा बाँध, खेतीयोग्य जमिन र बस्ती लाई असर गर्ने हुँदा त्यस क्षेत्र भौगोलिक रूपमा पनि निकै कमजोर साथै भौतिक संरचना भएकाले उत्खनन् एवम् सङ्कलन गर्नु वातावरणीय दृष्टिकोणले प्रतिकूल हुन जानेछ । त्यस क्षेत्रलाई पूर्णरूपमा निषेधित एवम् संरक्षित क्षेत्रको रूपमा विकास गर्नुपर्दछ । सङ्कलन तथा उत्खनन् कार्यबाट नदी गहिरीने, आसपासको क्षेत्र अस्थिर हुनजाने गैर कानूनी रूपमा सङ्कलन गरेमा विगो जफत गरी प्रचलित ऐन, कानून बमोजिम दण्ड सजाय गर्नुपर्दछ । त्यस क्षेत्रको पूर्ण रेखदेख जि.स.स, जिप्रका र रोहिणी गाउँपालिकाबाट गर्नुपर्ने हुन्छ । जथाभाबि दोहन गरी नदीजन्य पदार्थ सङ्कलन गर्दा यसबाट पर्यावरण तथा पारिस्थितिकीय प्रणालीमा नकारात्मक प्रभाव पुग्नेछ ।

**विकल्प २ : प्रस्ताव कार्यान्वयन गर्ने**

प्रस्तावित क्षेत्र रोहिणी नदीको पश्चिम बगरक्षेत्र सम्ममा मात्र नदीजन्य पदार्थ सङ्कलन कार्य गरिनेछ । वैज्ञानिक बिधिद्वारा ढुङ्गा, मिस्कट र बालुवा सङ्कलन तथा उत्खनन् गर्दा बिक्रीवितरणमा सहज हुनेछ । निर्माण व्यवसायि वा क्रसर उद्योगलाई आवश्यक कच्चा पदार्थ बिक्रीवितरण गरिने छ । सङ्कलन/उत्खनन् गर्ने मानिसहरूलाई प्राकृतिक स्रोतको महत्त्व, मूल्य र सङ्कलन विधि लगायतका विषयमा जानकारी गराउनु पर्ने हुन्छ । आवश्यकक्ता लागेमा गाउँपालिकाले मेसिनरी औजारको कार्ययोजना तयार गरी निश्चित समय अवधि तोकी, प्रत्यक्ष प्राविधिक, जनप्रतिनिधि र सुरक्षा निकायको उपस्थितिमा निश्चित क्षेत्रफलमा मेशिनको प्रयोग गर्न सकिनेछ । ढुङ्गा, मिस्कट र बालुवाको विगतका वर्षमा सङ्कलन/उत्खनन् गर्दा अव्यवस्थित किसिमबाट दोहन गरिएको जानकारी पाइएको छ । आगामी दिनहरूमा सङ्कलन गर्दा जहाँ पायो त्यहीबाट सङ्कलन नगरी तोकिएको बगर क्षेत्रबाट, प्रा.वा.प. प्रतिवेदनमा उल्लेख गरिए अनुसार मात्र कार्य गर्नु पर्नेछ । नदीजन्य पदार्थ सङ्कलन/उत्खनन् नगर्ने हो भने, तपसिलका समस्याहरू देखापर्न सक्नेछन् ।

१. नदीको बगर सतह क्रमिक रूपमा उक्सिदै जान्छ र बाढीको प्रकोप वढ्न जान्छ,
२. प्राकृतिक स्रोतको सदुपयोग हुन पाउँदैन,
३. नदीको पूर्व पश्चिम पट्टीको भू-भागमा कटानको जोखिम बढ्ने छ र तल्लो तटीय क्षेत्रमा असर पर्नेछ ।
४. स्थानीयबासीको रोजगारीको अवसरमा बाँधा पुग्न सक्नेछ,
५. गाउँपालिकाको आन्तरिक आयस्रोत बन्द हुन जानेछ ।

## ६.३ वैकल्पिक क्षेत्र

रोहिणी नदीले सानाठूला बगर क्षेत्र वनाएको छ। प्रस्तावित क्षेत्रको सबै ठाउँबाट ढुङ्गा, मिस्कट र बालुवा निकाल्नु उपयुक्त हुदैन् । बगरमा भए जति सबै ढुङ्गा, मिस्कट र बालुवा निकाल्नु वातावरणीय दृष्टिकोणले उपयुक्त हुँदैन। जम्मा भएको नदीजन्य पदार्थ ७० प्रतिशत मात्र उत्खनन् एवम् सङ्कलन गर्न सकिन्छ। नदीको पश्चिम पट्टीको क्षेत्र १ र २ नं. वडा र प्रस्तावित क्षेत्रको उत्तर पट्टीको क्षेत्र २ नं. वडा पर्ने भएको हुँदा सम्बन्धित वडासँग सहकार्य गरी नदीजन्य पदार्थलाई वैज्ञानिक आधारमा उत्खनन् एवम् सङ्कलन कार्य गर्नुपर्दछ । तर प्रस्तावित क्षेत्र बाहेकको अन्य क्षेत्रबाट सङ्कलन वा उत्खनन् कार्य गरेमा बाँध, बस्ती र भौतिक पूर्वाधारमा प्रतिकूल प्रभाव पर्न जाने देखिन्छ।

## ६.४ वैकल्पिक समय-तालिका एवम् विधि

ढुङ्गा, मिस्कट र बालुवा सङ्कलन उत्खनन् कार्य **सुर्योदय देखि सुर्यअस्तसम्म** मात्रै गर्नुपर्दछ। रातीको समयमा सङ्कलन तथा ट्रक टिपरहरू आवतजावतको कारणले स्थानीय मानिसहरूलाई धुवाँ, धुलो, वायु र ध्वनीको कारणले मानव तथा जीबजन्तुहरूको स्वास्थ्य तथा बासस्थानमा नकारात्मक असर पर्नजाने देखिन्छ। जीवजन्तुहरूको आवतजावतमा समेत असर पर्ने हुनाले रात्रीको समयमा प्रस्तावित कार्य गर्नु हुँदैन। ढुङ्गा, मिस्कट र बालुवा सङ्कलन, उत्खनन् वा निकासी कार्यमा यन्त्र उपकरणहरू : ट्रक, टिपर, एक्साभेटरको प्रयोग वातावरणीय अनुकुल प्रयोग गर्नुपर्छ। ढुङ्गा, मिस्कट र बालुवा सङ्कलन कार्यमा हाते औजारहरू : हातले टिपेर, सावेल, डोको, ट्रक, टिपर,एक्साभेटरको प्रयोग गर्नुपर्दछ। साथै वर्षातको समय (असार-भदौ) मा सङ्कलन कार्य गर्नुहुँदैन। बर्षादको समयमा सङ्कलन तथा उत्खनन् कार्य गर्नाले नदीमा पुनःपुरिने गहिराई नपुरिएर दिगो रूपमा नदीजन्य पदार्थ सङ्कलन तथा उत्खनन् गर्न सकिदैन।

## ६.५ वैकल्पिक स्रोत साधन

गाउँपालिकाले तोकेको मापदण्ड र प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदनमा उल्लेख भएका विषय अनुसार वातावरणमा प्रतिकूल प्रभाव नपर्ने गरी तोकिएको बगर क्षेत्रबाट तोकिएको परिमाणमा मात्र प्रस्ताव कार्यान्वयन गर्नको लागि थप स्रोत साधनको आवश्यकता देखिदैन।

## ६.६ विकल्पहरूको वातावरणीय प्रभाव तुलनात्मक विश्लेषण

प्रस्ताव कार्यान्वयनका दुईवटा विकल्पहरूलाई तालिकामा तुलनात्मक रूपमा अनूकूल र प्रतिकूल वातावरणीय प्रभावको छोटो तथा संक्षिप्तमा विश्लेषण गरिएको छ । यसो गर्दा दुई वटा विकल्पहरू मध्ये उपयुक्त बिकल्प छनौट गर्न सहज हुनेछ।

**तालिका नं. २२ : अनुकूल र प्रतिकूल प्रभावहरूको विवरण**

| विकल्पहरू | अनुकूल वातावरणीय प्रभाव | प्रतिकूल वातावरणीय प्रभाव |
|---|---|---|
| विकल्प १ : प्रस्ताव कार्यान्वयन नगर्ने | भू-क्ष्यमा कमी | स्थानीय स्तरमा गरीवि निवारणका लागि नीजि क्षेत्रको सङ्लग्नतामा कमी आउने |
| | वातावरणमा सन्तुलन | औद्योगिक विकासमा टेवा नपुग्ने |
| | प्राकृतिक अबस्थामा रहेका स्रोतहरूको संरक्षण र वृद्धि | कार्यमा सङ्लग्न स्थानीय जनशक्ति विस्थापित हुने |
| | स्रोतको चोरीमा कमी | सङ्कलन नहुँदा स्रोतको सदुपयोग नभई खेर जाने |
| | जलचर र उनिहरूको वासस्थानको संरक्षण | स्थानीय जनसमुदायबाट संरक्षण कार्यमा सहभागिताको कमिको कारण स्रोतको दुरूपयोग हुने |
| | वंसाणु स्रोत संरक्षण | स्थानीय विकास निर्माण कार्यमा प्रतिकूल असर पर्ने |
| | जैविक विविधता र पारिस्थितिकीय प्रणालीको संरक्षण | कच्चा पदार्थको आपूर्ति नहुँदा क्रसर उद्योग बन्द हुने |
| | स्रोतको मौज्दातमा वृद्धि | राजश्व नउठ्दा अर्थतन्त्रमा प्रतिकूल असर पर्ने, ढुङ्गा, मिस्कट र बालुवा आदि सङ्कलन नगर्दा नदीको सतह बढन गई बाढी, बस्ती र खेतमा पशुधनजनको नोक्सानी हुने, नदीको सतह बढी बाँध र पुलहरूलाई बर्षातको समयमा क्षति पुग्ने । |
| | दक्ष जनशक्ति आवश्यक नपर्ने | ढुङ्गा, मिस्कट र बालुवा जस्ता पैदावारको दुरूपयोग हुने, |
| | नीति नियमको परीधि भित्र नआउने | महत्त्वपूर्ण प्रजातिहरू लोप हुन गई जैविक विविधतामा ह्रास आउने र राजश्व समेत प्राप्त नहुने |
| | अल्पकालीन रूपमा अत्याधिक परिमाण सङ्कलन हुने | स्थानीय तहलाई प्राप्त हुने राजश्वमा कमी आउने र सरकारी जनशक्तिको बढी आवश्यकता पर्ने, |
| | सङ्कलनको बैज्ञानीक प्रकृयाको बारेमा जानकारी आवश्यक नपर्ने | वातावरण विनासका प्रभावहरू देखिने स्थानीय उद्योगलाई नियमित रूपमा कच्चा पदार्थ प्राप्त नहुने, |
| | कुनै सीप र प्रविधिको आवश्यक नपर्ने | सङ्लग्न जनशक्ति विस्थापित हुने |
| | स्वतन्त्र रूपमा जुनसुकै समय र अवस्थामा पाईए सम्म | स्थानीय स्तरमा रोजगारी र अन्य आयआर्जनका अवसरहरू घटदै जाने, |

| | | |
|---|---|---|
| | सङ्कलन गर्न सकिने | |
| | कम लागतमा स्रोत सङ्कलन हुने | स्थानीय स्तरमा गरीवि निवारणका लागि नीजि क्षेत्रको सङ्लग्नतामा कमी आउने,<br>वन स्रोतको अत्याधिक दोहन हुने, |
| विकल्प २ : प्रस्ताव कार्यान्वयन गर्ने | भौतिक संरचनाहरूमा असर पर्ने ढुङ्गा, मिस्कट र बालुवा जस्ता स्रोतको दिगो व्यवस्थापन हुन, लोपोन्मुख प्रजातिको संरक्षण र विकासका साथै स्थानीय तहमा प्रविधि हस्तान्तरण हुने | अव्यवस्थित तरिकाले ढुङ्गा, मिस्कट र बालुवा आदिसङ्कलन गर्दा नदीको सतह गहिरो भई बाँध, बस्ती, र खेतीयोग्य जमिनमा क्षेती हुने,<br>भौतिक संरचनाहरू : बाँध, पुल, बस्ती, बजार आदिलाई क्षति पुग्न सक्ने<br>प्रस्ताव कार्यान्वयन गर्दा दक्ष जनशक्तिको आवश्यकता पर्ने |
| | स्थानीय तहमा कच्चा पदार्थ स्थायी र दिगो रूपमा प्राप्त हुने | बढी खर्चिलो हुने |
| | स्थानीयस्तरमा थप रोजगारीका अवसर सिर्जना भई आर्थिक तथा सामाजिक विकासमा टेवा पुग्ने | मानवीय गतिवीधिका कारण भू-क्ष्य बढ्न सक्ने |
| | जनसहभागितामा वृद्धि भई स्थानीय जनसमुदायबाट संरक्षण, सम्बर्धन कार्यमा सकारात्मक प्रभाव पर्ने | नदीसँग सम्वन्धित जीवजन्तुहरू मानबीय प्रभावमा आउन सक्ने |
| | जैविक वंसाणु स्रोत संरक्षणमा मद्दत मिल्ने | अन्य प्रजातीहरूको हानी नोक्सानी हुन सक्ने |

# अध्याय सात : प्रभाव पहिचान, अनुमान एवम् मूल्याङ्कन

रोहिणी गाउँपालिका १ र २ नं. वडा भएर बग्ने रोहिणी नदीको बगर क्षेत्रबाट वातावरणमैत्री रूपमा ढुङ्गा, मिस्कट र बालुवा उत्खनन् एवम् सङ्कलन कार्यले स्थानीय भौतिक, जैविक, सामाजिक-आर्थिक र साँस्कृतिक क्षेत्रमा के कस्तो प्रभाव पर्दछ, त्यसको उल्लेख गरिएको छ। वातावरणमा पर्न जाने समग्र प्रभावलाई सकारात्मक तथा नकारात्मक (अनुकूलन वा प्रतिकूल) प्रभावको रूपमा छुट्टाछुट्टै विश्लेषण गरिएको छ।

## ७.१ भौतिक वातावरण

रोहिणी नदीले नदीजन्य पदार्थलाई समथर क्षेत्रमा थुपार्ने गर्दछ। यसबाट रोहिणी नदीको सतह बढ्न जान्छ, भने अर्कोतर्फ बाढीले आसपासको क्षेत्रमा कटान गर्दछ। बाढीले सार्वजनिक तथा नीजि सम्पतीहरूको नोक्सान गर्दछ। रोहिणी गाउँपालिका १ र २ नं. वडाका बस्तीहरू रोहिणी गाँउ तथा बाँध, आसपासमा रहेका वन, खेतीयोग्य जमिन,भौतिक पूर्वाधारहरूलाई मुख्य प्रभाव क्षेत्रमा पहिचान गरिएको छ। त्यसैले थुप्रिएर रहेका ढुङ्गा, मिस्कट र बालुवालाई उपयुक्त वैज्ञानिक तरीकाले व्यवस्थापन गर्नाले नदीको प्राकृतिक वहावमा नियमितता हुनेछ। नदी सतह बढेर आसपासको क्षेत्रमा डुवान र कटान हुन सक्ने सम्भावना पनि कम हुनेछ। सङ्कलन/उत्खनन् र निकासी कार्यबाट प्रत्यक्ष रूपमा स्थानीय मानिसहरूले रोजगार पाएकाछन्। विगतका वर्ष देखि नै स्थानीय बस्ती लगायत अन्य वरपरका बस्तीहरूबाट करिव १५-२० जना मानिसहरू प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा सङ्कलन तथा निकासी कार्यमा सङ्लग्न रहेको पाइन्छ। सङ्कलन/उत्खनन् कार्य गर्नाले नदी आफ्नो निश्चित मार्ग भएर बग्दछ। यसबाट नदी वरिपरिका भौतिक संरचना, लिङ्क बाँध, खेतीयोग्य जमिन, बस्ती र वनजङ्गलको सुरक्षा हुनेछ। स्थानीय बासिन्दाहरूलाई निर्माण सामग्रीको आवश्यकता पुरा हुने तथा स्थानीय पूर्वाधार मर्मतसुधार गर्ने कार्यमा पनि मद्दत पुग्न जानेछ। रोहिणी नदीमा ढुङ्गा, मिस्कट र बालुवा निकाल्ने, सङ्कलन र निकासी गर्ने कार्यबाट यहाँको भौतिक वातावरणमा ठूलो क्षती हुने देखिदैन। प्रस्तावित कार्यबाट नदी गहिरीने, नदीले आफ्नो बहावको मार्ग बदल्ने र छेउछाउँको जमिन अस्थीर हुने, थर्कने हुन्छ। प्रस्तावित कार्यबाट नदीले आफ्नो प्राकृतिक वहाव अस्थायी रूपमा वदल्न सक्नेछ। यस्ता प्रभाव स्थानीय स्तरको भएतापनि दीर्घकालीन महत्त्वको हुनेछ। त्यसैले प्रभाव न्यूनीकरणका उपयुक्त र वैज्ञानिक विधि प्रयोग गरी प्रस्ताव कार्यान्वयन गरेमा यसबाट हुने प्रतिकूल प्रभावलाई कम गर्न सकिन्छ।

## ७.२. सामाजिक, आर्थिक तथा साँस्कृतिकवातावरण

प्रस्तावित कार्यबाट रोहिणी नदी क्षेत्रमा जिल्ला बाहिर लगायत अन्य पालिकाबाट मानिसहरूको समेत आवतजावत हुने गर्दछ। टिपर, ट्रक, ट्याक्टरवाट ढुङ्गा, मिस्कट र बालुवा उत्खनन्⁄सङ्कलन र निकासी कार्यमा धेरै मानिसहरू लाग्ने भएकाले उनीहरूको व्यवहार, बोलिचाली तथा हिडाई वा लगाइले स्थानीय बासिन्दाहरू खासगरी युवा तथा बालबालिकाहरूले नक्कल गर्न सक्नेछन् । नदी आसपासमा बसोबास गर्ने बासिन्दाहरूको सामाजिक सम्वन्ध र मूल्यमान्यतामा परिवर्तन हुन जानेछ। यस्तो किसिमको प्रभाव अप्रत्यक्ष रूपमा छोटो अवधिको लागि र स्थानीय स्तरको हुनेछ। प्रस्तावित क्षेत्र आसपासमा धार्मिक⁄साँस्कृतिक तथा ऐतिहासिक महत्त्वका स्थलहरू नहुनाले यस क्षेत्रमा खासै प्रतिकूल प्रभाव पर्न सक्ने देखिदैन। नदीमा जथाभावी र अवैज्ञानिक तरिकावाट उत्खनन्⁄सङ्कलन कार्य गरेमा स्थानीय वातावरणमा नकारात्मक प्रभाव पर्न गई गरिबी र बेरोजगारको समस्या हुनेछ । नदीजन्य पदार्थ उत्खनन्⁄सङ्कलन र निकासी गर्ने कार्यबाट सबैभन्दा बढी श्रमिक र स्थानीय मानिसहरूको स्वास्थ्यमा प्रतिकूल प्रभाव पर्ने हुन्छ। हिउँदको समयमा बारम्बार आवतजावत गर्ने टिपर, ट्रक, ट्याक्टरहरूबाट निस्कने धुलो, धुवाँ तथा ध्वनीले स्थानीय मानिसहरूमा टाउको, रूघाखोकी तथा आँखाको समस्याहरू आउँदछ। यसबाट दीर्घकालमा आँखा, कान र श्वासप्रश्वास सम्बन्धी रोग लाग्न सक्दछ। यस्तो किसिमको प्रभाव छोटो अवधिको लागि स्थानीय स्तरमा हुने भएता पनि दीर्घकालीन महत्त्वको हुनेछ।

## ७.३ जैविक वातावरण

प्रस्तावित कार्यबाट स्थानीय वन वनस्पतिमा खासै प्रभाव पर्ने देखिदैन । प्रस्तावित कार्य छेउछाउमा सामुदायीक वन नभएको हुदा ढुङ्गा, मिस्कट र बालुवा सङ्कलन र उत्खनन् कार्यबाट जैविक वातावरणमा पर्ने प्रभाव ज्यादै न्यून हुनजान्छ। निकासी कार्यबाट लिङ्क बाँध र नदी छेउछाउका वन वनस्पतिहरूमा केहि (प्रतिकूल) प्रभाव पर्न जान्छ। नदीको पश्चिम पट्टी स-साना नर्सरी तथा रूखविरूवाहरू विनास हुन सक्ने देखिन्छ। यस कार्यमा सङ्लग्न मजदूरहरूबाट आसपासका चराचुरूङ्गीहरू, जङ्गली जनावरहरू मार्ने साथै नदीमा माछा, गङ्गटा र कछुवा जस्ता जलचरहरू मार्ने कार्य हुनेछ। लिङ्क बाधबाट तरैनी हुदै २ नं. ठोकर पहुँचमार्ग भएर ढुवानीका सवारी साधनहरूको निकास हुने भएकोले उक्त सडकमा आवतजावत गर्ने जङ्गली जनावरहरू असुरक्षित हुनेछन् । जैविक वातावरणमा पर्ने प्रत्यक्ष र अप्रत्यक्ष प्रभावलाई न्यूनीकरण गर्नका लागि समुदाय र नदी आसपासमा बसोवास गर्ने स्थानीय साथै उत्खनन् र सङ्कलन कार्यमा सहभागि हुने श्रमिकहरूलाई जनचेतनामूलक र अभिमुखिकरण कार्यक्रम सञ्चाल गर्नुपर्दछ । यो प्रभाव स्थानीय प्रकृतिको अल्पकालीन हुनाले धेरै महत्त्वपूर्ण हुँदैन । स-साना प्रतिकूल प्रभावलाई न्यूनीकरण गरी प्रस्तावको कार्यान्वयन गर्नुपर्ने हुन्छ।

## ७.४ रासायनिक वातावरण

उत्खनन्/सङ्कलनको समयमा ढुवानीका सवारी साधनबाट इन्धन, लुब्रिकेन्टस तथा अन्य रसायनको चुहावट हुने गर्दछ । धुलो एवम् धुवाँ उत्सर्जन हुनेछ। प्रस्ताव कार्यबाट हुन जाने प्रभावको आङ्कलन, पहिचान र अनुमानलाई तालिकामा प्रस्ताव गरिएको छ ।

### तालिका नं. २३ : प्रभावको पहिचान र अनुमान

| क्र.सं. | विषयवस्तु | प्रभाव | तरिका/विधि | प्रभाव बढोत्तरीकरण/न्यूनीकरण गर्ने उपाय |
|---|---|---|---|---|
| **क. भौतिक वातावरण** | | | | |
| १. | बाढी एवम् अन्य जल उत्पन्न प्रकोप | घट्छ | • नदी आफ्नो प्राकृतिक वहावमा फर्कन्छ। | • नदीको वहावलाई असर नहुने गरी ढुङ्गा, मिस्कट र बालुवालाई सिफारिस गरिए अनुसार सङ्कलन उत्खनन् गर्ने । |
| २. | नदीको बहाव | नकारात्मक | • जथाभावी ढुङ्गा, मिस्कट र बालुवा निकाल्ने गरेमा<br>• ठूला मेसिनरी औजारहरूको प्रयोग गरेमा<br>• नदीको मुख्य वहाव र पानी भएको क्षेत्रबाट सङ्कलन/उत्खनन् कार्य गरेमा । | • (IEE) ले तोकिएको र सिफारिस गरिएको क्षेत्रबाट मात्र सङ्कलन/उत्खनन् गर्ने,<br>• सङ्कलन/उत्खनन् कार्यमा एक्साभेटर, जेसीवी, ठूला टिप्पर, टयाक्टर र ठूला मेसिनहरूको प्रयोग वातावरणमैत्री रुपमा प्रयोग गर्नेगर्ने,<br>• नदीको वहाव क्षेत्र भित्र (पानि भएको) दाँया र बाँया भागको किनारी भागबाट सङ्कलन कार्य नगर्ने, |
| ३. | भिरालोपना | नकारात्मक | • पानी भएको स्थानमा सङ्कलन कार्य नगर्ने,<br>• नदीको पानी भएको पश्चिमी भागमा मात्र उत्खनन्/सङ्कलन गर्ने । | • पानी बगेको क्षेत्रमा मानिसहरूलाई सङ्कलन गर्न रोक लगाउने,<br>• श्रमिकहरू र स्थानीयलाई जनचेतना र अभिमुखिकरण कार्यक्रम सञ्चालन गर्ने । |

| | | | | |
|---|---|---|---|---|
| ४. | भौतिक संरचनामा हुने असर | नकारात्मक | • बाध भत्कन सक्न, भ्कोपु र स्थानीय सडक जिर्ण हुनेछ । | • भ्कोपु बाट पूर्वतर्फ ३०० मि. लम्बाई सम्म ढुङ्गा, मिस्कट र बालुवा उत्खनन् एवम् सङ्कलन कार्य नगर्ने, |
| ५. | पानी तथा सरसफाई | प्रदुषण बढ्दछ | • सङ्कलन कार्यमा क्रियाशील जनशक्ति तथा टिपर, ट्रक, ट्याक्टरहरूको आवत जावतको कारणले पानी धमिलो हुने | • उत्खनन् कार्य नदीको वहाव क्षेत्र छेउछाउँमा नगर्ने,<br>• उत्खनन् एवम् सङ्कलन स्थानमा सौचालयको व्यवस्था गर्ने, |
| ६. | धुलो तथा ध्वनी | बढ्दछ | • सङ्कलन/उत्खनन् तथा निकासी कार्यबाट धुलो-धुवाँ तथा ध्वनी बढ्न गई मानव स्वास्थ्यमा प्रतिकूल प्रभाव पर्न जान्छ । | • सङ्कलन/उत्खनन् कार्यमा मास्क, कालो चस्मा र पञ्जाको प्रयोग गर्ने,<br>• रात्रीको समयमा निकासी तथा सङ्कलन कार्य नगर्ने, |
| ७. | फोहोरमैला एवम् खेर जाने सामग्री | प्रदुषण बढाउँछ | • जथाभावी निर्माण सामग्री तथा खेरजाने वस्तु थुर्पानाले प्रतिकूल प्रभाव पर्दछ । | • खेरजाने सामग्रीको अनावश्यक सङ्कलन नगर्ने, |
| **ख. सामाजिक-आर्थिक एवम् साँस्कृतिक वातावरण** | | | | |
| १. | आयस्रोत एवम् रोजगारीको अवसर | बढ्दछ | • ढुङ्गा, मिस्कट र बालुवा निकाल्ने कार्यबाट स्थानीय बासिन्दाहरूको आयस्रोतमा वृद्धि हुने, | • ढुङ्गा, मिस्कट र बालुवा सङ्कलन तथा उत्खनन् कार्यमा स्थानीय बासिन्दाहरूलाई प्राथमिकता दिने, |
| २. | स्थानीय सडक सञ्जाल अवस्था र प्रभाव | बढ्दछ | • जङ्गल, बस्ती र नदी किनारबाट गएको लिङ्क बाधबाट तरैनी क्षेत्र सडक साँगुरो र सवारीको चाँप परेको छ । | • सडक बिग्रीएमा गा.पा. र वडा लगायत सम्बन्धित निकायले मर्मत तथा सुधार गर्नुपर्दछ, |
| ३. | गाउँपालिकाको आयस्रोत | बढ्दछ | • प्रस्तावित क्षेत्रमा सिफारिस गरिएको ठाउँबाट मात्र ढुङ्गा, मिस्कट र बालुवा | • सिफारीस गरिएको ठाउँबाट तोकिएको मात्रा भन्दा बढी परिमाणमा सङ्कलन र उत्खनन् कार्यमा नियमित |

| | | | | |
|---|---|---|---|---|
| | | | | अनुगमन गर्नुपर्दछ । |
| ४. | विकास निर्माणमा सामग्रीको उपलब्धता | सहज | • स्थानीय गाउँबस्ती, बजार क्षेत्र तथा अन्य क्षेत्र नजिकै पर्ने भएको कारणले विकास निर्माणमा सामग्रीको उपलब्धतामा कुनै फरक प्रभाव नपर्ने । | • स्थानीयमा सचेतना अभिवृद्धिका कार्यक्रम सञ्चालन गर्ने,<br>• सचेतनामूलक होडिङ्बोड र सामाजिक सञ्जालमा सकारात्मक प्रभाव बढाउने |
| ५. | धार्मिक/साँस्कृतिक एवम् ऐतिहासिक स्थल | प्रभाव नपर्ने | हनुमानगढी मन्दिर, शिव मन्दिर, राधा कृष्ण मन्दिर, अनुमा घाटमा ध्वनी प्रदुषण हुन सक्ने । | धार्मिक स्थल, र पूर्वाधार भएका स्थानमा सङ्कलन/उत्खनन् साथै ढुवानीका साधनको प्रयोग नगर्ने, |
| ६. | पेसागत स्वास्थ्य एवम् सुरक्षा | बिग्रन्छ | • धुलो, धुवाँ र ध्वनीले मानव स्वास्थ्यमा प्रतिकूल प्रभाव पर्ने,<br>• जथाभाबि दिसापिसाब गर्नाले बातावरण प्रदुसीत हुने, | • कामदारहरूले हाते पञ्जा, बुट, मास्क र हेल्मेटको प्रयोग गर्ने,<br>• प्रस्ताब क्षेत्रमा नदीवाट करिब १०० मि. टाढा अस्थायी सौचालयको निर्माण गर्ने, |
| ७. | स्थानीय बासिन्दा र बस्ती विस्थापन | हुँदैन | • प्रस्ताव कार्यबाट स्थानीय वासिन्दा र बस्ती विस्थापन हुने गरी कुनै प्रभाव नपर्ने | • सार्वजनिक जमिन अतिक्रमण हुनवाट जोगाउने,<br>• अभिमुखिकरण कार्यक्रम र तालिम सञ्चालन गर्ने, |
| ८. | खेतियोग्य जमिन/कृषि उत्पादन | घट्दछ | • सिचाई कूलाहरूमा नोक्सान हुनाले<br>• नदीले कटान | • **झोपुल क्षेत्रबाट ३००** मि. वरपर र स्थानीय कुला, बाँधबाट ढुङ्गा, मिस्कट र बालुवा निकाल्नु हुँदैन, |
| ९. | कामदारबिच झै-झगडा | हुन्छ | • काम गरेको पैसा लिनेदिने सम्वन्धमा,<br>• कसले कहाँ, कुन क्षेत्रमा कति नजिक सङ्कलन र उत्खनन् गर्ने सम्वन्धमा, | • काम सम्पन्न भैसकेपछि ठेकेदार/टिप्पर, ट्रक र ट्याक्टर व्यवसायीहरूले कामदारहरूलाई कवोल रकम उपलब्ध गराउने, |

| | | | | |
|---|---|---|---|---|
| १०. | नदीको वरपर बस्ती विस्तार एवम् नदी अतिक्रमण | सम्भावना छ । | • नदी वरपर बस्ती विस्तार हुने ठाउँ भएको,<br>• नदी उकासको जमिनमा आन्तरिक र बाह्य जिल्लाबाट आउने कामदारहरू,<br>• तारवार र वृक्षारोपण गर्ने । | • सार्वजनिक सम्पतिको संरक्षण,<br>• सचेतनामूलक कार्यक्रम सञ्चालन हुनुपर्ने,<br>• स्थानीयमा एकता हुनुपर्ने,<br>• डिभिजन वन र नपा जिम्मेवार हुनुपर्ने । |
| ११. | पैदलयात्रीको सुरक्षा | प्रभाव पर्दछ । | • सङ्कलन गर्ने स्थान र पैदल यात्रुको बाटो एउटै भएको कारणले पैदलयात्रुहरूको सुरक्षामा नकारात्मक प्रभाव पर्दछ । | • मालबाहक साधन बस्ती भएको क्षेत्रबाट प्रयोग नगर्ने,<br>• नियमति पानी छर्कने कार्य गर्ने,<br>• ढुवानीका साधनको गति २० किमि हुनुपर्ने । |
| **ग.जैविक वातावरण** | | | | |
| १. | माछा एवम् अन्य जलचरमा पर्ने प्रभाव | नकारात्क | • नदीमा माछा, गङ्गटा र कछुवा मार्ने कार्य,<br>• नदी भित्रबाट ढुङ्गा, मिस्कट र बालुवा निकाल्ने कार्य, | • माछा र गङगटा मार्ने कार्य गर्न नदिने,<br>• प्रस्ताव कार्य नदीको वहाव भएको क्षेत्रबाट नगर्ने,<br>• टिपर, ट्रक-ट्याक्टर नदीमा लाने, सफा गर्ने र डिजल पोख्ने जस्ता काम नगर्ने, |
| २. | वन्यजन्तुको आवत जावत बासस्थान | घट्छ/हराउछ | • ढुङ्गा, मिस्कट र बालुवा निकासी कार्यमा टिपर, ट्रक-ट्याक्टरहरूले निकाल्ने ध्वनी, धुवा, र धुलो बढ्न जान्छ । | • निकासीको क्रममा जङ्गल र बस्तीमा लामो आवाज र हर्न बजाउन निषेध गर्ने,<br>• रात्रीको समयमा सङ्कलन/उत्खनन् तथा टिपर, ट्रक |
| ३. | गैह्र कानूनी सिकार | सम्भावना छ | • वन जङ्गल क्षेत्र भएको स्थानमा सङ्कलन/उत्खनन्कार्य जङ्गलको बाटो भएर निकासी गर्नुपर्ने भएकोले गैह्र कानूनी | • गैह्र कानूनी सिकार गर्ने व्यक्ति वा कामदारहरूलाई अभिमुखीकरण गर्ने,<br>• गैह्र कानूनी सिकार गर्ने व्यक्ति वा कामदारहरूलाई |

| | | | | |
|---|---|---|---|---|
| | | | सिकार हुन सक्छ। | समातेर सम्बन्धित निकायमा जिम्मा लगाउने |
| ४. | वन्यजन्तु तथा वनपैदावरको गैह्र कानूनी व्यापार | सम्भावना छैन | • स्थानीय र श्रमिकहरूलाई अभिमुखिकरण तालिम सञ्चालन गर्ने,<br>• सामुदायिक वन उपभोक्ता समितिलाई निगरानी गर्न पहल गर्ने। | डिभिजन, सव डिभिजन, गाउँपालिका, इलाका प्रसासन, पहरी, सामुदायिक वन, वडा र स्थानीय बासिन्दाको सक्रिय भूमिका हुनुपर्दछ। |
| **घ. रासायनिक वातावरण** | | | | |
| १. | इन्धन, लुब्रिकेन्टस, अम्ल तथा अन्य रसायनको चुहावट | हुन्छ | • पुराना तथा समयमा मर्मत नगरेका टिपर, ट्रक-ट्याक्टरहरूबाट डिजेल वा अन्य लुब्रिकेन्टस चुवाहट हुने सम्भावना छ ।<br>• जथाभावी ट्रक-ट्याक्टरहरू पार्किङ्ग गर्नाले रसायनको चुहावट हुन जान्छ। | • टिपर, ट्रक-ट्याक्टरहरू राम्रो अवस्थाका हुनु पर्दछ,<br>• पुराना र मर्मत नगरेका साधनहरूबाट निकासी कार्यमा रोक लगाउनु पर्दछ,<br>• जथाभावी पार्किङ्ग गर्ने प्रवृत्तिलाई रोक्नु पर्दछ, |
| २. | धुलो एवम् धुवा उत्सर्जन | हुन्छ | • बाटो कच्ची भएको,<br>• टिपर, ट्रक-ट्याक्टरहरूको बाक्लो ओहरदोहर हुनाले, | • बढी धुलो, धुवाँ उत्सर्जन गर्ने टिपर, ट्रक-ट्याक्टरहरूको आवजावतमा रोक लगाउने,<br>• क्रसर अद्योगलाई वातावरणीय अध्ययन प्रतिवेदन तयार गर्न लगाई वातावरणमैत्री रूपमा सञ्चालन गर्ने। |

# अध्याय आठ : प्रभाव बढोत्तरीकरण एवम् न्यूनीकरण गर्ने उपाय

## ८.१ सकारात्मक प्रभाव र प्रभाव बढोत्तरीकरण गर्ने उपाय

१. ढुङ्गा, मिस्कट र बालुवा उत्खनन्/सङ्कलन कार्यबाट नदी आफ्नो प्राकृतिक वहाव क्षेत्र भएर बग्ने गर्दछ, यसबाट बस्ती वा खेतीयोग्य जमिन तर्फ पस्ने र कटान कार्य पनि कम हुन जानेछ ।

२. तोकिएको स्थानमा तोकिएको परिमाणमा मात्र ढुङ्गा, मिस्कट र बालुवा सङ्कलन तथा निकासी गर्नुपर्दछ ।

३. उत्खनन् कार्यबाट प्रभावित क्षेत्रका मानिसहरूलाई आवश्यक पर्ने निर्माण सामग्री उचित मूल्यमा उपलब्ध हुनेछ ।

४. स्थानीय कच्ची सडक आवश्यकतानुसार मर्मत सुधार गर्नाले सडकको गुणस्तरमा वृद्धि हुनेछ ।

५. स्वास्थ्य र सुरक्षा सम्बन्धित स्थानीय बासिन्दाहरू, कामदार, टिपर, ट्रक र ट्याक्टर व्यवसायीहरूलाई अभिमुखिकरण गर्नुपर्दछ ।

६. प्रस्ताव कार्यान्वयनबाट गाउँपालिकाको आन्तरिक आयमा बृद्धि हुनेछ ।

७. कृषिलाई व्यवसायिकरण गर्न स्थानीय मानिसहरूलाई थप तालीम तथा सेवाहरूको व्यावस्था गर्नुपर्दछ ।

८. प्रस्ताव कार्यको कार्यान्वयनबाट स्थानीय मानिसहरूले रोजगारका अवसर पाउँदछन् । यसबाट उनीहरूको जीवनस्तरमा सुधार आउने छ ।

## तालिका नं. २४ : सकारात्मक प्रभाव र प्रभाव बढोत्तरीकरण गर्ने उपाय

| क्रियाकलाप | सकारात्मक प्रभाव | सकारात्मक असर | प्रभावको प्रकार | | | | | प्रभाव बढाउने उपाय | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | प्रकृति | आकार | विस्तार | अवधि | महत्त्वपूर्ण स्तर | | |
| सङ्कलन/ उत्खनन् | बाढी तथा अन्य जल उत्पन्न प्रकोपको न्यूनीकरण | धनजनको कम क्षती | १ | २० | १० | १०-२० | १ | तोकिएको ठाउँबाट सिफारिस गरे अनुसारको परिमाणमा मात्र सङ्कलन तथा उत्खनन गर्ने | गाउँपालिका, निर्माण व्यवसायी र क्रसर उद्योग |
| | गाउँपालिकाको आन्तरिक आयस्रोतमा वृद्धि | अपुरा तथा सञ्चालित/ सञ्चालन गर्ने तयारीमा रहेका योजनाहरूको कार्यान्वयनमा सहजता | १ | ६० | २० | ५ | १ | स्थानीय कृषि र पशुपालन तथा स्रोत संरक्षणको क्षेत्रमा लगानी बढाउने | गाउँपालिका, कृषि ज्ञान केन्द्र, वडा र कृषि सहकारी |
| | रोजगारका अवसरहरूको सृजना | स्थानीय बासिन्दाहरूको जीवनस्तरमा वृद्धि हुन जाने | १ | २० | १०-२० | ५-१० | १ | स्थानीय बासिन्दाहरूलाई प्राथमिकता दिने | निर्माण व्यवसायीहरू/ क्रसर उद्योग |
| निकासी | सडक मर्मत तथा सुधार | सडकको गुणस्तरमा वृद्धि भई आवतजावतमा सजिलो | १ | २० | १० | १०-२० | २ | खाल्डा-खुल्डी तथा भत्केका बाटाघाटा तथा कल्भर्ट, नालाहरूको मर्मत सुधार गर्ने | गा.पा., वडा, निर्माण व्यवसायी/ क्रसर उद्योग |

**द्रष्टब्य :**

अनुमानित प्रभावहरूको परिमाणात्मक मूल्याङ्कन गर्नका लागि सामान्यतः सङ्ख्यात्मक मापन तयार गर्नुपर्छ । कतिपय अध्ययनहरूमा निम्नानुसारको तह निर्धारण प्रणाली अवलम्वन गरिएको पाइन्छ ।

| क्र.सं. | परिमाण | सीमा | अवधि |
|---|---|---|---|
| (क) | उच्च/वृहत ६० | क्षेत्रीय ६० | दीर्घकालीन २० |
| (ख) | मध्यम २० | स्थानीय २० | मध्यम १० |
| (ग) | सामान्य १० | स्थलगत १० | अल्पकालीन ५ |

यस तालिका अनुसार प्रभावको परिमाण, सीमा र समयावधिका मानहरू जोड्दा अधिकतम १४० र न्यूनतम २५ अङ्क हुन्छ । **स्रोत : राष्ट्रिय वातावरणीय प्रभाव मूल्याङ्कन निर्देशिका २०५०**

## ८.२ प्रभाव न्यूनीकरण गर्ने उपाय

### ८.२.१ भौतिक प्रभावलाई न्यूनीकरण गर्ने उपाय

१. प्रस्ताव कार्यान्वयन गर्ने क्रममा कहाँबाट, कति परिमाणमा, कुन समयमा, कस्ता औजारहरूको माध्यमबाट ढुङ्गा, मिस्कट र बालुवा सङ्कलन/उत्खनन् गर्ने हो सो को विबरण सहितको होडिङ्बोर्ड प्रस्तावित क्षेत्रमा राखिने छ। होडिङ्बोर्डको नमूना **अनुसूची**मा राखिएको छ ।

२. पानीको वहाव भएको क्षेत्रबाट सङ्कलन/उत्खनन् कार्य गर्न रोक लगाइने छ ।

३. नदी किनाराको संरक्षण र नदी किनारामा भएका खेतीयोग्य जग्गा, तथा अन्य भौतिक पूर्वाधारको संरक्षणको लागि नदी किनारी भागबाट सङ्कलन/उत्खनन् कार्य नगर्ने । यसो गरेमा सम्भावित बाढी तथा पहिरोको प्रभाव बाट आसपासको क्षेत्र सुरक्षित हुनजाने छ ।

४. नदी किनाराहरूको संरक्षण र नदी किनारामा भएका सिचाइ कुला, खेतीयोग्य जमिन, तथा अन्य भौतिक पूर्वाधार संरक्षणको लागि नदी किनारी भागमा सहभागितामूलक वृक्षारोपण कार्यक्रम सञ्चालन गरिनेछ ।

५. सडक विग्रेको, खाल्डाखुल्डी परेको वा नाली विग्रेको ठाउँमा आवश्यकतानुसार मर्मत सुधार गरी सडकको गुणस्तर कायम राख्नु पर्दछ। साथै सडकको दिगोपनाको लागि गह्रौ ट्रक-टिपरहरूको आवतजावतमा कम गर्नुपर्दछ। ढुङ्गा, मिस्कट र बालुवा ओसार्ने कार्यमा साना ट्रक-टिपर वा ट्याक्टरको प्रयोग गर्नु पर्दछ ।

६. ट्रक-टिपर-ट्याकटरबाट निस्कने धुलो, ध्वनी र वायु प्रदुषणलाई कम गर्न रात्रीको समयमा सङ्कलन तथा निकासी कार्य नगराउने  र प्रेसर हर्नको प्रयोगमा रोक लगाउनु पर्दछ ।

## ८.२.२ सामाजिक-आर्थिक प्रभावलाई न्यूनीकरण गर्ने उपाय

१. जनचेतना र अभिमुखिकरण कार्यक्रम गरिने छ ।

२. स्थानीय समुदायमा विकास सम्बन्धि मागहरू सम्बोधन गरिने छ  ।

३. गाउँपालिका, वडा, समुदायबिच, स्रोतको उपयोग, परिचालन, संरक्षण, प्रवर्द्धन सम्वन्धी एकीकृत विकास योजना तयार गरी कार्यान्वयन गरिने छ ।

४. सामाजिक तथा साँस्कृतिक परम्परालाई संरक्षण गरिने छ ।

५. उत्खनन्/सङ्कलन कार्यमा स्थानीयहरूलाई सहभागि गराइने छ ।

६. भौतिक पूर्वाधार, सडक, सिचाई, बाँध र पुलको संरक्षण गरिने छ ।

७. स्थानीयको जीवनस्तर र जीवन निर्वाहमा सुधार ल्याइने छ ।

## ८.२.३ जैविक प्रभावलाई न्यूनीकरण गर्ने उपाय

१. स्थानीय क्षेत्रमा पाइने जीवजन्तु तथा वनस्पतिहरू संरक्षण गर्ने सम्वन्धमा श्रमिक र स्थानीय मानिसहरूलाई प्रयाप्त अभिमुखिकरण दिइने छ ।

२. जलचरहरूको संरक्षणको लागि नदीको वहाव भएको क्षेत्रमा सङ्कलन/उत्खनन् गरिने छैन ।

३. रसायन वा अन्य कुनै किसिमको विष्फोटक पदार्थको प्रयोग गरी माछा मार्ने कार्यमा रोक लगाइने छ ।

४. धुलोबाट वनस्पतिहरूको प्राकृतिक वृद्धि तथा मानव स्वास्थ्यमा समेत प्रतिकूल प्रभाव पार्ने भएकोले खासगरी हिउँदको समयमा उत्खनन्/सङ्कलन क्षेत्र र सडकमा पानी छर्कने व्यवस्था गरिने छ । माथि उल्लेखित प्रतिकूल प्रभाव र तिनको प्रकृतिलाई तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं.२५ : प्रतिकूल (नकारात्मक) प्रभाव र न्यूनीकरण गर्ने उपाय**

| क्रियाकलाप | नकारात्मक प्रभाव | नकारात्मक असर | प्रभावको किसिम/प्रकार | | | | | प्रभाव न्यूनीकरणका उपाय | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | प्रकृति | आकार | विस्तार | अवधि | महत्त्वपूर्ण स्तर | | |
| **क) भौतिक वातावरणमा प्रभाव** | | | | | | | | | |
| सङ्कलन तथा उत्खनन् | नदी गहिरिने | सडक भत्किने, सिँचाई बाँध भत्कने, सिचाई कूलाहरू सुक्ने | १ | २० | २० | १०-२० | २ | • नदीको वहाव क्षेत्रमा प्रस्ताव कार्य नगर्ने | गाउँपालिका, निर्माण व्यवसायी र वडा |
| | नदीकोबिच भागमा जम्मा भएको नदीजन्य पदार्थले नदीको दुबै किनारी भागमा कटान भई किनारी भाग असुरक्षित हुन सक्ने | किनारी भागमा कटान तथा क्षयीकरण बढ्न जान्छ | १ | २० | १० | ५-१० | २ | • नदीकोबिच भागमा सङ्ग्रहिकरण भएको पदार्थलाई हटाई नदीको बहावलाई बिच भागमा ल्याउने,<br>• रोहिणी गाउँ पूर्व दक्षिण रोहिणी नदीको किनार तर्फ करिव ५० मि. मा ५ मि. अग्लो तटबन्धन गर्ने, | सङ्घीय, प्रदेश, सडक विभाग, गाउँपालिका र निर्माण व्यवसायी |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | नदीले आफ्नो वहावमा परिवर्तन गर्ने | बाढीको खतरा बढ्न जान्छ | २ | २० | १०-२० | ५-१० | १ | • तोकिएको ठाउँमा मात्र सङ्कलन/उत्खनन् गर्ने,<br>• नदीमा ५ सय मिटरको अन्तरमा चेकड्याम बनाउने, | गाउँपालिका, वडा, निर्माण व्यवसायी, सा.नि.सा. अनुसार |
| निकासी | जमिन अस्थिर तथा कम्पन हुने | नदी वारीपारी क्षेत्रमा पहिरो तथा अन्य स्थानमा जमिन स्खलन बढ्न जाने | २ | १० | १० | ५ | ३ | • सम्भावित अस्थिर क्षेत्रमा तार, जाली, ग्याविन वाल र स्परहरू निर्माण गर्ने,<br>• जोखिम युक्त क्षेत्रमा वृक्षारोपण गर्ने, | प्रदेश, सडक विभाग, गाउँपालिका, वडा र निर्माण व्यवसायी |
| | सडक, पुल, बाध, भौतिक पूर्वाधार, सिचाइ बाँध र सिचाइ कूलोमा क्षति हुन जान्छ | ढुवानी, यातायातमा अवरोध र उत्पादन तथा उत्पादकत्त्व घट्ने | १ | ६० | १०-२० | ५-१० | १ | • सिचाँइ बाँध, झो पुलको ३०० मि. वरपर सङ्कलन कार्य नगर्ने<br>• भत्केका सिचाई कुला र सडक मर्मत गर्ने | सङ्घीय, प्रदेश, पूर्वाधार कार्यालय, सडक विभाग र गाउँपालिका |
| **ख) जैविक वातावरणमा प्रभाव** | | | | | | | | | |
| | जलचर, बोटविरूवा तथा वनस्पतिहरूमा असर | लोपोन्मुख तथा दुलर्भ | १ | २० | १० | ५ | २ | • कामदार, ड्राइभर, सहयोगी तथा स्थानीय बासिन्दाहरूलाई | गाउँपालिका, डिभिजन वन, |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| सङ्कलन तथा उत्खनन् र निकासी | | प्रजातिहरूको बासस्थानमा | | | | | | स्रोत संरक्षण सम्बन्धित अभिमुखिकरण गर्ने, | वडा, निर्माण व्यवसायी र क्रसर उद्योग |
| | जीवजन्तु तथा चराचुरूङ्गीहरूको वासस्थानमा हुने परिवर्तन | लोप हुने तथा वासस्थानमा असर | २ | २० | १० | ५ | २ | • सम्झौता पत्रमा वन, वनस्पती तथा जीवजन्तुको विनास नहुने गरी कार्य गर्न स्पष्ट रूपमा लेख्ने, | जिसस, जिप्रका, ट्राफिक प्रहरी, गाउँपालिका र वडा आदि |
| | ध्वनी र धुलो प्रदुषण | वनस्पतिको वृद्धिदरमा प्रभाव | १ | २० | १० | ५-१० | २ | • गति सीमित गर्ने तथा ट्राफिक सङ्केतहरूको पालना गर्ने,<br>• रात्रीको समयमा सङ्कलन तथा ढुवानी नगर्ने, | जिसस, जिप्रका, गाउँपालिका र वडा |

| ग) सामाजिक-आर्थिक वातावरणमा प्रभाव | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| सङ्कलन उत्खनन् र निकासी | भौतिक पूर्वाधार, सिचाई बाँध र स्थानीय कुलाको क्षति | कृषि बालीको उत्पादन तथा उत्पादकत्त्व घट्न जान्छ | १ | ६० | १०-२० | ५-१० | १ | • क्षति भएको संरचनाको पुनर्निर्माण गर्नुपर्ने,झोपु ३०० मि. आसपासको क्षेत्रबाट र कुला नजिक बाटसङ्कलन/उत्खनन् कार्य गर्नु हुँदैन, | गाउँपालिका, कृषि साखा, वडा निर्माण व्यवसायी र क्रसर उद्योग |
| | सार्वजनीक स्वास्थ्य/जनस्वास्थ्यमा प्रतिकूल प्रभाव | जथाभावी फोहोर दिसापिसाब हुन जान्छ | १ | ६० | १०-२० | ५ | १ | • प्रस्ताव क्षेत्रमा अस्थायी सौचालय निर्माण गर्नुपर्ने, | गाउँपालिका, वडा, निर्माण व्यवसायी र क्रसर उद्योग |
| | | कामको सिलसिलामा चोटपटक लाग्न सक्छ | १ | ६० | १०-२० | ५ | १ | • प्राथमिक उपचारको सामग्रीहरूको व्यवस्था गर्नु पर्दछ, | गाउँपालिका, स्वास्थ्य संस्था, निमार्ण व्यवसायी |
| | | फोहोरपानी र धुलो-धुवा को कारणले स्थानीय बासिन्दाहरूमा स्वासप्रस्वाससम्बन्धी रोग लाग्न सक्छ। | १ | ६० | १०-२० | ५ | १ | • कामदारहरूलाई स्वच्छ खानेपानीको व्यवस्था गर्ने, | गाउँपालिका, निर्माण व्यवसायी र क्रसर उद्योग |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | नदी अतिक्रमण | सार्वजनिक जमिनको अतिक्रमण, नदी उकासमा सुकुम्बासी बस्तीको विस्तार हुन सक्ने | १ | २० | २० | ५ | २ | • स्थलगत अवलोकन कार्यलाई प्रभावकारी वनाउने,<br>• सुकुम्बासी बसोबास कार्यलाई निरूत्साहित गर्न सुरक्षाको प्रभावकारी वनाउने, | गाउँपालिका, जि.प्र.का., स्वास्थ्य कार्यालय, स्थानीय स्वास्थ्य संस्था, वडा, निर्माण व्यवसायी र क्रसर उद्योग |
| **घ) रासायनिक वातावरणमा प्रभाव** | | | | | | | | | |
| सङ्कलन निकासी | जल प्रदुषण | माछा, गङ्गटा र भ्यागुता जस्ता जलचरहरू लोप हुन जाने | १ | ६० | १०-२० | ५ | २ | • पानी वहाव क्षेत्रमा सङ्कलन नगर्ने<br>• पेट्रोलियम पदार्थको चुहावट हुन नदिने<br>• टिपर, ट्रक-ट्याक्टरहरूको अवस्था कन्डिसनका हुनुपर्ने, | जि.स.स., जि.प्र.का., जिल्ला ट्राफिक, गाउँपालिका र वडा |
| | वायु प्रदुषण | कामदार तथा स्थानीय बासिन्दाहरूमा रूघाँखोकी | १ | २० | १०-२० | ५ | ३ | • काम गर्ने कामदारले माक्स, बुट र हातेपञ्जा प्रयोग गर्ने, | गाउँपालिका, निर्माण |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | लगायत स्वासप्रस्वास सम्वन्धी रोगहरू लाग्ने | | | | | | • प्राथमिक उपचारका साधनहरू राख्ने, | व्यवसायी र क्रसर उद्योग |
| | धुलो/माटो प्रदुषण | पेट्रोलियम पदार्थको चुहावट हुन जाने | २ | २० | १० | ५ | ३ | • टिपर, ट्रक-ट्याक्टरहरूको समय समयमा चेक जाँच गरिरहने, | जिप्रका, जिल्ला ट्राफिक कार्यालय, |
| | जनस्वास्थ्यमा प्रभाव | फोहोरमैला बढ्न जाने र चोटपटक लाग्ने | १ | ६० | १० | ५-१० | १ | • प्रस्ताव ठाउँमा अस्थायी सौचालय वनाउने,<br>• प्राथमिक उपचारका सामग्री राख्ने, | गाउँपालिका, निर्माण व्यवसायी र क्रसर उद्योग आदि |

**द्रष्टब्य :**

अनुमानित प्रभावहरूको परिमाणात्मक मूल्याङ्कन गर्नका लागि सामान्यतः सङ्ख्यात्मक मापन तयार गर्नुपर्छ । कतिपय अध्ययनहरूमा निम्नानुसारको तह निर्धारण प्रणाली अवलम्वन गरिएको पाइन्छ ।

| **क्र.सं.** | **परिमाण** | **सीमा** | **अवधि** |
|---|---|---|---|
| क | उच्च/वृहत ६० | क्षेत्रीय ६० | दीर्घकालीन २० |
| ख | मध्यम २० | स्थानीय २० | मध्यम १० |
| ग | सामान्य १० | स्थलगत १० | अल्पकालीन ५ |

यस तालिका अनुसार प्रभावको परिमाण, सीमा र समयावधिका मानहरू जोड्दा अधिकतम १४० र न्यूनतम २५ अङ्क हुन्छ । **स्रोत : राष्ट्रिय वातावरणीय प्रभाव मूल्याङ्कन निर्देशिका, २०५०**

# अध्याय नौं : वातावरणीय व्यवस्थापन योजना

## ९.१ वातावरणीय व्यवस्थापन योजना

वातावरण संरक्षण ऐनको दफा १० बमोजिम वातावरणीय व्यवस्थापन योजना तयार गरिएको छ । कुनै पनि योजना निर्माण वा सञ्चालन गर्दा यसका गतिविधिहरूवाट वातावरणमा पर्न सक्ने असर र प्रभावहरूको पहिचान गरी त्यसलाई न्यूनीकरण गर्न एकीकृत प्रस्ताव गरिएको छ । वातावरण व्यवस्थापन योजना विशेष गरी प्रभाव मूल्याङ्कन गर्दा अति महत्त्वपूर्ण प्रभावहरू भनी पहिचान गरिएकाको हकमा कार्यान्वयन गरिने छ । नदीजन्य पदार्थ उत्खनन् र सङ्कलन चरणमा पर्न सक्ने विभिन्न वातावरणीय असरहरू तथा ती चरणहरूमा ध्यान दिनुपर्ने वातावरणीय सवाल, लाभवृद्धिका उपायहरू, नकारात्मक प्रभाव न्यूनीकरणका उपायहरू, कार्यान्वयन तथा वातावरणीय अनुगमनका लागि संस्थागत जिम्मेवारी, वातावरणीय सम्बर्धन तथा नकारात्मक प्रभाव न्यूनीकरण लागत समेत समावेश हुने गरि वातावणीय व्यवस्थापन योजना तयार गरिएको छ ।

रोहिणी गाउँपालिका १ र २ नं. वडा  भएर बग्ने  रोहिणी नदीको बिचको खण्डबाट वातावरणमैत्री रूपमा ढुङ्गा, मिस्कट र बालुवा सङ्कलन तथा उत्खनन् कार्यमा वातावरण व्यवस्थापन योजनाले व्यवस्थापनको सामान्य धारणा अनुसरण गरेको छ । यस धारणाले योजना निर्माण, साङ्गठनिक संरचना, मानवीय स्रोत, निर्देशन, समन्वय, प्रतिवेदन र बजेट विनियोजन गर्न मद्दत गर्दछ । वातावरणीय व्यवस्थापन योजनाले वातावरण संरक्षणका उपायहरू उपयुक्तरूपमा कार्यान्वयन भएको छ कि छैन, यसको प्रभावकारी अनुगमन तथा मूल्याङ्कन भएको छ कि छैन भन्ने कुराको निर्देश गर्दछ ।


प्रस्ताब कार्यान्वयन गर्दा यसबाट हुन सक्ने सकारात्मक प्रभावलाई अधिकतम वृद्धि तथा नकारात्मक प्रभावलाई न्यूनीकरण गर्न मद्दत पुग्नेछ । त्यस्ता उपायहरूको पहिचान गरी तिनीहरूको प्रभावकारी कार्यान्वयनको लागि आबश्यक मानवीय स्रोत र बजेट समेतको ब्यबस्था गर्न सिफारिस गरिएको छ । न्यूनीकरणका उपायहरूको व्यवस्थापन योजनाका कार्यहरूमा सङ्घीय, प्रदेश, जि.स.स., डिभिजन वन, कृषि ज्ञानकेन्द्र, गाउँपालिका, वडा तथा सम्बन्धित सरोकारवालाहरू समेतको जिम्मेवारी तोकि व्यवस्थापन योजना तयार गरिएको छ । प्रस्ताव गरिएका कार्यक्रमहरू उचित तवरले कार्यान्वयन गर्नको लागि वातावरण संरक्षण नियमावली २०७७ अनुसार वातावरणीय व्यवस्थापन योजनाको खाका तयार गरिएको छ ।

## ९.२ वातावरणीय व्यवस्थापन योजना कार्यान्वयनको साङ्गठनिक संरचना

प्रस्तावित रोहिणी गाउँपालिका १ र २ नं. वडा भएर बग्ने रोहिणी नदीको बगरक्षेत्रबाट नदीजन्य पदार्थलाई व्यवस्थापन गर्न, वातावरण संरक्षण तथा वातावरणीय अनुगमन कार्य गर्नका लागि गाउँपालिकामा वातावरण साखा वातावरण व्यवस्थापन इकाईको रूपमा रहेको छ । यो वातावरण व्यवस्थापन तथा अनुगमन इकाइले सामाजिक, आर्थिक, भौतिक, जैविक र साँस्कृतिक सवालको सहज रूपमा समाधान गर्न पहल गर्नेछ । गाउँपालिका स्थित संघसंस्था एवम् सरकारी कार्यालय र स्थानीय टोल विकास संघसंस्थासँग समन्वयकारी भूमिका निर्वाह गर्नेछ । प्राप्त सुझावलाई कार्यान्वयन गर्ने गराउने निकायको रूपमा प्रभावकारी कार्य गर्नेछ । यसको साङ्गठनिक ढाँचा निम्नानुसार रहेको छ ।

**वातावरणीय व्यवस्थापन योजना साङ्गठनिक ढाँचा**

**वातावरणीय व्यवस्थापन योजना साङ्गठनिक ढाँचा**




**स्रोत : परामर्श संस्था, २०८२**

तालिका नं. २६ वातावरणीय व्यवस्थापन योजनाको खाका

| विषयगत क्षेत्रहरू | सकारात्मक प्रभावको बढोत्तरीका क्रियाकलाप | के के गर्ने (कार्यक्रम) | कहाँ गर्ने | कसरी गर्ने | कहिले गर्ने | कस्ले गर्ने | अनुमानित जनशक्ति, बजेट, समय | अनुगमन तथा मूल्याङ्कन |
|---|---|---|---|---|---|---|---|---|
| **१) भौतिक क्षेत्र** | १) रोहिणी नदी क्षेत्रमा आर्थिक गतिविधि बढ्ने तथा स्थानीय अर्थव्यवस्थामा वृद्धि हुने | स्थानीय खाद्यान्न, तरकारी, फलफुल, मासु, दुग्ध तथा पेय पदार्थ उपयोगलाई प्राथमिकता | वडा नं. १ र २ नं. वडाको रोहिणी नदी क्षेत्र | स्थानीय कृषकलाई अभिमुखिकरण | नदीजन्य पदार्थ उत्खनन् र सङ्कलनको अवधिमा | गाउँपालिका, कृषि, पशु साखा र सम्बन्धित वडा | गाउँपालिका र ५ नं. वडा थप जनशक्ति आवश्यक नपर्ने, हिउँदे समय करिब ५ महिना **रू३५,०००** | जि.स.स, जि.प्र.का. गाउँपालिका, कृषि तथा पशु साखा र वडा |
| | २) चोरी निकासी अवैध उत्खनन्मा रोकथाम भई गाउँपालिकाको राजस्वमा वृद्धि हुने | जनचेतनामूलक कार्यक्रम, सामाजिक सञ्जाल, एफएम रेडियोमा प्रचार प्रसार | वडा नं. १ र २ को रोहिणी नदी क्षेत्र | मिडिया, स्थानीय र सरोकारवाला आदि | बाहै महिना | गाउँपालिका, पत्रकार महासंघ र वडा | मिडिया जनशक्ति, बर्षैभरी **रू३०,०००** | गाउँपीलिका, वडा, पत्रकार महासंघ र मिडिया आदि |
| | ३) रोजगारीको | स्थानीय २० | वडा नं. १ र २ को | रोहिणी नदी | नदीजन्य | गाउँपालिका, | गाउँपीलिका र | जि.स.स, |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | अवसर सृजना हुने | जनालाई स्वरोजगार बनाउने जस्तै : होटल, प्लम्बिङ, ड्राइभिङ् ईलेक्ट्रिसियन र क्रसर सञ्चालन जस्ता जनशक्ति उत्पादनको लागि तालिम | रोहिणी नदी क्षेत्र | क्षेत्रका युवा, तालिम र भ्रमण | पदार्थ उत्खनन् र सङ्कलनको अवधिमा | प्राविधिक साखा र सीप विकास तालिम प्रदायक संस्था | सीप विकास तालिम प्रदायक संस्थाबाट दक्ष जनशक्ति मार्फत, असैज देखि जेष्ठ मसान्त सम्म (९ महिना) **रू४०,०००** | जि.प्र.का. गाउँपालिका, तालिम प्रदायक संस्था र वडा |
| | ४) नदीको पश्चिम तटबन्ध, सडक र भवन निर्माण साथै मर्मत आदि | तटबन्ध गर्ने, साथै रोहिणी नदी किनारमा तटबन्ध | रोहिणी गाउँ पूर्व दक्षिण रोहिणी नदीको किनार तर्फ करिव ५० मि. मा ५ मि. अग्लो तटबन्धन गर्ने साथै १ नं. वडाको प्रभावित क्षेत्रका सडक, झोपुल, मर्मत गर्ने । | निर्माण व्यवसायी, स्थानीय उपभोक्ता समिति, सानिस विधिबाट र होटल व्यवसायी | असौज देखि जेष्ठ मसान्त सम्म र निरन्तर | सङ्घीय, प्रदेश, गाउँपालिका, उपभोक्ता समिति र निर्माण व्यवसायी | प्राविधिक जनशक्ति र स्थानीय, करिब ६ महिना, **रू ५,००,०००** | सङ्घीय, प्रदेश, जि.स.स, जि.प्र.का, गाउँपालिका, वडा र निर्माण व्यवसायी |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | ५) स्थानीय जमिनको मूल्यवृद्धि हुने | बैङ्क तथा वित्तीय संस्थाहरूलाई उद्योग क्षेत्रको स्थानीय उत्पादनमा लगानी गर्न | चुस्त व्यवस्थापन गरी कार्यान्वयन गर्ने, स्थानीय तह मार्फत समन्वय र पहल गर्ने | रियल स्टेट, नापी, मालपोतमा समन्वय | सङ्कलन तथा उत्खनन् कार्यको अवधिमा | गाउँपालिका, निर्माण व्यवसायि, क्रसर उद्योग र उपभोक्ता | थप जनशक्ति आवश्यक नपर्ने, वर्षैभरी, थप रकम आवश्यक नपर्ने | प्रदेश सरकार, गाउँपालिका, नापी, मालपोत र वडा |
| **विषयगत क्षेत्रहरू** | **नकारात्मक प्रभावको न्यूनीकरणका क्रियाकलाप** | **के के गर्ने कार्यक्रम** | **कहाँ गर्ने** | **कसरी गर्ने** | **कहिले गर्ने** | **कस्ले गर्ने** | **अनुमानित जनशक्ति, बजेट, समय** | **अनुगमन तथा मूल्याङ्कन** |
| **१) भौतिक क्षेत्र** | १) नदीको किनार कटान, जमिनको सतह संरक्षणका लागि वायोइन्जिनियरिङ्ग साथै बृक्षारोपण कार्य | रोहिणी गाउँ पूर्व दक्षिण रोहिणी नदीको किनार तर्फ करिव ५० मि. मा ५ मि. अग्लो तटबन्धन गर्नुपर्ने साथै १ र २ नं. वडाको प्रभावित क्षेत्रको नदी किनार पश्चिमी भागमा | रोहिणी नदी को पूर्व र पश्चिम पट्टीको क्षेत्र र त्यस आसपासमा रहेका बस्तीहरूलाई दिगो रूपमा संरक्षण गर्न तटबन्ध, वायोइन्जिनियरिङ्ग र वृक्षारोपण | नदीजन्य पदार्थ व्यवस्थापन, ग्याविन वाल निर्माण र वृक्षारोपण गरी हरियाली क्षेत्र निर्माण, नदी संरक्षण सचेतना | नदीजन्य पदार्थ व्यवस्थापन गर्नु भन्दा पहिला, क्रसर उद्योग निर्माण र सञ्चालन | सङ्घीय, प्रदेश, सडक विभाग, पूर्वाधार कार्यालय, डिभिजन वन, भू-संरक्षण, गा.पा., वडा | थप जनशक्ति आवश्यक नपर्ने, उत्खनन् र सङ्कलन अवधि, थप रकम आवश्यक पर्ने जसको लागि | सङ्घीय, प्रदेश, जि.स.स, जि.प्र.का र सडक विभाग, पूर्वाधार, भू-संरक्षण, गाउँपालिका र वडा |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | बृक्षारोपण गर्नुपर्ने । | | | गर्नु पूर्वको अवस्था साथै यी कार्यहरू नियमित | क्रसर उद्योग र निर्माण व्यवसायी | गाउँपालिकाले डिपिआर तयार गरी सम्बन्धित निकायमा पेश गर्नुपर्ने | |
| | २) नदीजन्य पदार्थ घाटगद्दी वा भण्डारण सामग्री सम्बन्धी व्यवस्था | नदीजन्य सामग्री भण्डार स्थल ३ मिटरको पर्खाल वा जस्तापाता बनाई जस्ता पाताले बार्ने । पानी निकासको लागि कुलेसो काट्ने । | वडा नं. १ र २ को रोहिणी नदी क्षेत्र | नदीजन्य कच्चा पदार्थ सङ्कलन, प्रसोधन, निर्माण सामग्रीको व्यवस्थित भण्डारण गर्ने | सङ्कलन, उत्खनन् गर्नु पूर्वको अवस्था | क्रसर उद्योगी र निर्माण व्यवसायी | थप जनशक्ति आवश्यक नपर्ने, सङ्कलन अवधि, थप रकम आवश्यक नपर्ने | प्रदेश, जिसस, जिप्रका, गाउँपालिका, वडा, निर्माण र क्रसर व्यवसायी |
| | ३) नदीजन्य पदार्थ सङ्कलन कार्यसँग सम्बन्धित धुलो, धुँवा, वायु र ध्वनी प्रदूषण, श्रमिक | वायु र धुलो प्रदूषणलाई न्यूनीकरण गर्न दिनमा दुई पटक पानी छर्कने, क्रसर उद्योगस्थल जोड्ने | नदीजन्य पदार्थ सङ्कलन, उत्खनन् र ढुवानी गर्ने स्थल साथै क्रसर उद्योग स्थल वरपरठोस | मापदण्डहरूको पालना र प्रस्तावित धुलो नियन्त्रण गतिविधि | नदीजन्य पदार्थ सङ्कलन र ढुवानीको अवधिमा | निर्माण र क्रसर उद्योगी व्यवसायी | थप जनशक्ति आवश्यक नपर्ने नदीजन्य पदार्थ | जिसस, जि.प्र.का., गा.पा., वडा, निर्माण व्यवसायी र |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | शिविरबाट उत्पादन हुने ठोस तथा तरल फोहोर व्यवस्थापन, | २०० मिटर सडकमा धुलो न्यूनीकरणको लागि दिनको २ पटक पानी छर्कने, पहुँच सडकको नियमित मर्मत सम्भार र पानी छर्कने, | फोहोरमैला जलाउन नदिईने र हर्न निषेध गरिने । | कार्यान्वयन गर्ने, पहुँच सडक नियमित मर्मत गर्ने | | | सङ्कलन अवधि **रू ३५,०००** | क्रसर व्यवसायी |
| | ४)रोहिणी नदीको पानीको गुणस्तरमा असर पार्न सक्ने | सङ्कलन गर्दा नदीको पानी बग्ने क्षेत्र भन्दा ५ मिटर टाढाबाट गर्ने | रोहिणी नदी क्षेत्र | निर्माण व्यवसायि, श्रमिकहरूलाई अभिमुखिकरण | सङ्कलन र उत्खनन्को अवधिमा | श्रमिक, क्रसर उद्योग र निर्माण व्यवसायी | थप जनशक्ति आवश्यक नपर्ने एक वर्ष | जि.स.स, गाउँपालिका, वडा, निर्माण व्यवसायी र क्रसर उद्योगी |
| | ५) प्रस्तावित क्षेत्र जोड्ने तथा प्रस्तावित स्थलबाट निस्कने निकासी मार्ग सम्बन्धी सवाल, | विद्यमान सडकलाई मर्मत सम्भार गरिने, | १ र २ नं. वडा र बाध सडक, | नियमित मर्मत सम्भार र एकतर्फी सडक कायम | सङ्कलन, उत्खनन्, निर्माण र सञ्चालनको अवधिमा | गा.पा., क्रसर उद्योग र निर्माण व्यवसायी | थप जनशक्ति आवश्यक नपर्ने सङ्कलन अवधि **रू ८०,०००/-** | गाउँपालिका, वडा, क्रसर उद्योग, निर्माण व्यवसायी |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | ६) दुर्घटनाको सम्भावना बढ्ने र आकस्मिक सुरक्षा सम्बन्धी सवाल | रोहिणी नदी बगर स्थल छिर्ने सडकमा अधिकतम २० किमि/प्रतिघण्टाको गति सिमित गरिने, तालिम, अभिमुखिकरण | रोहिणी नदीको बाध सडक, आसपास | अनुगमन, एकतर्फी बाटो कायम, ट्राफिक सूचना बोर्डहरू राखिने, अभिमुखिकरण | निर्माण व्यवसायी, क्रसर उद्योग सञ्चालन र नदीजन्य पदार्थ | निर्माण व्यवसायी, वडा, क्रसर उद्योग, व्यवसायी र ट्राफीक प्रहरी | थप जनशक्ति आवश्यक नपर्ने सङ्कलन र उत्खनन् अवधि **रू ३५,०००** | गा.पा., जि.प्र.का., वडा र ट्राफिक प्रहरी क्रसर उद्योग, निर्माण व्यवसायी, |
| | | | | | | | **जम्मा रू.७,५५,०००** | |

| **विषयगत क्षेत्र** | **नकारात्मक प्रभावको न्यूनीकरणका क्रियाकलाप** | **के के गर्ने (कार्यक्रम)** | **कहाँ गर्ने** | **कसरी गर्ने** | **कहिले गर्ने** | **कस्ले गर्ने** | **अनुमानित जनशक्ति, बजेट, समय** | **अनुगमन तथा मूल्याङ्कन** |
|---|---|---|---|---|---|---|---|---|
| **२) जैविक क्षेत्र** | १) रोहिणी नदीमा नदीजन्य पदार्थ उत्खनन् र सङ्कलन गर्दा त्यस क्षेत्रको जैविक | नदीको पश्चिम पट्टी रहेको वनजङ्गलमा आग लागि हुनवाट जोगाउने, स्थानीयलाई | वडा १ र २ नं. वडा | तालिम, अभिमुखिकरण, प्रचारप्रसार, भ्रमण, स्थलगत अवलोकन र | प्रा.वा.प.को अवधि र सङ्कलन उत्खनन् गर्नु भन्दा पहिला र वर्षायाममा | गाउँपालिका, डिभिजन वन, वडा, सा.व.उ.स, स्थानीय बासिन्दा, | थप जनशक्ति आवश्यक नपर्ने, ४ महिना **रू ३५,०००** | गाउँपालिका, डिभिजन वन, सव डिभिजन वन, वडा, स्थानीय, निर्माण र क्रसर |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | विविधतामा पर्ने असर | जनचेतना अभिवृद्धि, वृक्षारोपण, ध्वनी र धुलो व्यवस्थापन | | होर्डिङ्बोर्डहरू | | क्रसर उद्योग र निर्माण व्यवसायी | | व्यवसायी |
| | २) वन क्षेत्रमा आगलागी हुन सक्ने, कामदारलाई निगरानी र वनक्षेत्र प्रवेशमा रोक | सचेतनात्मक तालिम, कामदारको निगरानी । नदी उकासको समस्या न्यूनीकरणका उपाय, रूखविरूवा रोपण आदि, | पूर्वतर्फको जङ्गल, बगर क्षेत्र | कर्मचारी र कामदारलाई अभिमुखीकरण, तालिम, गोष्ठी | सङ्कलन, उत्खनन्, निर्माण सामग्री व्यवस्थापन, क्रसर उद्योग निर्माण र सञ्चालन अवधिमा | गाउँपालिका, डिभिजन वन, वडा, क्रसर उद्योग र निर्माण व्यवसायी | थप जनशक्ति आवश्यक नपर्ने, प्रत्येक वर्ष ३ महिना वर्षायाम **रू ३०,०००** | गाउँपालिका, डिभिजन वन, सव डिभिजन वन, वडा, स्थानीय र निर्माण व्यवसायी आदि |
| | ३) रोहिणी नदी क्षेत्रमा माछा मार्ने, वन्यजन्तु र वनस्पतिको चोरी शिकार र अवैध व्यापार | सचेतनात्मक तालिम, कामदारको निगरानी, जैविकविविधता संरक्षण, जलवायु पदार्थ | नदीकोपश्चिम तर्फको वनजङ्गल र नदीको पश्चिम पट्टीको भाग | निर्माण व्यवसायी, श्रमिक र कर्मचारीलाई अभिमुखीकरण, | नदीजन्य पदार्थ व्यवस्थापन, सङ्कलन, उत्खनन् क्रसर उद्योग निर्माण र सञ्चालन | गाउँपालिका, डिभिजन वन, वडा, क्रसर उद्योग र निर्माण | थप जनशक्ति आवश्यक नपर्ने, प्रत्येक वर्ष, तालिम, **रू ६०,०००** | प्रदेश, जिसस, जिप्रका, डिवका, गा.पा., वडा, निर्माण व्यवसायी र क्रसर उद्योग |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | प्रणालीमा असर पार्न सक्ने | | बगर क्षेत्र | | अवधिमा | व्यवसायी | | |
| | ५) ध्वनी प्रदूषण तथा प्रस्तावित क्षेत्र वरपरको क्षेत्रबाट वन्यजन्तु र चराले बासस्थान छाडेर जान सक्ने | ध्वनीको स्तर भए नभएको सम्बन्धमा वार्षिक/अर्धवार्षिक रूपमा मापन गर्न, स्वमूल्याङ्कन | वडा नं. १ र २ क्षेत्र | होर्डिङ्बोडको स्थापना तालिम, गोष्ठी, सचेतनात्मक प्रचार सामग्री आदि | नदीजन्यपदार्थ उत्खनन् तथा सङ्कलनको अवधि, क्रसर उद्योग निर्माण तथा सञ्चालन अवधिमा | जिप्रका, डिवका, वडा, क्रसर उद्योग र निर्माण व्यवसायी | थप जनशक्ति आवश्यक नपर्ने, नदीजन्य पदार्थ उत्खनन् र सङ्कलनको समयमा, **रू ३०,०००** | जिसस, जिप्रका, जिप्रका, डिवका, गा.पा., वडा, निर्माण व्यवसायी र क्रसर उद्योग |
| | ६) वन, सार्वजनिक क्षेत्र र नदी उकासमा अतिक्रमण बढ्न सक्ने | वन तथा सार्वजनिक क्षेत्रको जमिन अतिक्रमण रोक्न सचेतनात्मक, होर्डिङ्बोर्ड स्थापना, मानव वन्यजन्तु द्वन्द्व न्यूनीकरण, वृक्षारोपण | वडा नं. १ र २ का सार्वजनिक स्थल, वन क्षेत्र, नदी उकास र पूर्वतर्फको वन जङ्गल | सचेतनात्मक, प्रचार सामग्री, होर्डिङ्बोर्ड स्थापना | उत्खनन् तथा सङ्कलन, क्रसर उद्योग निर्माण तथा व्यवसाय सञ्चालन अवधिमा | जिप्रका, डिवका, गा.पा., वडा, सावउस र स्थानीय | थप जनशक्ति आवश्यक नपर्ने, उत्खनन् र सकलनको समयमा, **रू ३०,०००** | जिसस, जिप्रका, जिप्रका, डिवका, गा.पा., वडा, सावउस, स्थानीय, निर्माण व्यवसायी र क्रसर उद्योग |
| | | | | | | | **जम्मा रू.** | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | १,८५,००० | |
| **विषयगत क्षेत्र** | **सकारात्मक प्रभावको बढोत्तरीका क्रियाकलाप** | **केके गर्ने (कार्यक्रम)** | **कहाँ गर्ने** | **कसरी गर्ने** | **कहिले गर्ने** | **कस्ले गर्ने** | **अनुमानित जनशक्ति, बजेट, समय** | **अनुगमन तथा मूल्याङ्कन** |
| **३) सामाजिक क्षेत्र** | १) सार्वजनिक स्वास्थ्यमा सुधार विशेष गरी सुत्केरी आमा, किसोर किसोरीहरू, खादान्नमा पहुँच र पोषणतर्फ उन्मुख हुने | स्वास्थ्य शिक्षा, जनचेतना, पोषण शिक्षा, स्वास्थ्य संस्थाको भवन निर्माण र कर्मचारीहरूलाई तालिम, अति आवश्यक औषधी खरिद, | वडा नं. १ र २ | रोहिणी नदीको नदीजन्य पदार्थलाई उत्खनन् र सङ्कलन गर्नुपूर्व र निरन्तर | नियमित | गाउँपालिका, वडा, क्रसर उद्योग, निर्माण व्यवसायी र स्वास्थ्य कार्यालय | तालिमको लागि १ जना विज्ञ आवश्यक साथै उत्खनन्, सङ्कलन क्षेत्रमा एक जना स्वास्थ्य कर्मि **रू ८०,०००** | सङ्घीय, प्रदेश, जिसस, स्वास्थ्य, गाउँपालिका, सघंसंस्था र वडा |
| | २) श्रमिक र कर्मचारीको लागि खानेपानी, सरसफाई र | कामदार र कर्मचारीको लागि स्वच्छ र सफा खानेपानी, सरसफाई | वडा नं. १ र २ साथै रोहिणी नदी क्षेत्रमा, श्रमिक शिविर | औषधी खरिद, रोहिणी नदी बगर क्षेत्रमा प्रयोग हुन जाने खेतीयोग्य | नदीजन्य पदार्थ उत्खनन् र सङ्कलनको | गाउँपालिका, वडा, क्रसर उद्योग र निर्माण | तालिमको लागि १ जना विज्ञ, एक जना स्वास्थ्य कर्मि र | जिसस, स्वास्थ्य कार्यालय, गाउँपालिका, |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | सौचालय सम्बन्धी सबाल साथै कामदार र कर्मचारीको स्वास्थ्य सुरक्षा सम्बन्धी सबालहरू | र सौचालयको उपलब्धता कायम गरिने, फोहोर सङ्कलन बिनहरू उपलब्ध गराइने, धाराको पानीको गुणस्तर प्रत्येक ६-६ महिनामा जाँच गरिने | | जमिनको क्षतिपूर्ति, व्यक्तिगत सुरक्षा सामग्री प्रबन्ध गर्ने, काम सुरू हुनु अघि अभिमुखीकरण गर्ने, | अवधिमा क्रसर निर्माण र सञ्चालनको अवधिमा | व्यवसायी | प्रावप को अवधि **रू ३०,०००** | संघसंस्था, वडा र निर्माण व्यवसायी |
| | ३) रोहिणी नदी क्षेत्रको सामाजिक सद्भाव र सान्ति तथा सुरक्षामा असर पार्न सक्ने | बाहिरी क्षेत्रबाट आउने कामदारलाई शिविरमा प्रत्यक्ष निगरानीमा राखिने, कामदारलाई फरक धर्म र सँस्कृतिको सद्भाव राख्न, अभिमुखीकरण तालिम दिईने | वडा नं. १ र २ रोहिणी नदी क्षेत्र क्षेत्रआसपास | सुरक्षित बास स्थानको व्यवस्था, तालिम र अभिमुखिकरण | नदीजन्य पदार्थ उत्खनन् र सङ्कलनको समयमा, क्रसर निर्माण र सञ्चालनको अवधिमा | गाउँपालिका, जिप्रका, इलाका प्रहरी, वडा, क्रसर उद्योग र निर्माण व्यवसायी | थप जनशक्ति आवश्यक नपर्ने, ५ महिना **रू ६०,०००** | जिसस, जिप्रका, गाउँपालिका, इलाका प्रहरी, वडा र निर्माण व्यवसायी |

| विषयगत क्षेत्र | नकारात्मक प्रभावको न्यूनीकरणका क्रियाकलाप | केके गर्ने (कार्यक्रम) | कहाँ गर्ने | कसरी गर्ने | कहिले गर्ने | कस्ले गर्ने | अनुमानित जनशक्ति, बजेट, समय | अनुगमन तथा मूल्याङ्कन |
|---|---|---|---|---|---|---|---|---|
| **३) सामाजिक क्षेत्र** | १) शहरीकरण बढी खेतीयोग्य जमिनको खण्डीकरण तथा स्थानीय खाद्य सुरक्षामा असर पर्न सक्ने | व्यवस्थित शहरीकरणको योजना, उच्च गुणस्तरीय वीउविजन वितरण र सचेतना | रोहिणी नदी क्षेत्र रोहिणी गाँउ क्षेत्र | भू-उपयोग योजना निर्माण साथै व्यवस्थापन र अभिमुखिकरण | नदीजन्य पदार्थ उत्खनन् र सङ्कलनको समयमा नियमित | प्रदेश सरकार, गाउँपालिका र निर्माण व्यवसायी | थप जनशक्ति आवश्यक नपर्ने ८ महिना **रू ४०,०००** | जिल्ला अनुगमन समिति, गा.पा., वडा र नापि |
| | २) बालबालिका तथा महिलाको अबैध ओसारपसार र सोषण बढ्न सक्ने | मजबुत सुरक्षा व्यवस्था, प्रहरीसँगको समन्वयमा बालबालिका तथा महिलाको अबैध ओसारपसार र सोषण न्यूनीकरणको लागि | रोहिणी नदी क्षेत्र रोहिणी गाँउ क्षेत्र | सूचना प्रचारप्रसार, जनचेतना, तालिम र भ्रमण | नदीजन्य पदार्थ उत्खनन् र सङ्कलनको समयमा नियमित | र क्रसर व्यवसायी | ३ महिना, थप जनशक्ति आवश्यक नपर्ने **रू ३५,०००** | गाउँपालिका, वडा, इलाका प्रहरी, आमा समूह, संघसस्था र स्थानीय समुदमय |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | सचेतनामुलक | | | | | | |
| | ३) जोखिममा परेका बालबालिका, गर्भवति महिला, सुत्केरी आमा, किसोर किसोरीहरू | महिला स्वास्थ्य स्वयंसेविकाहरूको लागि तालिम, क्षयरोग नियन्त्रण तालिम, | रोहिणी नदीबाट प्रभावित क्षेत्र १ र २ नं. वडाका बासिन्दाहरू | तालिम, सौचालय निर्माण, पानी शुद्धिकरणका लागि प्रशिक्षण, विद्यालय भवन निर्माण र स्वास्थ्य चौकी व्यवस्थापन नियमित | सञ्चालनको क्रममा, कार्य योजना अनुसार | गाउँपालिका, वडा, निर्माण व्यवसायी, शिक्षा कार्यालय, विद्यालय | ५ महिना थप जनशक्ति आवश्यक नपर्ने **रू ६०,०००** | जिप्रका, इलाका प्रहरी, गाउँपालिका, विद्यालय, स्वास्थ्य |
| | ४) बढ्दो मानव जनसङ्ख्याका कारण रोहिणी नदीको पानिमा गुणस्तरमा सम्भावित परिवर्तन | नदी सरसफाई सम्बन्धमा तालिम, नदी जनचेतना, जल पर्यटनको सुरक्षा | रोहिणी नदीको उपल्लो तटीय र तल्लो तटीय बगर क्षेत्र, | रोहिणी नदीमा सरसफाइ साथै यान्त्रिक न्यूनीकरणका उपायहरू अवलम्बन, नियमित | क्रसर सञ्चालन चरणमा, सङ्कलन उत्खनन् कार्य गर्दा | गाउँपालिका र निर्माण व्यवसायी साथै पर्यटन, होटल व्यवसायी | थप जनशक्ति आवश्यक नपर्ने नियमित **रू ५०,०००**<br>**जम्मा रू ३,५५,०००/-** | गाउँपालिका, वडा, पर्यटन व्यवसायी, संघसस्था, स्थानीय बासिन्दा |

| विषयगत क्षेत्र | नकारात्मक प्रभावको न्यूनीकरणका क्रियाकलाप | के के गर्ने (कार्यक्रम) | कहाँ गर्ने | कसरी गर्ने | कहिले गर्ने | कस्ले गर्ने | अनुमानित जनशक्ति, बजेट, समय | अनुगमन तथा मूल्याङ्कन |
|---|---|---|---|---|---|---|---|---|
| **४) साँस्कृतिक क्षेत्र** | १) रोहिणी नदी क्षेत्रमा स्थानीय धार्मिक, सँस्कृति र रहनसहनमा असर पर्न सक्ने | स्थानीय सँस्कृती संरक्षण र सम्बर्धन, होमस्टे निर्माण तथा व्यवसाय | वडा नं. १ र २ रोहिणी नदी रोहिणी गाँउ क्षेत्र आसपास | गाउँपालिका मार्फत अवलोकन भ्रमण र होमस्टे र साँस्कृतिक प्रदर्शनी स्थल निर्माण तालिम | उत्खनन्, सङ्कलन समय, निर्माण पूर्व र सञ्चालनको चरणमा, | गाउँपालिका, वडा, संघसस्था, निर्माण र पर्यटन व्यवसायी | थप जनशक्ति आवश्यक नपर्ने गाउँपालिका मार्फत व्यवस्थापन गर्ने ५ महिना **रू १३०,०००** | प्रदेश, गाउँपालिका, वडा उपभोक्ता समिति, संघसस्था, पर्यटन व्यवसायी, |
| | २) मन्दिर, शिव मन्दिर, प्रभावित क्षेत्रका विद्यालयहरु | जनचेतना, अभिमुखिकरण, तालिम तटबन्ध र सरसफाइ | नदीको पश्चिम पट्टी रोहिणी गाँउ क्षेत्र | सूचना पार्टी, होडिङ्बोड, उपभोक्ता समिति र निर्माण व्यवसायी मार्फत, | नियमित गर्नुपर्ने साथै उत्खनन् र सङ्कलन गर्नु भन्दा पहिला, | गाउँपालिका, स्थानीय उपभोक्ता समिति, मन्दिर, विद्यालय व्यवस्थान समिति आदि | थप जनशक्ति आवश्यक नपर्ने ५ महिना **रू ४००,०००** | प्रदेश, गाउँपालिका, वडा उपभोक्ता समिति, निर्माण व्यवसायी, मन्दिर र विद्यालय व्यवस्थापन समिति |
| | | | | | | | **जम्मा रू ५३०,०००** | |

# अध्याय दस : वातावरणीय अनुगमन

## १०.१ वातावरणीय अनुगमन

वातावरणीय प्रभाव न्यूनीकरणका उपायहरूको प्रभावकारीतालाई सुनिश्चत गर्न अनुगमनका आवश्यकतालाई सिफारिस गर्न र वातावरणीय व्यवस्थापन योजनालाई कार्यान्वयन गर्नु रहेको छ । वातावरण संरक्षणका लागि प्रस्ताव गरिएका विषयहरूको कार्यान्वयन तथा पालना भए नभएका सम्बन्धमा र प्रभाव न्यूनीकरणका उपायहरू अवलम्बन गरिएको नगरिएको सम्बन्धमा अनुगमन गर्ने रहेको छ । वातावरण संरक्षण नियमावली २०७७, रोहिणी गाउँपालिकाको संक्षिप्त वातावरणीय अध्ययन तथा प्रारम्भिक वातावरणीय परीक्षण कार्यविधि २०७८ र राष्ट्रिय वातावरणीय प्रभाव मूल्याङ्कन निर्देशिका २०५० ले पनि वातावरणीय अनुगमनलाई अनिवार्य गरेको छ । सो कार्यका लागि प्रस्तावक नै जिम्मेवार रहने छ । वातावरणमैत्री क्रियाकलापहरूको कार्यान्वयनले मात्र वातावरणीय प्रतिकूल प्रभावहरूलाई न्यूनीकरण गर्न सकिन्छ । अनुगमन नियमित र कडाईका साथ भएन भने कार्यान्वयन पक्ष फितलो र अप्रभावकारी हुनेछ । त्यसैले प्रस्तावमा उल्लेखित न्यूनीकरणका उपायहरूको प्रभावकारी कार्यान्वयनका लागि प्रस्तावकले नियमित अनुगमन गर्नुपर्दछ ।

प्रस्ताव कार्यान्वयन गर्नुपूर्व र गर्दै गरेको समयमा र सम्पन्न भइसकेपछि वातावरणमा के कस्तो प्रभाव परेको छ, त्यसको बारेमा अनुगमन कार्य गर्नु जरूरी छ। यसको साथै प्रारम्भिक वातावरणीय परीक्षणले सिफारिस गरेको ठाउँमा, सिफारिस गरिएको परिमाणमा ढुङ्गा, मिस्कट र बालुवा निकाल्ने कार्य गरेको छ कि छैन, प्रभाव बढोत्तरीकरण वा न्यूनीकरणका उपाय अवलम्वन गरिएको छ कि छैन भन्ने विषयको जानकारी हुन जान्छ। प्रस्ताव कार्यान्वयनको विभिन्न अवस्थामा अनुगमन कार्यलाई तिब्रता दिनुपर्दछ। ढुङ्गा, मिस्कट र बालुवा सङ्कलन उत्खनन् र निकासीको अवस्थामा गरिने अनुगमन कार्यमा फरक-फरक सूचाङ्कहरू हुन्छन् जसलाई तल उल्लेख गरिएको छ।

## १०.२ सङ्कलन/उत्खननको समय

सङ्कलन/उत्खननको समयमा अनुगमन गर्दा निम्न सूचाङ्कहरूमा ध्यान दिइने छ :

१. (IEE) प्रतिवेदनले सिफारिस गरेको स्थान र परिमाणमा सङ्कलन वा उत्खनन् गरेको छ कि छैन,
२. रोहिणी नदीको प्राकृतिक वहाव र नदीमा परेको प्रभाव,
३. नदीको क्षयिकरणलाई न्यूनीकरण गर्ने वा जलउत्पन्न प्रकोपबाट प्रतिकूल प्रभावको न्यूनीकरणका उपाय,
४. वन वनस्पति, वन्यजन्तु र चराचुरूङ्गीहरूको वासस्थानमा हानी नोक्सान,

५. सार्वजनिक जमिन, निजी खेतवारी, सिचाई कुला र बाँध लगायत अन्य भौतिक पूर्वाधारहरूको अतिक्रमण वा क्षति,
६. रोहिणी नदीमा ढुङ्गा, मिस्कट र बालुवाको उपलब्धता/अवस्था,
७. प्रस्ताव कार्यान्वयन क्षेत्रमा बसोबास गर्ने बासिन्दाहरू, होटल तथा रिसोटहरूमा, व्यवसायी र कामदारहरूको स्वास्थ्यमा परेको प्रभाव र
८. वनस्पति तथा जीवजन्तुहरूको गैह्र कानूनी रूपमा प्रयोग गरेको छ कि छैन ।

## १०.३ निकासीको अवस्था

निकासीको समयमा वातावरणमा परेको र पर्न सक्ने प्रतिकूल प्रभावको अनुगमन गर्दा निम्न पक्षमा ध्यान पुऱ्याइने छ ।

१. निकासी मार्गको अवस्था,
२. ट्रक- टिपर वा अन्य ढुवानीका सवारी साधनहरूको आवतजावत वारम्बारता र तिनीहरूको किसिम,
३. प्रस्ताव कार्यान्वयन गर्दा सङ्लग्न जनशक्ति, तिनिहरूको क्रियाकलाप र सङ्ख्या,
४. वातावरणीय प्रदुषणको अवस्था,
५. वनस्पतिको अवस्था,
६. ध्वनी, धुलो, वायु र फोहोरमैलाको अवस्था र प्रभावित क्षेत्र र
७. ट्राफिक नियमको पालना ।

## १०.४ अनुगमन तथा मूल्याङ्कन सम्बन्धी व्यवस्था

प्रस्तावक गाउँपालिकाले वातावरणीय व्यवस्थापनका आवश्यक प्रक्रिया गरी प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदनमा पहिचान गरिएका न्यूनीकरणका उपायहरू अनुगमन गरिने छ । अनुगमन योजना नदीजन्य पदार्थ सङ्कलन, उत्खनन् कार्य सञ्चालन अवधिको लागि हुनेछ । वातावरणीय अनुगमन कार्यान्वयन, नदीजन्य पदार्थ सङ्कलन, उत्खनन् कार्य, सरोकार राख्ने संघसंस्थाको एकीकृत प्रयासबाट गरिने छ। प्रस्तावित नदीजन्य पदार्थ उत्खनन् कार्यको वातावरणीय अनुगमन संयन्त्र केन्द्र र प्रदेश सरकारले भने बमोजिम प्रस्तुत गरिएको छ। लुम्बिनी प्रदेशसरकारलेनदीजन्य पदार्थ व्यवस्थापन कार्यविधि २०७५ जारी गरेको छ ।

## १०.५ स्थानीय तह अनुगमन समिति

स्थानीय अनुगमन समिति (१) स्थानीय स्तरमा नदीजन्य पदार्थको उत्खनन्, सङ्कलन, भण्डारण, क्रसिङ् प्रसोधन र बिक्री वितरण कार्यको कार्यान्वयन, समन्वय, अनुगमन र नियमन, स्वीकृत मापदण्ड र कार्यविधिको पालना एवम् गुणस्तर सुनिश्चित गर्न स्थानीय तहले स्थानीय तहका प्रमुख/अध्यक्षको नेतृत्वमा अनुगमन समिति गठन गर्नेछ ।

(२) स्थानीय अनुगमन समितिको संरचना र कार्यविवरण स्थानीय तहको कार्यपालिकाले तोकेबमोजिम हुनेछ ।

| | |
|---|---|
| १) स्थानीय तहको प्रमुख | -संयोजक |
| २) सम्बन्धित स्थानीय तहको वातावरण समितिको अध्यक्ष | -सदस्य |
| ३) सम्बन्धित स्थानीय तहको प्राविधिक इन्जिनियर/सब इन्जिनियर | -सदस्य |
| ४) सम्बन्धित सव डिभिजन वन कार्यालयको प्रतिनिधि | -सदस्य |
| ५) सम्बन्धित वडाको वडा अध्यक्ष | -सदस्य |
| ६) सम्बन्धित प्रहरी कार्यालयको प्रमुख | -सदस्य |
| ७) सम्बन्धित स्थानीय तहको प्रमुख प्रसासकीय अधिकृत | - सदस्य सचिव |

**स्रोत : नदीजन्य पदार्थ व्यवस्थापन कार्यविधि २०७५, लुम्बिनी प्रदेश**

## १०.६ स्थानीय वडा अनुगमन समिति

प्रस्ताव कार्यान्वयन हुने वडामा वडा स्तरीय पनि एक अनुगमन संयन्त्र मार्फत अनुगमन गरेमा अनुगमन प्रभावकारी हुने तथा वातावरण संरक्षणमा टेवा पुऱ्याउन सहयोग हुनेछ । त्यसैले वडा स्तरीय अनुगमन समितिको ढाँचा निम्नानुसार प्रस्ताव गरिएको छ ।

| | |
|---|---|
| सम्बन्धित वडाको वडा अध्यक्ष | संयोजक |
| वडामा कार्यरत इन्जिनियर वा सव इन्जिनियर | सदस्य |
| वडा अध्यक्षले तोकेको वडाको वडा सदस्य १ जना | सदस्य |
| सम्बन्धित वडाको वडा सचिव | सदस्य सचिव |
| टोल विकास समितिको प्रमुख | सदस्य |

**स्रोत : परामर्श संस्थाका विज्ञ टोली २०८२**

**तालिका नं. २७ : क्रियाकलाप, प्रक्रिया र जिम्मेवार निकाय**

| क्र.सं. | क्रियाकलाप | प्रक्रिया | जिम्मेवार निकाय |
|---|---|---|---|
| १. | प्रस्तावको पूर्णरूपमा कार्यान्वयन गर्ने, (IEE) प्रतिवेदनका आधारमा ठेक्का लगाउने र (IEE), प्रतिवेदनको आधारमा सम्झौता पत्र तयार पार्ने, (IEE) प्रतिवेदनमा उल्लेख गरिए अनुसारको वातावरणीय, व्यवसथापन योजनालाई प्राथमिकताका साथ कार्यान्वयन गर्ने, | नदी र सङ्कलन क्षेत्रको स्थलगत अवलोकन, (IEE) प्रतिवेदन अध्ययन र पूनरावलोकन, सम्झौता पत्र अध्ययन, | जि.स.स., गाउँपालिका, जि.प्र.का. वडा, |
| २. | वातावरणीय अनुगमन, (IEE) प्रतिवेदन अध्ययन र स्विकृती | (IEE) प्रतिवेदन अध्ययन र स्विकृती | गाउँ कार्यपालिकाको कार्यालय |
| ३. | गाउँपालिकासगँको समन्वयमा रहेर प्रस्ताव कार्यान्वयन गर्न, सहयोग पुऱ्याउनु पर्ने, वातावरणीय अनुगमन, आवश्यकतानुसार गाउँपालिकालाई सल्लाह र सुझाव दिने, | स्थलगत अवलोकन, (IEE) प्रतिवेदनको अध्ययन, प्रतिवेदन तयारी, स्थानीयहरूसँग | जल उत्पन्न प्रकोप नियन्त्रण डिभिजन, भू-संरक्षण, डिभिजन वन |
| ४. | गाउँपालिकाले समन्वय गरी प्रस्ताव कार्यान्वयनमा सहयोग गर्ने, वातावरणीय अनुगमन | स्थलगत अवलोकन (IEE) प्रतिवेदन अध्ययन | भू-संरक्षण कार्यालय, गाउँपालिका, वडा |
| ५. | वातावरणीय अनुगमन, आवश्यकतानुसार गाउँपालिकालाई सल्लाह र सुझाव दिने, कालोपत्रे भत्केको, विग्रेको, खाल्डाखुल्डी परेको वा नाली विग्रेको | (IEE) प्रतिवेदनको अध्ययन स्थलगत अवलोकन छलफल/अर्न्तक्रिया | सडक डिभिजन कार्यालय, पूर्वाधार एवम् गाउँपालिका, वडा |

| | | | |
|---|---|---|---|
| ६. | (IEE) प्रतिवेदनमा उल्लेखित प्रभाव र प्रभाव न्यूनीकरणका उपायको प्रभावकारी कार्यान्वयनको लागि अनुगमन गर्ने,<br>सिफारिस गरिएका ठाउँ र आसपास क्षेत्रको वातावरणीय अवलोकन, | (IEE) प्रतिवेदनको अध्ययन<br>स्थलगत अवलोकन<br>छलफल/अर्न्तक्रिया | गाउँपालिका, निमार्ण व्यवसायी, वडा र क्रसर उद्योगी |
| ७. | (IEE) प्रतिवेदनमा उल्लेखित प्रभाव र प्रभाव न्यूनीकरणका उपायको प्रभावकारी कार्यान्वयनको लागि अनुगमन गर्ने,<br>सिफारिस गरिएका स्थलहरू र आसपास क्षेत्रको वातावरणीय अवलोकन, | (IEE) प्रतिवेदनको अध्ययन,<br>स्थलगत अवलोकन र<br>छलफल/अर्न्तक्रिया | जि.स.स., गाउँपालिका र वडा |
| ८. | (IEE) प्रतिवेदनले सिफारिस गरेको स्थानबाट मात्र ढुङ्गा, मिस्कट र बालुवा सङ्कलन उत्खनन् गर्ने,<br>प्रभाव बढोत्तरीकरणका उपायको पूर्णरूपले प्रभावकारी कार्यान्वयन गर्ने, | स्थलगत अध्ययन अवलोकन,<br>(IEE) प्रतिवेदन अध्ययन,<br>स्थानीय बासिन्दा तथा अन्य सरोकारवालाहरूसँग अर्न्तक्रिया | गाउँपालिका, वडा, विषयगत कार्यालय निर्माण व्यवसायी र क्रसर उद्योगी |
| ९. | प्रस्ताव कार्यान्वयन सर्न्दभमा अनुगमन र सुझाव दिने,<br>मापदण्ड अनुरूप उत्खनन् भए नभएको नियन्त्रण र व्यवस्थापनमा सक्रिय सहभागी हुने,<br>चोरी निकासी वा अनियन्त्रित ढङ्गबाट हुने क्रियाकलापलाई नियन्त्रण गर्ने, | स्थलगत अध्ययन/अवलोकन,<br>अन्तरक्रिया ,<br>अभिलेख राख्ने र<br>प्रतिवेदन तयारी | गाउँपालिका, वडा, क्रसर व्यवसायी र स्थानीय बासिन्दा |

तालिका नं. २८ : अनुगमन तथा वातावरणीय व्यवस्थापन योजना र समय तालिका

| अनुगनमको प्रकार | विषयवस्तु | सूचक | विधि | समय तालिका | कूल रकम रू. | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|
| (१) आधाररेखा अनुगमन | उत्खनन् क्षेत्र सीमा, उत्खनन् विधि, उत्खनन् क्षेत्रको प्रभाव र परिणाम | होडिङ्ग बोर्ड (IEE) प्रतिवेदनमा उल्लेखित विधि प्रयोग हुने औजार, नदीबाट उत्खनन् गर्न सिफारिस गरिएका स्थान, उत्खनन् कार्यमा सङ्लग्न श्रमिकको अवस्था, | स्थलगत अवलोकन, अर्न्तवार्ता, फोटा, प्रतिवेदन र प्रभावित बासिन्दासँग भेटबाट | प्रस्ताव कार्यान्वयनको अगाडी र पछाडी, वर्षादको समयमा प्रतिबर्ष २ पटक वा आवश्यकक्तानुसार | १५,००० | जिल्ला अनुगमन तथा जिल्ला समन्वय समिति/ गाउँपालिका, वडा र विषयगत कार्यालय |
| | भूक्ष्य, नदी किनारा कटान तथा भू-स्खलन | नदीले धार परिवर्तन गरेको स्थान, कटान भएको स्थान निरिक्षण र नियन्त्रण | स्थलगत अवलोकन, छलफल तथा अर्न्तक्रिया, बायोइन्जिनियरिङ् र कार्यान्वयन | महिनाको १ पटक वर्षमा ९ पटक | ३०,००० | गाउँपालिका, डि.व.का. र वडा कार्यालय |
| | वन, वनस्पति तथा जीवजन्तुहरूको आवतजावत तथा बासस्थान | रोहिणी नदीको जलाधार क्षेत्रभित्र पर्ने वनमा पाइने वनस्पति र वन्यजन्तुको संरक्षण | वृक्षारोपण, चोरीसिकारी नियन्त्रण र तारजाली व्यवस्थापन | वर्षमा कम्तिमा चार पटक | ६०,००० | गाउँपालिका, वडा कार्यालय/वन उपभोक्ता समूह |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| (२) **नियमपालना अनुगमन** | (IEE) प्रतिवेदनले सिफारिस गरेका पक्ष (प्रभाव बढोत्तरी वा न्यूनीकरणका उपाय) | (IEE) प्रतिवेदनले उल्लेख गरेका प्रभाव बढोत्तरी र न्यूनीकरण सम्वन्धी उपायको कार्यान्वयन | वातावरण व्यावस्थापन योजना कार्यान्वयन | प्रस्ताव कार्यान्वयनको क्रममा (बिचमा) तथा आवश्यक्तानुसार | १२,००० | गाउँपालिका, वडा, विषयगत कार्यालय, निर्माण व्यवसायी र क्रसर |
| | वातावरणीय पक्षलाई ध्यानमा दिएको छ कि छैन | भौतिक वातावरण र सामाजिक वातावरणमा प्रस्तावित कार्यले पार्ने सकारात्मक प्रभाव | (IEE) प्रतिवेदनको अध्ययन, छलफल/ अर्न्तक्रिया | प्रस्ताव कार्यान्वयनको क्रममा विचमा तथा आवश्यक्तानुसार | ५०,००० | जिल्ला अनुगमन तथा जिल्ला समन्वय समिति, गाउँपालिका, वडा र सव डिभिजन वन |
| | प्रस्ताव कार्यान्वयन गर्ने सन्दर्भमा अपनाएको विधि, काम गर्ने तौरतरिका र खेरजाने पदार्थ थुपार्ने | उत्खनन् विधिको अवलोकन,<br>प्रयोग भएका साधनहरूको अध्ययन,<br>उत्खनन् बाट उत्पादन भएका खेर जाने बस्तु को विसर्जन विधि | स्थलगत अध्ययन र आवलोकन | गाउँपालिकाबाट हरेक महिना तथा वडाबाट साप्ताहिक रूपमा | १३,००० | गाउँपालिका, वडा, स्थानीय बासिन्दा, निर्माण व्यवसायी र क्रसर उद्योगी |
| | प्रतिकूल प्रभाव न्यूनीकरणका उपायको कार्यान्वयन तथा | भौतिक वातावरणमा परेको प्रभाव र | स्थलगत अवलोकन, (IEE) प्रतिवेदन र | प्रस्ताव कार्यान्वयनको | ५,००० | जिल्ला अनुगमन तथा समन्वय |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | विस्तृत डिजाइन | सामाजिक तथा साँस्कृतिक वातावरणमा परेको प्रभाव | अध्ययन/पुनरावलोकन | शुरू, बिच वा अन्त्यमा वा आवश्यक्तानुसार | | समिति, गाउँपालिका, वडा |
| | नीजि तथा सार्वजनिक सम्पत्तीहरूको सुरक्षा, पूर्वाधार निर्माण, सुधार मर्मतको लागि छुट्याएको रकम | नीजि तथा सार्वजनिक सम्पतिको स्थिति पुल, पुलेसा र सडक आदिको अवस्था | स्थलगत अवलोकन, (IEE) प्रतिवेदन पुनरावलोकन प्रभाव अनुगमन र मापन | आवश्यक्तानुसार | ४,००० | जि.स.स., जिप्रका, गाउँपालिका र वडा |
| **(३) प्रभाव अवलोकन** | नदी किनारा, जमिनको भिरोलोपना स्खलनमा परेको प्रभाव | उत्खनन् स्थानको अवस्था, नदीको वाहव तथा सतहको स्थिति, नदीको किनारी भागको स्थिति, सार्वजनिक सम्पति र सामाजिक मूल्य मान्यताको स्थिति | स्थलगत अवलोकन, अध्ययन (IEE) प्रतिवेदन पुनरावलोकन र पृष्ठपोषण प्रदान प्रतिवेदन | मासिक वा आवश्यक्तानुसार | १०,००० | गाउँपालिका, डिभिजन वन, वडा |
| | हावापानी, धुलो र ध्वनी प्रदुषण | हावापानीको अवस्थामा देखिएको विचलन ध्वनी, वायु प्रदुषण | स्थानीयहरूको अवधारणा सङ्कलन ध्वनी र वायु | वर्षमा कम्तीमा दुई पटक (प्रस्ताव कार्यान्वयनको | ४०,००० | गाउँपालिका/स्थानीय समुदाय र विज्ञटोली |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | प्रदुषणको मापन | शुरूमा र अन्त्यमा) | | |
| | स्थानीय वन वनस्पति तथा वन्यजन्तु/चराचुरूङ्गीहरूको अवस्था र आवतजावत | वन र वनस्पति तथा जीवजन्तुहरूको अवस्था वन्यजन्तु जनावरको अवस्था र चिन्ह | स्थलगत/क्षेत्र अवलोकन वन उपभोक्ता समूहसँग अर्न्तक्रिया | वर्षमा कम्तीमा दुई पटक (प्रस्ताव कार्यान्वयनको शुरूमा र अन्त्यमा) | ३०,००० | गाउँपालिका र सा.व.उ.स., विज्ञ टोली |
| | जलचर | माछा, गङ्गटा र कछुवाका प्रजातीको अवस्था अन्य जलचरहरूको अवस्था | स्थलगत/क्षेत्र अवलोकन/ अध्ययन स्थानीय बासिन्दाहरूसँग अन्तरक्रिया | वर्षमा कम्तीमा दुई पटक (प्रस्ताव कार्यान्वयको अगाडी र पछी) | - | गाउँपालिका, वडा |
| | सामाजिक रूपमा नकारात्मक क्रियाकलाप | सामाजिक, साँस्कृतिक मान्यतामा आएको परिवर्तन युवा वर्गमा देखिएको व्यवहारगत स्थिती, धर्म-सँस्कृति, परम्परा र मूल्यमान्यताको अवस्था | स्थानीय बासिन्दाहरूसँग अर्न्तक्रिया स्थानीय प्रहरी वा सुरक्षा निकायसँग अर्न्तक्रिया र धार्मिक साँस्कृतिक मठमन्दिर | वर्षमा कम्तीमा दुई पटक (प्रस्ताव कार्यान्वयनको अगाडी पछाडी) वा आवश्यक्तानुसार | - | गाउँपालिका/वडा स्थानीय युवा क्लव, मठमन्दिर व्यवस्थापन समिति, उपभोक्ता समिति |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | समिति | | | |
| | स्वास्थ्य र सरसफाइ | सङ्क्रमीत रोगहरूको स्थिति<br>उपचारको अवस्था<br>जनस्वास्थको स्थिति | स्थानीय बासिन्दा र स्वास्थ्य कार्यकर्ताहरूसँग छलफल अर्न्तक्रिया | कम्तिमा वर्षको दुईपटक (प्रस्ताव कार्यान्वयनको अगाडी र पछाडी) वा आवश्यक्तानुसार | ३०,००० | गाउँपालिका/स्वास्थ्य कार्यालय, स्थानिय स्वास्थ्य संस्था र वडा |
| | पहुँच मार्ग | मौसमी मोटर चल्ने सडकको स्थिति<br>पुलपुलेसाको स्थिति | स्थलगत अवलोकन (IEE) प्रतिवेदनको पुनरावलोकन | कम्तीमा वर्षमा तिन पटक (प्रस्ताव कार्यान्वयनको | - | गाउँपालिका, वडा, निर्माण व्यवसायी र स्थानीय उपभोक्ता |
| | भू-उपयोग | भु-उपयोग (कृषि, वन, जल र बगर) क्षेत्रको स्थिति<br>कृषि प्रणाली, कृषि उपज र खेती गर्ने तरिका<br>बस्ती विकास बस्ती बिस्तार सार्वजनिक सम्पतिको संरक्षण, सम्बर्दन र परिचालन | अवलोकन, छलफल, साहित्य प्रतिवेदन | कम्तिमा वर्षको दुईपटक (प्रस्ताव कार्यान्वयनको अगाडी र पछाडी) वा आवश्यक्तानुसार | ३५,००० | गाउँपालिका, कृषि साखा,<br>डिभिजन वन कार्यालय,<br>भू-संरक्षण कार्यालय र वातावरण विज्ञ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | टिपर, ट्रक-ट्याक्टर तथा अन्य यातायातका साधनहरूको आवत जावत, निकासी लोड/अनलोड ट्राफिक नियम पालना तथा ट्रक-ट्याक्टरहरूको अवस्था | मालवाहक ढुवानीका साधनहरूको वहन क्षमता र सडकको स्थिति, सार्वजनिक सूचना सहितको होर्डिङ्गबोर्डको व्यवस्था, | अवलोकन सरोकारवालाहरूसँग अर्न्तक्रिया/छलफल सार्वजनिक सुनुवाई | कम्तीमा वर्षमा दुई पटक (प्रस्ताव कार्यान्वयनको अगाडी र पछाडी | ३०,००० | जिल्ला ट्राफिक प्रहरी कार्यालय, डिभिजन सडक कार्यालय, पूर्वाधार, र स्थानीय पत्रकार महासंघ |
| (४) **होडिङ्बोड तयारी ४ वटा** | सङ्कलन गर्ने ठाउँ, मात्रा, अबधि तथा समय आदीको सम्पूर्ण सूचना दिने होडिङ्ग बोर्ड निर्माण | उत्खनन् सङ्कलन गर्ने स्थान, ढुवानी गर्ने क्षेत्र | प्रिटिन्ङ् वा लेखाई वा सूचना सन्देशमूलक | उत्खनन् र सङ्कलन अवधि २ वर्ष | ६०,००० | गाउँपालिका, निर्माण व्यवसायी वा क्रसर |

# अध्याय एघार : निष्कर्ष

## ११.१ निष्कर्ष

प्रस्तावित कार्य लुम्बिनी प्रदेश अन्तर्गत पर्ने रुपन्देही जिल्लाको तराई मधेश क्षेत्रभित्र पर्दछ । रोहिणी नदी वातावरणीय दृष्टिकोणले संवेदनशील रहेको छ । यो नदी धार्मिक, साँस्कृतिक र ऐतिहासिक दृष्टिकोणले अति महत्त्वपूर्ण मानिन्छ । प्रस्ताव कार्यान्वयन गर्दा कानूनी सावधानी अपनाउनु आवश्यक छ । नदी मानव सभ्यताको अभिन्न अङ्गको रूपमा रहेको छ। विश्वका धेरै मानव सभ्यता नदी किनारमा विकसित भएको इतिहास छ। सिन्धु, गङ्गा, ब्रम्हपुत्र र सप्तगण्डकी यसका उदाहरण हुन्। नदीले हामीलाई दैनिक जीवनमा आवश्यक पर्ने पानी, खेतीपातीका लागि सिँचाई, निर्माण सामग्री, विजुली, पर्यटन, थुप्रै प्रकारका जलचर दिएको छ। जन्म देखि मृत्युसम्म हाम्रो सँस्कृति नदीसँग जोडिएको हुँदा यसको सदुपयोग वैज्ञानिक रूपमा गर्नुपर्दछ। तोकिएको ठाउँबाट तोकिएको परिमाणमा ढुङ्गा, मिस्कट र बालुवा सङ्कलन/उत्खनन् कार्यले जलउत्पन्न प्रकोप-न्यूनीकरणमा सहयोग पुग्दछ । नारायण नदीमा थुप्रिएर रहेको नदीजन्य पदार्थलाई सही रूपमा उपयोग गरेमा भौतिक र जैविक वातावरणमा सकारात्मक प्रभाव पर्ने देखिन्छ। सिफारिस गरिएको रोहिणी गाउँपालिका १ र २ नं. वडा भएर बग्ने रोहिणी नदीको बगरक्षेत्रमा खेतीयोग्य जमिन, सिचाई कुला र बाँधहरू नभएकोले वातावरणमा प्रतिकुल प्रभाव पर्ने देखिदैन । प्रस्तावित क्षेत्र आसपासका बस्तीहरू, बाँध, स्थानीय सडक, विद्यालय, स्थानीय बस्तीमार ब्यसायमा भने केही प्रभाव पर्ने देखिन्छ । त्यस्ता प्रभावहरू अल्पकालीन र स्थानीय स्तरका रहेका छन् । प्रतिवेदनमा सिफारिस गरिएका न्यूनीकरणका उपायहरू अवलम्बन गरेमा प्रस्ताव कार्यान्वयन गर्दा प्रभावकारी हुनेछ ।

प्रस्तावको प्रभावकारी कार्यान्वयनको लागि जिल्ला समन्वय समिति, गाउँपालिका, वडा, निर्माण, क्रसर व्यवसायी र स्थानीय बासिन्दाहरूको अनुगमन महत्त्वपूर्ण हुनेछ । प्रस्ताव कार्यन्वयन गर्ने क्रममा कँहाबाट, कति परिमाणमा, कुन समयमा, कति अवधि सम्म, कस्ता औजारहरूको माध्यमबाट ढुङ्गा, मिस्कट र बालुवा सङ्कलन तथा उत्खनन् गर्ने हो सोको विबरण सहितको होडिङ्बोर्ड राख्नुपर्दछ । नदी कटान रोकथाम, कृषियोग्य भूमि संरक्षण, जलाधार क्षेत्रको विनाश जस्ता पर्यावरणीय समस्याहरूलाई नियन्त्रण गरी स्थानीय तथा राष्ट्रिय अर्थतन्त्रमा सकारात्मक योगदान पु्‍याउदछ । पहिचान वा आँकलन गर्न नसकिएका तर प्रस्ताव कार्यान्वयनको क्रममा देखा पर्न सक्ने सम्भावित वातावरणीय प्रभावहरूलाई गाउँपालिकाले समयमा हटाउने वा घटाउने कार्य समेत गरिनेछ । प्रस्तावलाई वातावरणमैत्री रूपमा कार्यान्वयन गरिनेछ ।

प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदनले उल्लेख गरे बमोजिमको वातावरणीय व्यवस्थापन योजना कार्यान्वयन गरीनेछ । सकारात्मक प्रभाव अभिवृद्धि गर्ने र नकारात्मक प्रभावहरू न्यूनीकरणर, निराकरण गर्ने, सुझावका उपायहरू पलना गर्ने, प्रस्तावित अनुगमन, स्वअनुगमन र वातावरणीय परीक्षण नियमित रूपमा गरीनेछ । यस प्रतिवेदनमा उल्लेख भएका प्राप्त रायसुझावहरूलाई पालना गरीनेछ । रोहिणी नदीको प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन गाउँ कार्यपालिकावाट स्वीकृति भई कार्यान्वयन गरिनेछ ।

## ११.२ नदीजन्य पदार्थ व्यवस्थापनको लागि तपशीलका बुँदाहरू कार्यान्वयन गरिनेछ ।

रोहिणी नदीबाट ढुङ्गा, मिस्कट र बालुवाको अनियन्त्रित उत्खनन्/सङ्कलन, दोहन र मेसिनको प्रयोग गरिएमा प्रस्तावित क्षेत्रमा रहेको बाँध,स्थानिय बस्तीहरू, नदी तटीय क्षेत्रमा पर्ने वन, बस्ती, साना बजार र खेतियोग्य जमिनमा समेत वातावरणीय दृष्टिले अत्यन्त जोखिममा रहेने देखिन्छ ।

१. ढुङ्गा, मिस्कट र बालुवा सङ्कलन तथा उत्खनन् गर्दा नदीको हालको पिँधलाई न्यूनतम आधार मानेर त्यस सतह भन्दा माथि दायाँबायाँ थुप्रिएको ढुङ्गा, मिस्कट र बालुवा मात्र झिक्नु पर्दछ ।

२. नदीको हालको बहाव बिन्दुबाट ५ मि. दायाँ र ५ मि. बायाँ तर्फको भू-भाग छाडि बगरक्षेत्रको ७० प्रतिशत भू-भागबाट मात्र सङ्कलन/उत्खनन् गरिने छ ।

३. वार्षिक रूपमा ठेक्का लगाई नदीजन्य पदार्थलाई बिक्रीवितरण गरिने छ । आवश्यकक्तानुसार निश्चित स्थानमा घाटगदी गरिने छ ।

४. नदीको प्राकृतिक बहावलाई असर पर्ने गरी डाइभर्सन र चेकड्याम बनाइने छैन् ।

५. नदी बहावका लागि आवश्यक पर्ने नदीको ग्राडियन्ट (पानी बग्न चाहिने भिरालो) असर नपुग्ने गरी कार्यान्वयन गरिने छ ।

६. सङ्कलन/उत्खनन् कार्य विधिसम्मत रूपमा भए नभएको जिसस, गाउँपालिका र वडाले नियमित रूपमा अनुगमन गरिने छ ।

७. रोहिणी गाउँपालिका १ र २ नं. वडा भएर बग्ने रोहिणी नदीको विभिन्न वगर खण्डसम्मको भू-भागमा चेकड्याम बनाउन सम्भाव्यता अध्ययन गरिने छ ।

८. (IEE) प्रतिवेदनको वार्षिक पुनरावलोकन वा परिमाणको पून मूल्याङ्कन असौजको पहिलो हप्ता भित्र कार्यान्वयन गरिने छ ।

९. केन्द्र तथा प्रदेश सरकारद्वारा जारी नीति तथा निर्देशिका कडाइका साथ कार्यान्वयन गरिने छ ।

## ११.३ रोहिणी नदी संरक्षणका लागि समाधान र सुझाव

१. प्राकृतिक, धार्मिक-साँस्कृतिक हिसावले अत्यन्तै महत्त्व रहेको हुँदा उक्त नदीको संरक्षण गर्नुपर्ने ।

२. रोहिणी नदी प्रणाली क्षेत्रमा नदी संरक्षणका लागि स्थानीय स्तरमा गठन भएका समूह, समिति, क्लब, विद्यालय तथा अन्य संघसंस्थाहरू परिचालन गर्नुपर्ने ।

३. नदीको दुवै किनारी भागमा भौगर्भिक, पर्यावरण र वातावरणीय अवस्थामा पर्ने प्रतिकूल असरलाई वृक्षारोपण, जलाधार संरक्षण तथा पूर्वाधार निर्माण र मर्मत सम्बन्धी कार्यक्रम सञ्चालन गर्ने ।

४. स्थानीय बासिन्दाहरूको आयआर्जन, सचेतना अभिवृद्धि र अभिमुखिकरण कार्यक्रम सञ्चालन गर्ने ।

## ११.४ प्रस्ताव कार्यान्वयनका सुझाव स्थानीय तहमा

१. नदीजन्य पदार्थ सङ्कलन/उत्खनन्, प्रसोधन, विक्रीवितरण र बजारीकरणका लागि कार्यविधि तयार गरी कार्यान्वयन गर्ने ।

२. नदीको क्षेत्राधिकार निर्धारण गर्ने ।

३. प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदनले उल्लेख गरे अनुसार वातावरणीय व्यवस्थापन योजना कार्यान्वयन गरी सङ्कलन/उत्खनन् कार्यलाई व्यवस्थित गर्ने ।

४. प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदनले उल्लेख गरेको कूल राजश्वको कम्तिमा १० प्रतिशत रकम नदी संरक्षण तथा क्षतिपूर्तिमा खर्च गर्ने प्रणालीको सुनिश्चिता गर्ने ।

५. सङ्कलित राजश्वको कूल रकम मध्ये १० प्रतिशत सम्म सम्बन्धित स्थानीय वडा वा क्षेत्रको विकास निर्माण कार्यमा खर्च गर्ने व्यवस्था मिलाउने ।

६. नदीको एकापट्टीबाट मात्र सङ्कलन/उत्खनन् गर्ने प्रचलनको नियन्त्रण गरी नदीको दुवै किनाराबाट कार्यान्वयन गरी प्राकृतिक वहाव कायम गर्ने ।

७. सङ्कलन/उत्खनन्, उत्पादन, प्रसोधन, निकासी र उपयोग प्रक्रियामा प्राविधिक तथा वातावरणीय सिद्धान्त अनुरूप तोकिएको प्रविधि र वातावरणीय व्यवस्थापन योजना (EMP) पूर्णरूपमा कार्यान्वयन गर्ने ।

## सन्दर्भसूची


उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय (२०७५), देउखुरी : नदीजन्य पदार्थ व्यवस्थापन कार्यविधि, लुम्बिनी प्रदेश ।

कानून किताव व्यवस्था समिति (२०७२), नेपालको सविंधान २०७२, काठमाडौं : नेपाल सरकार कानून, न्याय, सविंधानसभा तथा संसदीय मामिला मन्त्रालय ।

कानून किताव व्यवस्था समिति, (२०७४). स्थानीय सरकार सञ्चालन ऐन २०७४, काठमाडौ : नेपाल सरकार कानून, न्याय, सविंधानसभा तथा संसदीय मामिला मन्त्रालय ।

कानून किताव व्यवस्थापन समिति, (२०७९). वन, राष्ट्रिय निकुञ्ज भू-संरक्षण, वातावरण तथा सङ्कटापन्न वन्यजन्तु सम्बन्धी ऐन तथा नियमावलीको सङ्ग्रह, काठमाडौं ।

केन्द्रीय तथ्याङ्क विभाग, (२०७८). काठमाडौं : राष्ट्रिय जनगणना, काठमाडौं ।

गाउँपालिका (२०७९). रोहिणी गाउँपालिका भएर बग्ने रोहिणी नदीको विभिन्न वगर बिचको खण्डबाट नदीजन्य पदार्थ (ढुङ्गा, मिस्कट तथा बालुवा), सङ्कलन तथा उत्खनन्को प्रारम्भिक वातावरणीय परीक्षण अध्ययन (IEE) का लागि तयार पारिएको कार्यसूची ।

नलगाड हाइड्रोपावर कम्पनी लि. (२०८०), वातावरणीय प्रभाव मूल्याङ्कन (EIA) प्रतिवेदन, काठमाडौं ।

राष्ट्रिय योजना आयोगको सचिवालय, काठमाडौं : (२०५०), राष्ट्रिय वातावरणीय प्रभाव मूल्याङ्कन निर्देशिका, सङ्ख्या ५, खण्ड ४३, भाग ४, श्री ५ को सरकार काठमाडौं ।

राष्ट्रपति चुरे–तराई मधेश संरक्षण विकास समिति (२०७२), चुरे क्षेत्रमा विकास निर्माणका लागि वातावरणीय संरक्षणका मापदण्डहरू, खुमलटार, ललितपुरः राष्ट्रपति चुरे–तराई मधेश संरक्षण विकास समिति ।

सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय (२०७०), वातावरण परीक्षण, स्रोत पुस्तक; सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय, काठमाडौ ।

Asthana, D.K. & Asthana M. (2005). Environment : Problems and Solutions. New Delhi

# अनुसूचीहरु

## अनुसूची १ : परीक्षण सूची/जाँचसूची एवम् प्रश्नावली

### प्रारम्भिक वातावरणीय परीक्षण अध्ययनका लागि आवश्यकचेकलिष्ट/प्रश्नावली

प्रदेश : जिल्लाः नगरपालिका/गाउँपालिकाः

नदी तथा खोलाको नाम : अध्ययन मिति :

सूचनाकर्ताको नाम : सूचनादाताको नाम :

वडा नं. ........ टोल

- वन क्षेत्रको विवरण चार किल्ला :
- प्रस्ताव कार्यान्वयन गर्दा वातावरणमा पर्ने खास प्रभाव :
- सामाजिक-आर्थिक अवस्था : उद्योग/कलकारखाना :
- रोजगारी/पेसा/व्यवसायः
- साँस्कृतिक : धार्मिक सथल : खुलास्थलः
- भाषा : स्थानीय भाषा र बोल्ने समुदाय
- मातृभाषा बोल्ने समुदाय : भौतिक/सामुदायिक पूर्वाधार :

  यातायात पूर्वाधार : इन्टरनेट सेवा
- बजार :
- सिँचाइ :
- घरधुरी संख्याः रासायनिक अवस्था : जैविक अवस्था :
- महिला/पुरुष घरधुरी सङ्ख्या :
- कृषि : मुख्य वाली पशुपालन :
- भौगोलिक क्षेत्र :
- जलवायु : वर्षा तापक्रम आद्रता
- भू-गर्भ : चट्टान र माटोको किसिम :

- भूगर्भीय बनौट/संरचन

  आवादी क्षेत्र : टोल विकास समिति :
- खानेपानीका मुहानको अवस्था नाम :
- बन्यजन्तु : जङ्गलको किसिम :
- चराचुरुङ्गी : सरीसृप :
- जलचर प्रजाति विचरणको अवस्था, बासस्थनको अवस्था :
- माछा जलचर :
- विद्यालयको नाम : किसिम र सङख्या साक्षरता दर शैक्षिक स्तर
- सामुदायिक वनको नाम /सङ्ख्या
- वनस्पति :
- स्थानीय नदी तथा खोला :
- सडक नाम :
- मुख्य सडक : पक्की/ग्राभेल/कच्ची
- अस्पताल बाट गाउँपालिका जान लाग्ने समय/ किमि :
- सरकारी कार्यालय :
- संघसंस्था/क्लव/सहकारी/ बैंक: आमा समूह/कृषि समूह
- फोहोरमैलाको अवस्था : स्वास्थ्य र सरसफाइ : ढल निकासको अवस्था :
- सामूहिक छलफल : मुख्य जानकार व्यक्तिसँग अन्तर्वार्ता : सरोकारवालासँग छलफल :

  सूचना प्रश्नावली तथा चेकलिस्ट भरिएको/लिएको मिति :

  स्थान : हस्ताक्षर :

## अनुसुची २ : रायसुझावका लागि पत्रिकामा प्रकाशित सार्वजनिक सूचना

## अनुसूची ३ : वडाबाट प्राप्त सिफारिसपत्र साथै मुचुल्का

# अनुसूची ४ :  स्वीकृत कार्यसूची

# अनुसूची ५ : अध्ययन् क्षेत्रका फोटा

## कुस्मीघाट, वैरीहवा एक र वैरीहवा दुइ बगर क्षेत्र






























# अनुसूची ६ : अध्ययनको क्रममा सार्वजनिक सुनुवाई



सार्वजनिक सुनुवाई

आज मिति २०८२/१०/१[illegible] का दिन रुपन्देही जिल्ला रोहिणी गाउँपालिका अन्तर्गत पर्ने १ र २ नं. वडा क्षेत्र भित्रको रोहिणी नदीको निकिन्न बगर खण्डबाट नदीजन्य पदार्थ सङ्कलन तथा उत्खनन कार्यका लागि तयार गरिएको प्रारम्भिक वातावरणीय परीक्षण IEE अध्ययन प्रतिवेदन तयारीको सन्दर्भमा वातावरण संरक्षण नियमावली २०७७ को नियम ६ बमोजिम रोहिणी गा.पा. को १ र २ नं. वडाको संयुक्त कार्यक्रम १ नं. वडाको वडा कार्यालयमा १ नं. वडाका वडा अध्यक्ष श्री आबिद अलि पठानको अध्यक्षतामा सम्पन्न भएको छ।

उपस्थित

| क्र.सं. | नामथर | ठेगाना | हस्ताक्षर |
|---|---|---|---|
| १ | आबिद अलि पठान | १ नं. वडा अध्यक्ष | |
| २ | [illegible] | जानकी बहुमुखी SGCVSR | प्रतीती |
| ३ | सावित्रा अर्याल | श्री कगहा मा.वि. कगहा | |
| ४ | फूला कहार | वडा सदस्य रोहिणी-१ | फू मा |
| ५ | जानकीदेवी हरिजन | वडा सदस्य रोहिणी - १ | जानकी |
| ६ | पवित्री हरिजन | महिला स्वास्थ्य स्वयंसेविका | पवित्री |
| ७ | [illegible] प्रसाद पन्थ | [illegible] स्वास्थ्य चौकी | |
| ८ | राज कुमार मिश्र | वडा सचिव १-१ | |
| ९ | मो. आदिन [illegible] | वडा सदस्य १ | |
| १० | रिजवान [illegible] | " " | रिजवान |
| ११ | [illegible] | | |
| १२ | [illegible] | | |
| १३ | [illegible] | | |
| १४ | प्रदिप [illegible] | | |
| १५ | रमा [illegible] | | |
| १६ | [illegible] नगरि | | |
| १७ | राजु [illegible] | | |
| १८ | दिल बहादुर | | |
| १९ | [illegible] पौडेल | कार्यकारी [illegible] | |
| २० | एलिना पौडेल | [illegible] | |

## अनुसूची ७ : होर्डिङ्बोर्डको नमूना

रोहिणी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यलय
रुपन्देही
लुम्बिनी प्रदेश, नेपाल

| | |
|---|---|
| ढुङ्गा, मिस्कट र वालुवा निकाल्न इजाजत दिएको चार किल्ला : | .................... जिल्ला ................ वडा नं. ............. नदी पूर्वमा ............................... पश्चिममा ....................... उत्तरमा ........................ दक्षिणमा ............................... |
| उत्खनन् स्थलको चार किल्ला विवरण : | |
| ठेक्का सम्झौता रकम : | वार्षिक रु. ........................... |
| ठेकेदारको नाम : | |
| सम्झौता अवधि : | मिति ................... देखि ......................सम्म |
| उत्खनन्/सङ्कलन इजाजत परिणाम : | ................घनमिटर प्रतिदिन ......................<br>घनमिटर प्रतिवर्ष ट्रक संख्या प्रतिदिन ............. |
| उत्खनन् बन्द गरिने महिना : | ................... महिनादेखि ........................ महिनासम्म |
| उत्खनन् गरिने समय : | बिहान ........बजे देखि बेलुकी............... बजेसम्म |
| उत्खनन्/सङ्कलन विधि : | |
| उत्खनन्/सङ्कलन् कार्यमा प्रयोग हुने सामाग्री वा मेसिनरी: | |

# अनुसूची ८ अनुगमनको ढाँचा

१. जिल्ला :

२. अनुगमन गरिएको  गाउँपालिका :

३. अनुगमन गरिएका क्षेत्रहरु (खोला/नदी) :

४. अनुगमन गरिएको मिति :

५. अनुगमनको पृष्ठभूमि :

६. अनुगमन प्रकृया  :

अनुगमन गर्दा आवश्यकता अनुसार देहायका सवै वा कुनै तरिकाहरु अवलम्बन गर्नुपर्नेछ ।

- स्थलगत निरीक्षण, अध्ययन र अवलोकन ।
- सम्बन्धित अभिलेखको अध्ययन र विश्लेषण ।
- स्थानीय तहका राजनैतिक दलका पदाधिकारी तथा स्थानीय तह सञ्चालनको राजनैतिक संयन्त्रका प्रतिनिधिहरुसंग छलफल ।
- सम्बन्धित उपभोक्ता, सेवाग्राही, कर्मचारी तथा अन्य सरोकारवालाहरुसंग भेटघाट र छलफल ।
- आवश्यकता अनुसार योजनाको प्राविधिक पक्षको अध्ययन ।
- सेवाग्राहीहरुको सम्बन्धित निकाय प्रतिको धारणा सङ्कलन ।
- अनुगमनको शिलशिलामा उपयुक्त देखिएका अन्य तरिकाहरु ।

**७. प्रतिवेदन प्रणाली र पृष्ठपोषण**

अनुगमन टोलीले अनुगमन कार्य सम्पन्न भएपछि प्रतिवेदन पेश गर्ने प्रकृया देहाय वमोजिम हुनेछ :

- अनुगमन टोलीले यसैसाथ सङ्लग्न ढाँचामा प्रतिवेदन जिसस, प्रमुख जिल्ला अधिकारी, जिल्ला अनुगमन तथा समन्वय समिति समक्ष पेश गरिनेछ ।

- प्राप्त प्रतिवेदनलाई जिल्लास्तरीय अनुगमन तथा समन्वय समितिमा छलफल गरी आवश्यक निर्णय लिई जिसिसमा शिफारिस गर्न सक्ने छ ।
- अनुगमन प्रतिवेदनमा देखिएको यथार्थ विवरण र गर्नुपर्ने कार्यको विवरण उल्लेख गरी निष्कर्श सहितको सुझाव पेश गरिने छ ।

**८. अनुगमन गर्ने पदाधिकारी तथा सहभागीहरु :**

१.

२.

३.

४.

५.

६.

७.

**९.अनुगमन गर्दा देखिएको यथार्थ विवरण**

| सि.नं. | मिति | अनुगमन गरिएको उत्खनन् क्षेत्र | देखिएको यथार्थ अवस्था | सिफारिस/सुझाव |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |

# अनुसूची ९ : मेसिन प्रयोग कार्ययोजना (नमूना)
## रोहिणी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
## रुपन्देही लुम्बिनी प्रदेश

## १. पृष्ठभूमि :

प्रारम्भिक वातावरणीय परीक्षणको प्रतिवेदन रोहिणी गाउँपालिका १ र २ नं. वडा भएर बग्ने रोहिणी नदीको बगरक्षेत्र बाट ढुङ्गा, मिस्कट र बालुवा (नदीजन्य पदार्थ) लाई सुरक्षित तवरले सङ्कलन, उत्खनन् कार्यका लागि तयार गरिएको मेशिन प्रयोग कार्ययोजना अनुसार गरिने छ ।

## २. मेसिन प्रयोग गरिने सङ्कलन, उत्खनन् कार्ययोजना

### २.१ उद्देश्य :

प्राकृतिक प्रकोपको न्यूनीकरण गरी नदीको बहावलाई कायम गर्न सहयोग गर्ने ।

### २.२ प्रस्तावित स्थान :

चार किल्ला खुलेको, नदी, स्थान अक्षांस/देसान्तर/उचाई

### २.३ प्रस्तावित स्थानको अवस्थिति :

प्रस्तावित स्थान विशेषको अक्षांस/देसान्तर/उचाई/लम्वाई र चौडाई वरपरको रहेको बस्तीको समुन्द्र सतहदेखिको उचाई प्रस्तावित सङ्कलन तथा उत्खनन् स्थलको समुन्द्री सतहदेखिको उचाई प्रस्तावित क्षेत्र वरपरको भौतिक, जैविक विविधता, सामाजिक आर्थिक र साँस्कृतिक सम्बन्धी जानकारी ।

## ३. विकल्पको विश्लेषण :

१. मेसिन प्रयोग गरी सङ्कलन, उत्खनन् गर्दा भौतिक, जैविक, सामाजिक, आर्थिक र साँस्कृतिक रूपमा पर्ने असरहरू,
२. मेसिन प्रयोग गर्दा हुने सामाजिक तथा आर्थिक वातावरणीय प्रभाव र असरहरू,
३. मेसिन प्रयोग गरी सङ्कलन, उत्खनन् गर्दाका फाइदाहरू,
४. मेशिन प्रयोग गरी सङ्कलन, उत्खनन् गर्ने समयावधि, दिन सङ्ख्या र कूल परिमाण
५. मेसिन प्रयोग गर्ने गर्दा सो मेसिनको स्पेसिफिकेशन (विवरण) : मेसिनको सङ्ख्या, मेशिनको क्षमता, बकेटको साइज आदि ।

## ४. मेसिन प्रयोग योजना

| विबरण | |
|---|---|
| मेसिन उपकरणको किसिम | मझौला २२० पावरको एक्साभेटर |
| प्रयोग हुने जेसिबी/स्काभेटरको सङ्ख्या | एउटा खण्डमा एउटा सम्म एक्साभेटर |
| प्रयोग गर्ने प्रस्तावित क्षेत्र/स्थान/वडा/टोल र बगर | रोहिणी गाउँपालिकाको वडा नं. १ र २ मा पर्ने रोहिणी नदीको प्रस्तावित बगर क्षेत्र |
| प्रयोग गर्ने कारण | बाढी तथा जल उत्पन्न प्रकोपको खतरा देखिएका |
| मेसिन प्रयोग गर्न सकिने क्षेत्रफल | |
| प्रयोग गर्ने समय | सुर्योदय देखि सुर्यअस्त सम्म |
| प्रयोग गर्ने महिना | गाउँ कार्यपालिकाको निर्णय अनुसार |
| विधि र प्रकृया | १. गाउँपालिकाको प्राविधिक, वडा र स्थानीय वासिन्दाहरुको प्रत्यक्ष निगरानीमा मेशिनको प्रयोग गर्नुपर्ने स्थानको (IEE) प्रतिवेदन वा गाउँ कार्यापालिकाको निर्णय अनुसार अनुगमन/सीमाङ्कन गरिने छ ।<br>२. प्रस्तावित क्षेत्रमा मेसिनको प्रयोग गर्ने स्थान, समय, अवधि, परिमाण तथा लम्वाई, चौडाई र गहिराई समेतको जानकारी दिने होडिङ्बोर्ड राखिने छ ।<br>३. सङ्कलन, उत्खनन् गहिराईको एकीन गर्नको लागि मेशिन प्रयोग गर्ने स्थानको विभिन्न ठाउँमा सिफारिस गहिराईका स-साना पोलहरु आवश्यकतानुसाको सङ्ख्यामा राखिने छ ।<br>४. मेसिनको प्रयोग सम्बन्धी चालक तथा सहयोगीहरुलाई अभिमुखिकरण कार्यक्रम गरिने छ ।<br>५. एक्साभेटरनदीको बहावलाई असर नगर्ने गरी वातावरणमैत्री रुपमा प्रयोग गरिने छ । |
| अधिकतम गहिराई, लम्बाई र चौडाई | प्रस्तावित बगरमा जम्मा भएको नदीजन्य सामग्रीको परिमाण अनुसार साथै (IEE) प्रतिवेदनमा उल्लेख भए बमोजिम |
| मेसिनरी उपकरणको प्रयोगबाट सुरक्षित रुपमा निकाल्न मिल्ने अधिकतम परिमाण | IEE प्रतिवेदनले सिफारिस गरेको परिमाणमा नबढने गरि गाउँ कार्यपालिकाको निर्णय अनुसार नदीको माथिल्लो सतहमा थुप्रिएर रहेको कडा भाग यस प्रक्रियाबाट निकाल्नु पर्दछ । |

| | |
|---|---|
| सङ्कलन/उत्खनन् गर्ने स्थान | प्रस्तावित बगर क्षेत्र : रोहिणी गाउँपालिका १ र २ नं. वडा भएर बग्ने रोहिणी नदीको बगरक्षेत्र |
| मुख्य वस्ती देखि मेशिन उपकरण प्रयोग गर्ने क्षेत्र सम्मको औषत दुरी | अनुमानित ५०० मि. |
| स्थानीय रोड देखि मेसिन उपकरण प्रयोग गर्ने क्षेत्र सम्म औषत दुरी | अनुमानित ५०० मि. |
| अन्य संवेदनशील क्षेत्र भए | |

**सुझाव :** गाउँकार्यपालिकाको निर्णय अनुसार गरिने छ।

**पद : प्रमुख प्रसासकीय अधिकृत**
**रोहिणी गाउँपालिका**
**हस्ताक्षर :**